# लिखु पिके गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना
(आर्थिक वर्ष २०८१/८२-२०८३/८४)

## अन्तिम प्रतिवेदन

# विषयसूची


**परिच्छेद-१: परिचय** १

१.१ पृष्ठभूमि १

१.२ अवधारणा तथा उद्देश्य १

१.३ कानूनी तथा संस्थागत व्यवस्था २

१.४ तर्जुमा प्रक्रिया ४

**परिच्छेद - २: मध्यमकालीन खर्च संरचना** ५

२.१ पृष्ठभूमि ५

२.२ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट १०

**परिच्छेद - ३: आर्थिक क्षेत्र** १६

३.१ भूमि व्यवस्थापन (भू-उपयोग) १८

३.२ कृषि तथा पशुपन्छी २०

३.३ सहकारी २४

३.४ पर्यटन २६

३.५ उद्योग, व्यापार व्यावसाय तथा आपूर्ति २९

३.६ बैङ्क, वित्तीय तथा सहकारी क्षेत्र ३१

३.७ गरीबी निवारण ३२

**परिच्छेद - ४: सामाजिक क्षेत्र** ४१

४.१ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ४१

४.२ स्वास्थ्य तथा पोषण ४४

४.३ पर्यटन, संस्कृति तथा सम्पदा ४६

४.४ लैङ्गिक समानता, तथा सामाजिक समावेशीकरण ४९

४.५ बालबालिका ५१

४.६ युवा तथा खेलकुद ५४

४.८ श्रम रोजगार र सामाजिक सुरक्षा ५६

४.९ शान्ति सुरक्षा ५८

४.१० शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन ६०

**परिच्छेद - ५: पूर्वाधार विकास** ६९

५.१ खानेपानी तथा सरसफाई ६९

५.२ सिंचाई ७०

५.३ ऊर्जा ७२

५.४ सडक, पुल तथा यातायात ७४

५.५ आवास, भवन, बस्ती तथा सार्वजनिक निर्माण ७६

५.६ सूचना, सञ्चार तथा प्रविधि ७८

**परिच्छेद - ६: वन, वातावरण तथा विपद् व्यवस्थापन ८२**

६.१ वन तथा जैविक विविधता ८२

६.२ जलाधार व्यवस्थापन ८४

६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन ८६

६.४ वातावरण संरक्षण ८८

**परिच्छेद-७ : संस्थागत विकास सेवा प्रवाह तथा सुशासन ९३**

७.१ सुशासन तथा सेवा प्रवाह ९३

७.२ मानव अधिकार तथा सामाजिक न्याय ९५

७.३ तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन ९६

# तालिम सूची


**तालिका नं. १:** मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य ६

**तालिका नं. २:** गाउँपालिकाको समष्टिगत परिमाणात्मक लक्ष्य र गन्तव्य ७

**तालिका नं. ३:** त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण ९

**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण ११

**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १२

**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १३

**तालिका नं. ७:** लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १४

**तालिका नं. ८:** जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण १५

# परिच्छेद - १: परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना सार्वजनिक खर्च व्यवस्थापनको महत्वपूर्ण औजार हो । मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबीच तादात्म्यता कायम गराउने हुँदा यसलाई योजना र बजेटबीचको सेतुको रुपमा समेत परिभाषित गरिन्छ। यसले प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनामा स्रोत विनियोजनको सुनिश्चितता गर्दछ। यसले कार्यान्वयन इकाइलाई जिम्मेवार र जवाफदेही बनाउने हुँदा वित्तीय अनुशासन कायम गर्न मद्दत गर्छ। सीमित स्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च प्रणालीको स्थापना, सामाजिक आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना अत्यन्तै महत्वपूर्ण हुन्छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने कानूनी दायित्व उल्लेख रहेको छ। उल्लिखित कानूनी दायित्व पूरा गर्न तथा लिखु पिके गाउँपालिकाले आफ्नो आर्थिक प्रणालीलाई मितव्ययी, पारदर्शी बनाउँदै विकासका आयोजनालाई वस्तुगत आधारमा प्राथमिकिकरण गर्न यो मध्यमकालीन खर्च संरचना तयार गरेको हो ।

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन र आवधिक योजना, दिगो विकासका लक्ष्य तथा लिखु पिके गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना समेतलाई मध्यनजर गरिएको छ। लिखु पिके गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा नेपालको संविधान, २०७२ द्वारा निर्दिष्ट कार्यक्षेत्र, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ लाई मार्ग निर्देशक दस्तावेजको रुपमा लिइएको छ।

## १.२ अवधारणा तथा उद्देश्य

सीमित स्रोत साधनको विवेकपूर्ण र कुशल विनियोजन, मितव्ययी र पारदर्शी खर्च, सामाजिक आर्थिक पूर्वाधारको निर्माण मार्फत सेवाको गुणस्तरमा सुधार गरी आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम राख्न मध्यमकालीन खर्च संरचना तर्जुमा अत्यन्तै महत्वपूर्ण हुन्छ। यसले स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गर्न मद्दत गर्छ। मध्यमकालीन खर्च संरचना तयार गर्दा स्रोत अनुमानतर्फ आन्तरिक राजस्व, संघीय र प्रादेशिक सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने राजस्व बाँडफाँट र अनुदानको आँकलन गरिएको छ। समष्टिगत स्रोतको आँकलन गरी विषय क्षेत्रगत नीति, कार्यक्रम र प्राथमिकताको आधारमा खर्चको अनुमान सहितको त्रिवर्षीय बजेट खाका समेत निर्माण गरिएको छ। कार्यक्रम/आयोजनालाई नतिजा तथा प्रतिफलमा आधारित बनाउनका लागि मध्यमकालीन नतिजा खाका समेत समावेश गरिएको छ। समष्टिगत आर्थिक स्थायित्व, वित्तीय सुशासन र नतिजामूलक विकास व्यवस्थापन मार्फत विकासको प्रतिफल सबै गाउँपालिकाबासीलाई समतामूलक तवरले वितरण गर्न सार्वजनिक स्रोतको अनुमान, विनियोजन र कार्यान्वयनलाई वस्तुगत र

वैज्ञानिक बनाउने प्रयास गरिएको छ । यसमा चालु आर्थिक वर्षको यथार्थ विनियोजन र आगामी दुई आर्थिक वर्षको स्रोत अनुमान समावेश गरिएको छ ।

#### उद्देश्यहरू

मध्यमकालीन खर्च संरचना तर्जुमाको उद्देश्य आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र वार्षिक बजेटबीच तादम्यता कायम गरी सीमित स्रोत साधनको महत्तम उपयोग गर्नु, स्थानीय सरकारको विनियोजन कुशलता, कार्यान्वयनमा दक्षता तथा वित्तीय अनुशासनमा प्रभावकारी बनाउदै आर्थिक स्थायित्व तथा वित्तीय सुशासन कायम गर्नु हो । यसका अन्य उद्देश्य देहाय अनुसार छन्:-

१. लिखु पिके गाउँपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण आदिको वास्तविक अनुमान सहित यथार्थमा आधारित बजेट खाका तर्जुमा गर्नु ।
२. प्राथमिकता प्राप्त क्षेत्रमा स्रोत सुनिश्चित गर्नु ।
३. मध्यावधि मुल्याङ्कनद्वारा कार्यान्वयन कुशलता र नतिजा प्राप्ति उन्मुखताको विश्लेषण गर्नु ।
४. तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गर्ने सबै निकायलाई जिम्मेवार र जवाफदेही बनाउनु ।

## १.३ कानूनी तथा संस्थागत व्यवस्था

### १.३.१ कानूनी व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाँउपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । दफा १७ को उपदफा (२) मा मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय अनुसारको विवरण खुलाउनु पर्ने व्यवस्था रहेको छः

१. प्रस्तावित योजनाको उद्देश्य,
२. प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न र खर्च छुट्याउन आवश्यकताको पुष्ट्याईं,
३. प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछि दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,
४. प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,
५. खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
६. प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँग तादाम्यता,
७. सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको,

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय

तहको समेत स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै गाउँपालिका तथा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना बनाउनु आवश्यक छ ।

### १.३.२ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना, आवधिक योजना र वार्षिक बजेटबीच तादम्यता कायम गर्ने औजार भएकाले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था रहेको छ :

#### १.३.२.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन गरिन्छ, जसमा निम्नानुसारको प्रतिनिधित्व हुनेछ ।

क) अध्यक्ष वा प्रमुख - संयोजक

ख) उपाध्यक्ष वा उपप्रमुख - सदस्य

ग) कार्यपालिकाका सदस्यहरूमध्ये महिला, दलित वा अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

यस समितिले मध्यमकालीन खर्च संरचना तयारी कार्य दललाई देहायका कार्य मार्फत सहयोग गर्दछ :-

(क) मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने,

(ख) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,

(ग) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने,

#### १.३.२.२ मध्यमकालीन खर्च संरचना कार्यदल

गाउँपालिकामा मध्यमकालीन खर्च संरचना तयारीका लागि देहाय बमोजिमको एक कार्यदल रहन्छ । सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाईगत लागत आँकलन, शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयारी तथा समन्वय र सहजीकरण गर्दछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) विषयगत शाखा प्रमुखहरू - सदस्य

(ग) योजना शाखा प्रमुख - सदस्य सचिव

कार्यदलले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

#### १.३.२.३ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत, सीमा तथा मार्गदर्शनभित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा

छलफल, विश्लेषण र पुन:प्राथमिकिकरण गरी पेश गर्ने कार्य विषयगत समितिले गर्दछन् । यसका अलवा मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिले देहाय बमोजिमका कार्यहरू सम्पादन गर्दछन् ।

१. कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण ।

२. विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार ।

३. कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश ।

## १.४ तर्जुमा प्रक्रिया

### १.४.१ कार्य तालिका तथा जिम्मेवारी निर्धारण

वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्य तालिकाको अवलम्बन गरिएको छ :

| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्त | कार्यदल |
| योजना तथा कार्यक्रमको समीक्षा एवम् स्थानीय आर्थिक खाका तयारी | चैत्र १५ गतेभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आँकलन | बैशाख ५ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ ५ गते भित्र | |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेटमा प्रविष्टि | असार मसान्तभित्र | योजना शाखा |

# परिच्छेद - २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना, कुशलतापूर्वक विनियोजन गरिएको सार्वजनिक खर्च र प्रभावकारी कार्यान्वयनले राष्ट्रिय र प्रादेशिक स्तरमा तय गरिएका दीर्घकालीन र आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउँछ । पन्ध्रौं आवधिक योजना (२०७६/७७- २०८०/८१) तथा कोशी प्रदेशको आवधिक योजना (२०७६/७७- २०८०/८१) ले तय गरेका सोचहरु क्रमश: ***"समृद्ध नेपाल र सुखी नेपाली"*** तथा **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** को सोचलाई यथार्थमा परिणत गराउन लिखु पिके गाउँपालिकाले ***"कृषि, पर्यटन उर्जा र पूर्वाधार, लिखु पिके विकासको मूल आधार"*** को सोच सहित आवधिक योजना (२०८०/८१-२०८४/८५) तर्जुमा गरेको थियो । त्यसैगरी उपलब्ध स्रोतको कुशल, मितव्ययी र प्रभावकारी व्यवस्थापनबाट आवधिक योजनाले पहिचान गरेको प्रमुख कार्यक्रम र सूचक हासिल गर्न मध्यमकालीन खर्च संरचना (२०८१/८२-२०८३/८४) तयार गरिएको छ ।

लिखु पिके गाउँपालिकाले चालु आर्थिक वर्षबाट कार्यान्वयन गर्ने गरी तयार गरेको मध्यमकालीन खर्च संरचनामा राष्ट्रिय र प्रादेशिक आवधिक योजना, दिगो विकासका लक्ष्य तथा लिखु पिके गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजनाको समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिको आधारमा उपलब्धि सूचक निर्माण गरिएको छ । यसैगरी आन्तरिक र बाह्य स्रोत अनुमानको आधारमा आगामी तीन आर्थिक वर्षको समष्टिगत आर्थिक खाका, बजेट खाका, नतिजा खाका निर्माण गरेको छ । आवधिक योजनाको रणनीतिक स्तम्भ, आयोजना/कार्यक्रमको प्राथमिकता क्रम, दिगो विकासको लक्ष्य, लैंगिक तथा जलवायु संकेत, स्थानीय गौरवका आयोजना तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण गरिएको छ ।

| दीर्घकालीन सोच |
|---|
| ***"कृषि, पर्यटन उर्जा र पूर्वाधार, लिखु पिके विकासको मूल आधार"*** |
| **लक्ष्य** |
| उपलब्ध जलस्रोतको अधिकतम सदुपयोग गरी आधुनिक र व्यवसायिक कृषि र पर्यटनको विकासका साथै भौतिक, सामाजिक र आर्थिक पूर्वाधारको विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ व्यवसायिक कृषि तथा पशुपालन र स्थानीय उद्योग व्यावसायका माध्यमद्धारा रोजगारी र आयमा वृद्धि गर्नु ।<br>✓ गाउँपालिकालाई तरकारी, खाद्य उत्पादन, माछा, मासु, दुधमा आत्मनिर्भर बनाउनु ।<br>✓ लगानीमैत्री बातावरणको सिर्जना गरी कृषि, उद्योग तथा व्यापार व्यवसायको प्रर्वद्धन गर्नु ।<br>✓ पर्यटन व्यवसायलाई स्थानीयको आर्थिक विकाससँग जोडेर होमस्टे र पर्यटकिय गन्तव्य स्थानहरुमा पर्यटकिय पूर्वाधारको विकास गरी पर्यटनको प्रवर्द्धन गर्नु ।<br>✓ गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगार शान्ति सुरक्षा जस्ता आधारभूत अधिकारको विकासका लागि उपयुक्त वातावरण निर्माण गर्दै उत्पिडित, असहाय, गरीब, बालवालिका, अशक्त, बृद्धवृद्धाहरुको हक अधिकार र सहभागिता सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्नु । |

- ✓ वातावरणमैत्री आधारभूत पूर्वाधारले सम्पन्न पालिका निर्माण गर्नु ।
- ✓ वडा कार्यालयबाट सम्पादन र प्रवाह हुने सेवाप्रवाह लाई प्रविधिमुलक बनाई संस्थागत सुशासन कायम गर्दै प्रभावकारी सेवा प्रवाह गर्नु ।
- ✓ दिर्घकालिन सोचले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकिरण गरी गाउँपालिकालाई सोही अनुसार अगाडी बढाउनु ।

## १. प्रमुख रणनीतिहरु

- आर्थिक क्षेत्रका मूल स्तम्भहरु जस्तै: कृषि, उद्योग, खेलकुद, व्यापार र पर्यटन, क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरुलाई वैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धी तुल्याउने ।
- हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रुपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै: सडक, उर्जा, सिंचाई, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने ।
- सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धान तर्फ केन्द्रीत नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने ।
- सामाजिक न्याय स्थापित गरी समावेशीकरण र पछाडि परेका वर्गलाई मूलप्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अवलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने ।
- विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवर्द्धन हुने क्रियाकलाप समेत गर्न सोको सुनिश्चितता गर्ने ।
- जनमूखी असल शासन स्थापित गर्न संघीय र लोकतान्त्रिक सफल राज्यहरुमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरुप अनुशरण गर्ने ।

## मध्यमकालीन आर्थिक खाका

गाउँपालिका क्षेत्रभित्र उपलब्ध मानवीय, प्राकृतिक, आर्थिक, सांस्कृतिक स्रोतको उच्चतम सदुपयोग मार्फत उत्पादनमुखी व्यवसायिक कृषि, उद्योग, व्यापार, खेलकुद र पर्यटनको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने तथा सोको न्यायोचित र समतामूलक वितरण गरी समन्यायिक समाजको निर्माण सहितको आवधिक योजना कार्यान्वयन गर्न आगामी तीन आर्थिक वर्ष निम्नानुसारको स्रोत संकलनको लक्ष्य सहित तयार गरिएका आर्थिक खाका तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १:** मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | वर्षिक आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ४.५* | ७.९ | ८.६९ | ९.५६ | १०.५१ |
| २. | कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३७.३* | ३८.५ | ४२.३५ | ४६.५९ | ५१.२४ |
| ३. | कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १९.९२* | २१.४ | २३.५४ | २५.८९ | २८.४८ |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५.३* | ६.१ | ६.७१ | ७.३८ | ८.१२ |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | | | ० | ०.०० | ०.०० |
| ६ | कुल प्रतिव्यक्ति आय | अमेरिकी डलर | ९३४* | १५०० | १६५० | १८१५.०० | १९९६.५० |

** कोशी प्रदेशको आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) मा आधारित तथ्याङ्क*

## मध्यमकालीन नतिजा खाका

पन्ध्रौ आवधिक योजना, कोशी प्रदेशको प्रथम पञ्चवर्षीय योजना तथा लिखु पिके गाउँपालिकाको आवधिक योजना जस्ता आधारभूत र मार्गनिर्देशक दस्तावेजलाई आधार मानी यस गाउँपालिकाको मध्यमकालीन नतिजा सूचक तयार गरिएको छ। यस अन्तर्गत आर्थिक वर्ष २०७५/०७६ को यथार्थ २०८०/८१ को अनुमानित उपलब्धि सहित आगामी तीन आर्थिक वर्षको गन्तव्य तय गरिएको छ।

**तालिका नं. २:** गाउँपालिकाको समष्टिगत परिमाणात्मक लक्ष्य र गन्तव्य

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| **आर्थिक क्षेत्र** | | | | | | | |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत (स्थिर मूल्य) | ४.५* | ७.५ | ८.३ | ९.१ | १०.० |
| २ | कुल गार्हस्थ उत्पादन ( उत्पादनको मूल्यमा) | रु. (करोडमा) | ५०,५८४ | ६१,२०६ | ६७३२६.६ | ७४०५९.३ | ८१४६५.२ |
| ३ | कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर | प्रतिशत | ३.७ | ४ | ४.४ | ४.८ | ५.३ |
| | क) कृषि तथा वन | प्रतिशत | ५.२ | ५.४ | ५.९ | ६.५ | ७.२ |
| | ख) मत्स्यपालनको वृद्धिदर | प्रतिशत | ११.१ | ११.८ | १३.० | १४.३ | १५.७ |
| ४ | गैर कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर | प्रतिशत | ५.२ | ९ | ९.९ | १०.९ | १२.० |
| | क) उद्योग क्षेत्र | प्रतिशत | ४.९ | ५.५ | ६.१ | ६.७ | ७.३ |
| | ख) सेवा क्षेत्र | प्रतिशत | ५.३ | ८ | ८.८ | ९.७ | १०.६ |
| ५ | प्रति व्यक्ति आय[1] | अमेरिकी डलर | ९३४ | १००० | ११००.० | १२१०.० | १३३१.० |
| ६ | मुद्रास्फीति[५] | प्रतिशत | ५.५ | | ०.० | ०.० | ०.० |
| **सामाजिक क्षेत्र** | | | | | | | |
| ७ | गरिबीको रेखामुनि रहेको जनसंख्या[1] | प्रतिशत | १२.४ | ११ | १०.१ | ९.०५ | ८.०० |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०८०/८१ को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| ८ | बहु-आयामिक गरिबीको जनसंख्या[१] | प्रतिशत | १९.७ | १५.५ | १३.५ | १२.५ | ११.५ |
| ९ | मानव विकास सुचकाङ्क (सन् २०१४)[४] | सूचकाङ्क | ०.५०४ | ०.५५३ | ०.६ | ०.७ | ०.७ |
| १० | आर्थिक असमानता-सम्पत्तिमा (Gini)[३] | सूचकाङ्क | ०.३५ | ०.३३ | ०.३० | ०.२७ | ०.२४ |
| ११ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (PALMA Index) | अनुपात | १.०१ | ०.९५ | १.० | १.१ | १.३ |
| १२ | लैङ्गिक विकास सूचकाङ्क[२] | सूचकाङ्क | ०.९२५ | | | | |
| १३ | साक्षरता दर[३] | प्रतिशत | ७९.१ | ८१ | ८३.१ | ८६.० | ९०.८ |
| १४ | खुद भर्ना दर[६] | प्रतिशत | ९५ | ९६ | ९८ | ९९ | ९९ |
| १५ | अपेक्षित आयु (जन्मेको समयमा)[१] | वर्ष | ७०.७ | ७१ | ७२ | ७२. | ७२.८ |
| १६ | बाल मृत्युदर[२] (प्रति हजार जीवित जन्ममा) | संख्या | ३६ | ३२ | ३० | २८ | २६ |
| **भौतिक क्षेत्र** | | | | | | | |
| १७ | कुल सडकमा कालोपत्रे सडक | कि.मि | १,५४४ | १५७० | १७२७.० | १८९९.७ | २०८९.७ |
| १८ | सिंचाई योग्य भूमिमा सिंचाई | प्रतिशत | ५३ | ५७ | ६२.७ | ६९.० | ७५.९ |
| १९ | खानेपानी सेवा पुगेको जनसंख्या | प्रतिशत | ९० | ९१ | ९२ | ९३ | ९४ |
| २० | विद्युतमा पहुँच प्राप्त परिवार[३] | प्रतिशत | ९१.४ | ९२ | ९३ | ९४ | ९५ |
| **शासकीय सुधार** | | | | | | | |
| २१ | कानूनी शासन सूचकाङ्क[७] | सूचकाङ्क | ०.५३ | | ०.० | ०.० | ०.० |
| २२ | सुशासन सूचकाङ्क (- २.५ देखि २.५ सम्म) | सूचकाङ्क | -०.७८ | | ०.० | ०.० | ०.० |
| २३ | भष्टाचार अनुभूति सूचकाङ्क[८] | सूचकाङ्क | ३१ | | ०.० | ०.० | ०.० |

** कोशी प्रदेशको आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) को तथ्याङ्कमा आधारित*

## मध्यमकालीन बजेट खाका

गाउँपालिकाको आन्तरिक स्रोत, तहगत सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण लगायतका स्रोत समेटी गाउँपालिकाले आगामी तीन आर्थिक वर्षमा प्राप्त हुने रकमलाई तलको तालिका नं ३ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ३: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण

| क्र.सं. | विवरण | आ.व. २०७९/८० को यथार्थ | चालु आ.व. २०८०/८१ को विनियोजन | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण |
| १. | बजेट अनुमान | | | | | |
| | चालु खर्च | | १५७०५७००० | १७२७६२७०० | १९००३८९७० | २०९०४२८६७ |
| | पुंजीगत खर्च | | ९७९४३००० | १०७७३७३०० | ११८५११०३० | १३०३६२१३३ |
| २ | आयअनुमान | २४११३५७४० | २५५०००००० | २८०५००००० | ३०८५५०००० | ३३९४०५००० |
| २.१ | आन्तरिक आय | २०००००० | १२२००००० | १३४२०००० | १४७६२००० | १६२३८२०० |
| २.२ | राजस्व बाँडफाँटबाट प्राप्त रकम | ४९४५८७४० | ४८५३९००० | ५३३९२९०० | ५८७३२१९० | ६४६०५४०९ |
| | संघीय सरकार | ४७६८०००० | ४६७२०००० | ५१३९२००० | ५६५३१२०० | ६२१८४३२० |
| | प्रदेश सरकार | १७७८७४० | १८१९००० | २०००९०० | २२००९९० | २४२१०८९ |
| | सवारी कर | | ० | ० | ० | ० |
| २.३ | रोयल्टी बाँडफाँट | | | ० | ० | ० |
| | पर्यटन रोयल्टी/विद्युत | | १०००००० | ११००००० | १२१०००० | १३३१००० |
| | वन रोयल्टी | | ० | ० | ० | ० |
| | विद्युत रोयल्टी | | ० | ० | ० | ० |
| | पर्वतारोहण रोयल्टी | | ० | ० | ० | ० |
| २.४ | नेपाल सरकार वित्तीय हस्तान्तरण | १७५७००००० | १७९२००००० | १९७१२०००० | २१६८३२००० | २३८५१५२०० |
| | क. वित्तीय समानीकरण अनुदान | ७५८००००० | ६८८००००० | ७५६८०००० | ८३२४८००० | ९१५७२८०० |
| | ख. सशर्त अनुदान चालु/पूँजिगत | ९९९००००० | १०३४००००० | ११३७४०००० | १२५११४००० | १३७६२५४०० |
| | ग. सशर्त अनुदान पूँजीगत | ० | ० | ० | ० | ० |
| | घ. समपुरक अनुदान | ० | ७०००००० | ७७००००० | ८४७०००० | ९३१७००० |
| | ङ. विशेष अनुदान | ० | ० | ० | ० | ० |
| २.५ | प्रदेश सरकार वित्तीय हस्तान्तरण | १३९७७००० | १४०६१००० | १५४६७१०० | १७०१३८१० | १८७१५१९१ |
| | क. समानीकरण अनुदान | ३८५४००० | ३८६१००० | ४२४७१०० | ४६७१८१० | ५१३८९९१ |
| | ख. सशर्त अनुदान | १२३००० | २००००० | २२०००० | २४२००० | २६६२०० |
| | ग. समपूरक अनुदान | १०००००००० | १०००००००० | ११०००००० | १२१००००० | १३३१०००० |
| | घ. विशेष अनुदान | ० | ० | ० | ० | ० |
| | कुल | | | ० | ० | ० |
| | बचत (-) न्यून (+) | | | | | |

## २.२ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको लागि विभिन्न आयामबाट गरिएको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### २.४.१ रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भ बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान र प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४:** रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को विनियोजन | | आगामी आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | | आ.व.२०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | | | २१००००० | २.१४ | २३१०००० | २.१४ | २५४१००० | २.१४ | २७९५१०० | २.१४ |
| २ | सामाजिक विकास | | | ९९९३००० | १०.२० | १०९९२३०० | १०.२० | १२०९१५३० | १०.२० | १३३००६८३ | १०.२० |
| ३ | पूर्वाधार विकास | | | ५४३५०००० | ५५.४९ | ५९७८५००० | ५५.४९ | ६५७६३५०० | ५५.४९ | ७२३३९८५० | ५५.४९ |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | | | ३००००० | ०.३१ | ३३०००० | ०.३१ | ३६३००० | ०.३१ | ३९९३०० | ०.३१ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | | | ३१२००००० | ३१.८६ | ३४३२०००० | ३१.८६ | ३७७५२००० | ३१.८६ | ४१५२७२०० | ३१.८६ |
| | कुल जम्मा | | | ९७९४३००० | १०० | १०७७३७३०० | १०० | ११८५११०३० | १०० | १३०३६२१३३ | १०० |

## २.४.२. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

आयोजना प्राथमिकीकरण तथा सांकेतिकरणको आधारमा गाउँपालिकाले छनौट गरेका आयोजनाको प्राथकिताक्रम अनुसार बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५:** प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | आयोजना संख्या | गत आ.व. २०७९/८० को यथार्थ | | चालु आ.व. २०८०/८१ को विनियोजन | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व.२०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो | | | | | | | | | | | |
| दोस्रो | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

## (२.४.३ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

क्षेत्र र उपक्षेत्रमा विनियोजित बजेटले दिगो विकास लक्ष्य प्राप्तिमा गर्ने योगदानलाई लक्ष्यगत तवरबाट देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६:** दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०७९/८० को यथाथ | | आ.व. २०८०/८१ को विनियोजन | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| २ | शून्य भोकमरी | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ३ | स्वस्थ जीवन | ४५०००० | ७.५५ | ३२००००० | ७.२४ | ३५२०००० | ७.७६ | ३८७२००० | ७.७६ | ४२५९२०० | ७.७६ |
| ४ | गुणस्तरीय शिक्षा | १८००००० | ३०.२० | ५५३३००० | १२.५१ | ६०८६३०० | ६.१४ | ६६९४९३० | ६.१४ | ७३६४४२३ | ६.१४ |
| ५ | लैङ्गिक समानता | ९०००० | १.५१ | ५०००० | ०.११ | ५५००० | ०.१२ | ६०५०० | ०.१२ | ६६५५० | ०.१२ |
| ६ | स्वच्छ पानी रसरसफाई | ७००००० | ११.७४ | १२०००० | ०.२७ | १३२००० | ०.२९ | १४५२०० | ०.२९ | १५९७२० | ०.२९ |
| ७ | दिगो र आधुनिक उर्जामा पहुँच | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ८ | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | २९००००० | ४८.६६ | ३५२६३४२० | ७९.७३ | ३८७८९७६२ | ८५.५३ | ४२६६८७३८.२ | ८५.५३ | ४६९३५६१२.०२ | ८५.५३ |
| १० | असमानता न्यूनीकरण | २०००० | ०.३४ | ३२००० | ०.०७ | ३५२०० | ०.०८ | ३८७२० | ०.०८ | ४२५९२ | ०.०८ |
| ११ | दिगो शहर र बस्तीहरु | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १२ | दिगो उपभोग र उत्पादन | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १३ | जलवायु परिवर्तन अनुकूलन | ० | ०.०० | ३०००० | ०.०७ | ३३००० | ०.०७ | ३६३०० | ०.०७ | ३९९३० | ०.०७ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |

| संकेत नं. | दिगो विकास लक्ष्य | गत आ.व. २०७९/८० को यथाथ | | आ.व. २०८०/८१ को विनियोजन | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १५ | भूसतह स्रोतको उपयोग | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १६ | शान्ति, न्याय र सबल संस्था | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १७ | दिगो विकासका लागि साझेदारी | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| | **कुल जम्मा** | ५९६०००० | १००.०० | ४४२२८४२० | १००.०० | ४८६५१२६२ | १०० | ५३५१६३८८.२ | १०० | ५८८६८०२७.०२ | १०० |

## २.४.४ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट लैंगिक समानता कायम गर्न पुऱ्याउने योगदानको आधारमा आगामी तीन आर्थिक वर्षको लागि गरिएको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७:** लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | लैंगिक संकेत | आ.व. २०७९/२०८० को यथार्थ | | आ.व.२०८०/८१ को विनियोजन | | आ.व. २०८१/ ८२ को प्रक्षेपण | | आ.व. २०८२/ ८३ को प्रक्षेपण | | आ.व. २०८३/ ८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | २४११३५७४ | १०.०० | ४८४५०००० | १९.०० | ५३२९५००० | १९.०० | ५८६२४५०० | १९.०० | ६४४८६९५० | १९.०० |
| २ | अप्रत्यक्ष लाभ | ४०९९३०७५.८ | १७.०० | ९१८००००० | ३६.०० | १००९८०००० | ३६.०० | १११०७८००० | ३६.०० | १२२१८५८०० | ३६.०० |
| ३ | तटस्थ | १७६०२९०९० | ७३.०० | ११४७५०००० | ४५.०० | १२६२२५००० | ४५.०० | १३८८४७५०० | ४५.०० | १५२७३२२५० | ४५.०० |
| | जम्मा | २४११३५७४० | १०० | २५५०००००० | १००.०० | २८०५००००० | १००.०० | ३०८५५०००० | १००.०० | ३३९४०५००० | १००.०० |

## २.४.५ जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

जलवायु परिवर्तनबाट सिर्जित असर र प्रभाव न्यूनीकरण तथा परिवर्तन अनुकूलका समायोजनामा सघाउने विशेषतायुक्त आयोजना/कार्यकमको आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८:**जलवायु परिवर्तन संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत नं. | जलवायु परिवर्तन संकेत | आ.व. २०७९/२०८० को यथार्थ | | आ.व.२०८०/८१ को विनियोजन | | आ.व. २०८१/ ८२ को प्रक्षेपण | | आ.व. २०८२/ ८३ को प्रक्षेपण | | आ.व. २०८३/ ८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| | प्रत्यक्ष लाभ | ८२७०९५५ | ३.४३ | ७६५०० | ०.०३ | ८४१५० | ०.०३ | ९२५६५ | ०.०३ | १०१८२१.५ | ०.०३ |
| | अप्रत्यक्ष लाभ | २०७५४५५३१ | ८६.०७ | २२६५९३००० | ८८.८६ | २४९२५२३०० | ८८.८६ | २७४१७७५३० | ८८.८६ | ३०१५९५२८३ | ८८.८६ |
| | तटस्थ | २५३१९२५२ | १०.५ | २८३३०५०० | ११.११ | ३११६३५५० | ११.११ | ३४२७९९०५ | ११.११ | ३७७०७८९५.५ | ११.११ |
| | जम्मा | २४११३५७४० | १०० | २५५००००००० | १०० | २८०५०००००० | १०० | ३०८५५०००० | १०० | ३३९४०५००० | १०० |

## २.४.६ चालु आवधिक योजना तथा बार्षिक विकास कार्यक्रमको उपलब्धि समिक्षा ढाँचा

छनौट गरिएका आयोजना/कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धि तथा अनुमानित उपलब्धि सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| **क) आर्थिक विकास क्षेत्र** | | | | | |
| १ | बार्षिक उत्पादन (कृषि) | रु (लाखमा) | | | |
| २ | औषत पारिवारिक आय | रु लाखमा | | | |
| ३ | उद्योग, व्यापार र व्यवसाय | संख्या | | | |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी क्षेत्रको हिस्सा | कार्यदिन | | | |
| ५ | पर्यटन आगमन | प्रतिशत | | | |
| **ख) सामाजिक विकास क्षेत्र** | | | | | |
| १ | ५ बर्षमुनीका कमतौल भएका बालवालिका | प्रतिशत | | | |
| २ | साक्षरता दर (१५ बर्ष माथि) | प्रतिशत | | | |
| ३ | प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थी | संख्या | | | |
| ४ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | | | |
| ५ | ५ बर्ष मुनीका बालवालिकाको जन्मदर्ता | प्रतिशत | | | |
| ६ | मातृभाषामा पठनपाठन हुने विद्यालय | संख्या | | | |
| ७ | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | | | |
| **ग) पूर्वाधार विकास क्षेत्र** | | | | | |
| १ | स्थानीय सडक (कालोपत्रे) | कि.मि | | | |
| २ | स्थानीय सडक (खण्डास्मीथ) | कि.मि | | | |
| ३ | स्थानीय सडक (धुले) | कि.मि | | | |
| ४ | ३० मि.को दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | | | |
| ५ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | | |
| ६ | सुरक्षित आवासमा वसोवास गर्ने जनसंख्या | प्रतिशत | | | |
| ७ | कम्प्यूटर तथा इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | | | |
| **घ) वन तथा वातावरण क्षेत्र** | | | | | |
| १ | वन तथा हरियाली क्षेत्र | प्रतिशत | | | |
| २ | उर्जा उपभोगमा नविकणीइ उर्जाको अनुपात | प्रतिशत | | | |
| ३ | विपद्का घटनाबाट प्रभावित परिवार | प्रति हजार | | | |

| क्र.सं. | सूचक | एकाई | गत आ.व.को उपलब्धि | चालु आ.व.को अनुमानित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| **ङ) सुशासन, संस्थागत विकास क्षेत्र** | | | | | |
| १ | नीति निर्णय सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | | | |
| २ | कुल बजेटमा आन्तरिक स्रोतको योगदान | प्रतिशत | | | |
| ३ | बार्षिक बजेट | रु हजारमा | | | |

# परिच्छेद - ३: आर्थिक क्षेत्र

## ३.१ भूमि व्यवस्थापन (भू-उपयोग)

### पृष्ठभूमि

समुन्द्र सतह देखि १,२९८ मिटरदेखि ४,२१८ मिटरसम्मको उचाईमा रहेको लिखुपिके गाउँपालिका २७ डिग्री ४८ मिनेट उत्तरी अक्षांश देखी २७ डिग्री ६१ मिनेट उत्तरी सम्म र ८६ डिग्री ३५ मिनेट पुर्वी देशान्तर देखि ८६ डिग्री देखि ५१ मिनेट पूर्व सम्म फैलिएको छ । उच्च पहाडी तथा हिमालीक्षेत्र भएकाले यहाँ चट्टानयूक्त तथा बलौटे माटो र पाँगो माटो पाईने भएकाले बालीका लागि खासै उपयुक्त छैन । गाउँपालिकाको आवधिक योजना-२०८० अनुसार, कूल क्षेत्रफलको सबैभन्दा बढी ६६.०१ प्रतिशत जमिन वन क्षेत्रले ओगटेको छ । त्यसैगरी २०.९८ प्रतिशत जमिन कृषि भूमिको रुपमा पयोग भएको छ भने ११.१२ प्रतिशत भू-भाग जल क्षेत्रले ढाकेको छ । अन्य भू-उपयोगको वर्गीकरणमा परेका क्षेत्रहरुले गाउँपालिकाको जम्मा १.८९ प्रतिशत भू-भाग ओगटेको छ । व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना निर्माण गरी कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस गाउँपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिन्छ ।

### समस्या तथा चुनौती

यस पालिकामा परम्परागत खेती प्रणाली, सार्वजनिक जग्गाको अतिक्रमण, जमिनको बहुउपयोग सम्बन्धी सोचको अभाव जस्ता समस्या तथा चुनौतीहरुको विद्यमानता रहेको छ ।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| भू-स्रोतको पूर्णत वैज्ञानिक सदुपयोगमार्फत आर्थिक समृद्धि हासिल गर्ने |
| **लक्ष्य** |
| वैज्ञानिक भू-उपयोग योजना लागू गरी भूमिलाई आर्थिक विकासको आधार बनाउने । |
| **उद्देश्य** |
| ✓ सम्पूर्ण खेतीयोग्य जमिनको वैज्ञानिक रुपमा पूर्ण सदुपयोग गर्नु । |

### रणनीति

- ✓ राष्ट्रिय र प्रादेशिक भू-उपयोग नीति अनुरुप स्थानीय भू-उपयोग योजना र कृषि नीति निर्माण गर्ने ।
- ✓ खेती गर्न इच्छुक तर आफ्नो जमिन नभएका कृषकहरुको लगत संकलन गरी भूमिको व्यवस्था गर्ने ।
- ✓ जग्गा बाँझो राख्ने कृषकको लगत संकलन गर्ने ।
- ✓ जग्गा चक्लाबन्दी गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट (रु हजारमा) |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका भू-उपयोग योजना निर्माण | भू-उपयोग योजना निर्माण | ०८१/८२ ०८१/८२ | १५०० | |
| २ | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अध्यावधिक तथ्याङ्क प्रणाली र भूमि अभिलेख प्रणालीको विकास | भूमि अभिलेख व्यवस्थापन | ०८१/८२-०८३/८४ | २००० | |
| ३ | नक्सापास सम्बन्धी कागजहरुको Digitization | नक्सा Digitization | ०८१/८२-०८३/८४ | १००० | |
| ४ | भूमि बैङ्क स्थापना | भूमि बैङ्क स्थापना | ०८१/८२-०८३/८४ | १५०० | |
| ५ | जग्गा चक्लाबन्दी गर्न र करार खेतीका लागि इच्छुक कृषक लगत संकलन | लगत संकलन | ०८१/८२ ०८३/८४ | ५०० | |
| ६ | सामुहिक खेती अभिमुखीकरण तथा तालिम | सचेतना अभिवृद्धि | ०८१/८२ ०८३/८४ | ५०० | |
| ७ | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण | कार्ययोजना निर्माण | ०८१/८२-०८१/८२ | १०० | |
| ८ | दिगो र वैज्ञानिक भू-उपयोग योजना अनुरुप भूमिको वर्गीकरण | भूमि वर्गीकरण | ०८१/८२ ०८३/८४ | १००० | |
| ९ | जग्गा चक्लाबन्दी अभिमुखीकरण कार्यक्रम | जनचेतना वृद्धि | ०८२/८३-०८३/८४ | ६०० | |
| १० | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन | कृषक समूह गठन | ०८१/८२-०८३/८४ | ५०० | |
| ११ | कृषक समूह तथा कृषि सहकारी बिच अन्तरक्रिया | अन्तरक्रिया | ०८१/८२-०८३/८४ | ५५० | |
| १२ | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान | अनुदान वितरण | ०८२/८३-०८४/८५ | १००० | |

## जोखिम पक्ष तथा अनुमान

भू-उपयोग योजना र भूमि बैंक निर्माण हुने, सिंचाई सुविधा पुगेका र नपुगेका कृषियोग्य भूमिको तथ्याङ्क उपलब्ध हुने, जमिनको चक्लाबन्दी गरी प्रयोगहिन उर्वर जमिनमा करार खेती हुनेछ। उल्लेखित कार्यलाई व्यवस्थित तवरबाट गर्न नसकिएमा अपेक्षित उपलब्धी हासिल नहुने जोखिम रहन्छ।

## ३.२ कृषि तथा पशुपन्छी

### पृष्ठभूमि

गाउँपालिकाको आवधिक योजना २०८० मा प्राप्त तथ्याङ्क अनुसार यहाँका ९६.०८ प्रतिशत घरधुरीको आफ्नै जग्गा रहेको छ भने ३.४८ प्रतिशतको घरधुरीसँग जग्गा नभएको अवस्था छ। यहाँको जम्मा क्षेत्रफल मध्ये ३८०२.१५ हेक्टर (३०.६१ प्रतिशत) क्षेत्र खेतियोग्य रहेको छ। हाल यहाँ २२०० हे. अर्थात ( १७.७१) प्रतिशत जमिन बाँझो अवस्थामा रहेको छ। जम्मा खेतियोग्य जमिन मध्ये १७०० हे. अर्थात (१३.६९) प्रतिशत जमिन सिँचित रहेकोमा जसमध्ये बाह्रै महिना सिंचाइ हुने जमिन ६५० हे. अर्थात (५.२३) प्रतिशत रहेको छ। बाँकी १०५० हे. अर्थात (८.४५) प्रतिशत जमिन मौसमी सिँचाइमा निर्भर रहनुपर्ने अवस्था छ।

यस गाउँपालीकामा मकै, गहुँ, कोदो, धान, फापर, जस्ता खाद्यवालीहरुको उत्पादन हुन्छ। तरकारी बालीहरुमा विशेषतः आलु उत्पादन हुने गर्दछ भने अन्य तरकारीहरुमा काउली, बन्दा, साग, सिमी, बोडी पर्दछन् यसैगरी नगदेबालीहरुमा किवी, अलैंची, मह, तथा चिया पर्दछन् भने फलफुलहरुमा नास्पाती,स्याउ, आल्चा लगायत उत्पादन हुने गर्दछन्। गाउँपालिकाका परिवारको आम्दानीको अर्को महत्वपुर्ण स्रोत पशु तथा पन्छीपालन हो यहाँ प्रायः जसो घरधुरीले गाई, भैंसी, सुँगुर/बंगुर, चौंरी, जोक्पो, याक जस्ता पशुहरु पाल्ने गरेका छन्। यस गाउँपालिकामा उचाईगत भिन्नता भएका कारण एउटै सिजनमा पनि धेरै प्रकारका कृषि उत्पादन गर्न सकिन्छ। त्यसकारण उचाइगत भिन्नताको तुलनात्मक रुपमा लाभ लिन सके गाउँपालिकाले कृषि क्षेत्रमा आर्थिक समृद्धि हासिल गर्ने निश्चित छ।

### समस्या तथा चुनौती

कृषि पूर्वाधारमा सरकारी क्षेत्रको लगानी न्यून हुनु, कृषि योग्य जमिनमा सिंचाईको पर्याप्त सुविधा नहुनु, परम्परागत तथा निर्वाहमुखी कृषि प्रणाली, समयमा कृषि मल, बिउ र सामाग्री उपलब्ध नहुनु, बढ्दो आयातलाई न्यूनीकरण गरी कृषिलाई व्यवसायिकरण, आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु लगायतका समस्या तथा चुनौतीहरु यस गाउँपालिकामा रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| वैज्ञानिक, व्यवसायिक, उच्च प्रतिफलयूक्त निर्यातमूखी कृषि |
| **लक्ष्य** |
| ✓ खाद्य र पोषण सुरक्षा, व्यवसायिक कृषि, पशुपन्छीपालनमार्फत रोजगारी सिर्जना गरी समृद्ध गाउँपालिका निमार्ण गर्न योगदान पुर्‍याउने। |
| **उद्देश्यहरू** |
| ✓ कृषि र पशुपालनमा आधुनिकीकरण गरी कृषकको जीवन स्तरमा सुधार गर्नु।<br>✓ खाद्य वस्तु र खाद्यान्नमा आत्म निर्भर हुने वातावरणको सिर्जना गर्नु। |

## रणनीति

- ✓ व्यवसायिक कृषि र पशुपालनको प्रवर्द्धन गर्ने ।
- ✓ कृषि, पशु तथा पन्छी जन्य उत्पादनलाई मूल्य श्रृंखलामा आवद्ध गर्ने ।
- ✓ स्थानीय विशिष्टीकृत उत्पादनको ब्रान्डिङ र बजारीकरणमा जोड दिने ।

### मुख्य कार्यक्रम

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | बाझो जमिनमा खेती गर्ने नितीगत व्यवस्था | कृषि कार्यमा प्रोत्साहन | २०८१-०८२ २०८१-०८२ | ४०० | |
| २ | कृषकहरुलाई बेमौसमी खेतीका लागि प्रोत्साहन | कृषि क्षेत्रमा आर्थिक समृद्धि | २०८१-०८२ २०८२-०८३ | १००० | |
| ३ | उन्नत नश्ल पशु विकास कार्यक्रम सञ्चालन | पशुपालन क्षेत्रमा आर्थिक समृद्धि | २०८१-०८२ २०८१-०८२ | ५०० | |
| ४ | नमुना कृषी तथा पशु पकेट क्षेत्र विकास | कृषि तथा पशुपालनमा सहजता | २०८१-०८२ २०८२-०८३ | ३५०० | |
| ५ | चौंरी तथा चरण खर्क संरक्षण तथा विकास | प्राकृतिक संरक्षण/चौंरी पालनमा प्रोत्साहन | २०८१-०८२ २०८२-०८३ | ३०० | |
| ६ | कृषक तालिम र भ्रमण कार्यक्रमहरु सञ्चालन | कृषि कार्यमा जनचेतना अभिवृद्धि | २०८१-०८२ २०८२-०८३ | ३०० | |
| ७ | उच्च मुल्य श्रङ्खला अभिमुखीकरण कार्यक्रम | उत्पादित सामाग्रीको बजारीकरणमा सहजता | २०८१-०८२ २०८१-०८२ | २५० | |
| ८ | व्यावसायिक कफी खेतीका लागी पुर्वाधार तयार गरी कार्यक्रम सञ्चालन | कफी खेती मार्फत आयआर्जन | २०८१-०८२ २०८१-०८२ | ६०० | |
| ९ | स्थानीय उत्पादन (आलु, चिया, अलैची, किवी, चौरीको चिज) को ब्रान्डिङ | स्थानीय उत्पादनको ब्रान्डीङ | २०८१-०८२ २०८२-०८३ | ६०० | |
| १० | दुग्ध चिस्यान केन्द्र निमार्ण | स्थानीय उत्पादनको बजारीकरण | २०८१-०८२ २०८२-०८३ | ३००० | |
| ११ | कृषि उपज संकलन केन्द्र निर्माण | कृषि कार्यलाई प्रोत्साहन | २०८१-०८२ २०८२-०८३ | १००० | |
| १२ | प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम | आधुनिक प्रविधिमा जोड | २०८१-०८२ २०८२-०८३ | ५०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १३ | कृषि तथा पशु बिमा कार्यक्रम सञ्चालन | कृषि तथा पशुपालनमा वृद्धि | २०८१-०८२ २०८२-०८३ | ५०० | |
| १४ | अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरुसँग आवद्धता विकास | कृषिकार्यसँग सम्बन्धित जनशक्ति उत्पादनमा प्रोत्साहन | २०८१-०८२ २०८२-०८३ | २३० | |

## जोखिम पक्ष तथा अनुमान

आयोजनाहरुको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको समन्वयात्मक र सक्रिय सहभागिता रहने, ठुला आयोजनाहरुको कार्यान्वयनमा दातृ निकायबाट सहयोग प्राप्त हुने, सार्वजनिक, निजी साझेदारीमा योजनाहरुको कार्यान्वयन हुने, गाउँपालिकाको आन्तरिक स्रोत परिचालन हुने ।

## जडीबुटी

नेपालमा भौगोलिक तथा जैविक विविधताका कारण वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । यस गाउँपालिकामा एकातर्फ भौगोलिक तथा जैविक विविधता हुनु र वनजंगल क्षेत्रले कुल भूभागको ६६.०१ प्रतिशत ओगटेका कारणले वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडिबुटीहरू पाइन्छन् । यो गाउँपालिकामा पाइने मुख्य जडिबुटीहरूमा चिराईतो, पाँचऔंले, जटामसी, पाखनभेद, कुड्की, पदमचाल, सुनापाती, धुपी, वनलसुन, सतुवा, बाझो, गुर्जो, मजिटो, धसिङ्ग्रे, कालोमुस्ली, सेतोमुस्ली, यार्सागुम्मा जस्ता बहुमुल्य जडिबुटि उत्पादन तथा बिक्री हुने गरेको देखिन्छ । यस्ता जडीबुटीहरुको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीयवासीको आयआर्जनमा समेत सुधार ल्याउन सकिन्छ ।

## रणनीति

- ✓ गाउँपालिकामा पाइने बहुमुल्य जडीबुटीको पहिचान र संरक्षण गर्ने ।
- ✓ कृषकलाई व्यवसायिक जडीबुटी उत्पादनका लागि प्रोत्साहन गर्ने ।
- ✓ जडीबुटी उत्पादनलाई एकीकृत गरी व्यवसायिकता प्रवर्द्धन गर्ने ।
- ✓ विभिन्न प्रकारका औषधीजन्य महत्वपुर्ण जडिबुटीहरुको संरक्षण र सम्बर्द्धन गर्ने ।

## पशुपंक्षी विकास

गाउँपालिकाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार यहाँ अनुमानित ५ हजार भन्दा बढीको संख्यामा बाखा पालन गरिएको छ । त्यसैगरी १ हजार भन्दा बढी गाई, ७ सयभन्दा बढी भैंसी, २ सयभन्दा बढी चौंरी, २४ वटा जोक्पो र ९३ वटा याक/नाक जस्ता पशुहरु रहेका छन् । यहाँ चौंरी गाईको दुधबाट एउटा चिज फ्याक्ट्रि सञ्चालन गरिएको छ । तथापी व्यावसायिक रुपमा विधिवत दर्ता गरी भने १ बाखापालन केन्द्र र १ च्याउ खेती केन्द्र संचालनमा रहेका छन् ।

व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, चौरी, भैँसी, कुखुरा, बाखा, बंगुर, याक/नाक पाल्ने र बिक्री गर्ने गरेका छन्। पशुपंक्षीपालनमा आधुनिकिकरण र व्यवसायिकरण हुन नसकेकाले यिनीहरूको बिक्रि वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ। हिमाली क्षेत्र अन्तर्गतको यस पालिकामा पशुपालनको राम्रो सम्भावना भएकाले व्यावसायिक रुपमा गाई, भैँसी, चौरी पालनमार्फत दुध, छुर्पी, घ्यूको उत्पादन वृद्धि गरी निर्यात प्रर्वद्धन गर्न सकिन्छ।

## समस्या तथा चुनौती

पशुपंक्षी पालन कार्यलाई व्यवसायिक बनाउनु, बजारको माग अनुसारको उत्पादन र आपूर्ति संयन्त्रको व्यवस्था नहुनु, स्थानीय प्रजातीका पशुपंक्षी संरक्षणका लागि पर्याप्त अध्ययन अनुसन्धान नहुनु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

| दीर्घकालीन सोच |
| --- |
| व्यवसायिक पशुपन्छी पालनमार्फत आर्थिक समृद्धि |
| **लक्ष्य** |
| ✓ आधुनिक, वैज्ञानिक र व्यवसायिक पशुपन्छी पालनमार्फत निर्यातमूखी उत्पादनलाई बढावा दिने।<br>✓ पशुपन्छी पालनद्वारा समृद्ध गाउँपालिका निर्माण गर्न योगदान पुऱ्याउने। |
| **उद्देश्यहरू** |
| ✓ पशुपन्छी पालनलाई व्यवसायिक बनाउनु।<br>✓ पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु।<br>✓ पशुपन्छीको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु। |

## रणनीति

- ✓ पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमूखीकरण गर्ने।
- ✓ युवा उद्यमीहरूलाई पशुपन्छीपालनतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने।
- ✓ पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने।
- ✓ कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने ।
- ✓ पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने।
- ✓ पशुपन्छीपालनमा इच्छुक कृषक पहिचान गर्ने।
- ✓ पशुपन्छीको स्थानीय माग पूरा गरी निर्यात गर्ने।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | उन्नत नश्ल पशु विकास कार्यक्रम सञ्चालन | आधुनिक पशुपालनमा प्रोत्साहन | २०८१-०८२ २०८१-०८२ | ५०० | |
| २ | चरण खर्क संरक्षण तथा विकास | प्राकृतिक संरक्षण तथा चौंरी पालनमा प्रोत्साहन | २०८१-०८२ २०८२-०८३ | ३५० | |
| ३ | कृषि तथा पशु बिमा कार्यक्रम सञ्चालन | कृषकलाई प्रोत्साहन | २०८१-०८२ २०८२-०८३ | ५०० | |
| ४ | उत्कृष्ट पशुपालक कृषक पुरस्कारको प्रबन्ध | कृषकलाई प्रोत्साहन | २०८१-०८२ २०८१-०८२ | ४० | |

### जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा कृषि तथा पशु बिमा कार्यक्रम सञ्चालन हुने, उत्कृष्ट पशुपालक कृषकलाई पुरस्कारको व्यवस्था हुने, पशुपन्छीपालनमा इच्छुक कृषकको पहिचान गरिने, पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने, पशुपन्छी पालनलाई व्यवसायिक बनाउने तथा पशुपन्छी पालनमा अनुदान, सहुलियत प्राप्त भएको हुनेछ । उल्लेखित क्रियाकलाप प्राथमिकता र उचित लगानीका साथ संचालन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ। गाउँपालिका क्षेत्रमा पशुपंक्षी पालक कृषकको तथ्याङ्क उपलब्ध, प्राविधिक सेवाको विस्तार र सहज पहुँच स्थापना, संकलन तथा बिक्री वितरण केन्द्रको स्थापना पशुपंक्षी पालक कृषकलाई सहुलियत दरको ऋण तथा अनुदान उपलब्ध भएमा व्यवसायिक उत्पादन फस्टाउने सम्भावना रहन्छ। उपयुक्त लगानी, कृषक अभिमुखिकरण, बजारको पहिचान, माग र आपूर्तिबीच सम्बन्ध कायम गराउन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ३.३ सहकारी

### पृष्ठभूमि

पूँजीको संकलन र उचित सदुपयोगमार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय अर्थतन्त्रको प्रमुख खम्बामध्ये एक महत्वपूर्ण खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्र सुदृढिकरणमा मुख्य सहयोगी भूमिका हुन्छ। जहाँ वित्तीय संस्थाहरु धेरै र निरन्तर सक्रिय रहन्छन् गाउँपालिकामा हाल विधिवत् दर्ता भई सञ्चालनमा रहेका कृषि सहकारी ७ वटा र वडा न.३ मा सिटिजन बैंक रहेको छ ।

## समस्या तथा चुनौती

शहर केन्द्रीत सहकारी, सामाजिक पुँजी निर्माण भन्दा ऋण परिचालनमा जोड, फितलो नियमन, पारदर्शिता र आर्थिक अनुशासनमा कमी लगायतका समस्या तथा चुनौतीको विद्यमानता यो गाउँपालिकामा समेत रहेको छ ।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालिन सोच |
| --- |
| सामुहिकता र सहकार्यमार्फत सवल ग्रामीण अर्थतन्त्रको निर्माण |
| **लक्ष्य** |
| सहकारीको संस्थागत विकासमार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने । |
| **उद्देश्यहरू** |
| ✓ सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्नु<br>✓ सहकारी क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु |

## रणनीति

१. सहकारी शिक्षाको माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने ।

२. उचित कार्यविधि तथा निर्देशिका निर्माण गरी नियमन तथा व्यवस्थापन

३. सहकारी नीति परिमार्जन तथा निर्माण गरी पालिकालाइ अर्थतन्त्र मैत्रीबनाउने ।

४. सहकारीलाई व्यवसायीकीकरणका अभ्याससँग एकीकृत गर्ने ।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
| --- | --- | --- | --- | --- | --- |
| १ | स्थानीय सञ्चारमाध्यममार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन | सहकारी शिक्षामा प्रवर्द्धन | ०८१/८२-०८३/८४ | २०० | |
| २ | महिला सहकारी विकास तथा विस्तार उत्प्रेरणा तालिम | महिला सहकारीलाई प्रोत्साहन | ०८१/८२-०८१/८२ | १०० | |
| ३ | सहकारी व्यवस्थापन कार्यविधि प्याकेज, नीति, कानून तथा मापदण्ड निर्माण | कानून निर्माण | ०८१/८२-०८१/८२ | २०० | |
| ४ | सहकारीले स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन | अर्थतन्त्रको अध्ययन | ०८३/८४ ०८३/८४ | ५०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ५ | कृषि सघन क्षेत्र स्तरिय कृषि सहकारी संस्था विस्तारका लागि कृषक अन्तरक्रिया कार्यक्रम | कृषकलाई प्रोत्साहन | ०८३/८४ ०८३/८४ | १०० | |
| ६ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | सम्भाव्यता अध्ययन | ०८१/८२ ०८१/८२ | ५०० | |
| ७ | अति विपन्न नागरिक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण | सहकारीमा सबै वर्गका नागरिकको पहुँच वृद्धि | ०८१/८२-०८३/८४ | ५०० | |
| ८ | उत्कृष्ट सहकारी पुरस्कार प्रदान | प्रोत्साहनमूलक कार्यक्रम | ०८१/८२-०८३/८४ | ५०० | |
| ९ | सहकारी खेती, सहकारी उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न चाहने उद्यमीलाई विशेष तालिम | क्षमता अभिवृद्धि | ०८१/८२-०८३/८४ | ५०० | |
| १० | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन | उद्योग क्षेत्रको प्रवर्द्धन | ०८१/८२-०८३/८४ | ५०० | |

### जोखिम पक्ष तथा अनुमान

सहकारीको मूल मर्म र भावना अनुसार सहकारीका सदस्य र सञ्चालकलाई अभिमुखीकरण, सहकारीको माध्यमबाट सामाजिक सद्भावको निर्माण, रचनात्मक र प्रतिस्पर्धात्मक भावनाको विकास, सहकारीमार्फत औद्योगिकरण, गरिबी निवारण, लक्षित वर्गको स्तरोन्नतीमा टेवा पुऱ्याउने कार्यक्रममा विस्तार गर्न सकेमा अपेक्षित उपलब्धी हासिल हुन सक्छ। पर्याप्त लगानी, विषयगत ज्ञान र सूचनाको सम्प्रेषण गर्न नसकेमा उपलब्धी हासिल नहुन जोखिम रहन्छ।

## ३.४ पर्यटन

### पृष्ठभूमि

नेपालको अर्थतन्त्रमा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ। पर्यटन क्षेत्र नेपालको आर्थिक विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो। पर्यटक आवागमनका दृष्टिकोणले सोलुखुम्बु एक प्रमुख पर्यटकीय जिल्ला हो। विश्वको उच्च शिखर सगरमाथा हिमाल लगायत अन्य हिमशृंखला, झरना, हिमनदीहरू यहाँका आकर्षणका केन्द्र हुन्। तसर्थ, पर्यटनको हब (Hub) यो जिल्लाको लिखु पिके गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकीय स्थलहरूको (धार्मिक तथा पर्यटकीय) पहिचान गरिएको छ। हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको दिगो विकास हुन नसकेता पनि लिखु पिके गाउँपालिका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक हिसाबले महत्वपूर्ण मानिन्छ। यहाँ अवस्थित पिके डाँडा अत्यन्त महत्वपूर्ण पर्यटकिय क्षेत्र हो जहाँबाट सगरमाथा लगायतका महालंगुर, क्यासर, नुम्बुर, पुमोरी, लोत्से जस्ता हिमशृंखलाको अवलोकन गर्न सकिन्छ।

सगरमाथा पदमार्ग पिके डाँडा हुँदै सगरमाथाको आधार शिविरमा गएर टुंगिन्छ। यो रुट भएर वर्षेनी हजारौंको संख्यामा बाह्य तथा आन्तरिक पर्यटकहरुले पदयात्रा गर्ने गरेका छन् । यसका साथै गाउँपालिकाभित्र आफ्नै मौलिक विशेषता र महत्व बोकेका विभिन्न २५ भन्दा बढी धार्मिक तथा पर्यटकिय क्षेत्रहरु पनि रहेका छन् । गाउँपालिकामा रहेका हिन्दु देवालय तथा मन्दिरहरूका साथै बौद्ध मार्गीहरूका बिहार र गुम्बाहरू भएकाले ति क्षेत्रहरूको विकासमार्फत धार्मिक पर्यटन प्रर्वद्धन गर्न सकिन्छ । शेर्पा र तामाङ बाहुल्यता रहेको यस गाउँपालिकामा होमस्टे र सांस्कृतिक पर्यटनको समेत उत्तिकै सम्भावना रहेको छ ।

## समस्या तथा चुनौती

गाउँपालिकामा रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसारको कमी, पर्यटनमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, स्थानीय संस्कृतिलाई पर्यटन विकाससँग आवद्ध गर्नु, सडक यातायातको उचित पहूँचको व्यवस्था नहुनु, पर्यटन पूर्वाधारहरुको विकास गर्नु, पर्यटन क्षेत्रमा लगानीको कमी, पर्यटकिय पूर्वाधारका कार्यक्रमलाई विशेष प्राथमिकता नदिनु लगायतका समस्या तथा चुनौतीहरु यस गाउँपालिकामा विद्यमान रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| पर्यटकीय क्षेत्रमा पर्यटकीय पूर्वाधारको विकास |
| **लक्ष्य** |
| पर्यटकीय क्षेत्रमा पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटनको माध्यमबाट स्थानीयको आर्थिक गतिविधि बढाउने । |
| **उद्देश्यहरू** |
| ✓ पर्यटनलाई रोजगारीसँग जोडेर आर्थिक वृद्धि गर्नु । <br> ✓ स्थानीय कला, संस्कृति र प्राकृतिक विविधताको संरक्षण गर्दै पर्यटनसँग आबद्ध गर्नु । |

## रणनीति

१. पर्यटन पूर्वाधार निर्माण गर्ने ।
२. मौलिक कला तथा साँस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आबद्ध गर्ने ।
३. पर्यटक संख्या, बसाई अवधि र खर्च मार्फत आयआर्जनमा वृद्धि गर्ने ।
४. प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडकहरुको स्तरोन्नती गर्ने ।
५. गाउँपालिकाका पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (शुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | पर्यटकीय गन्तव्य सम्म पुग्न भौतिक पुर्वाधार विकास | पर्यटन पुर्वाधार विकास | ०८१/८२ ०८३/८४ | ६५०० | |
| २ | पर्यटन गुरुयोजना तर्जुमा | गुरुयोजना निर्माण | ०८१/८२- ०८१/८२ | १००० | |
| ३ | पर्यटन सूचना केन्द्र स्थापना गर्ने, पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार र अन्तर स्थानीय तह समन्वय | पर्यटन क्षेत्रको विकास तथा विस्तार | ०८१/८२ ०८३/८४ | ६०० | |
| ४ | पर्यटकीय स्थलहरुमा पर्यटकीय पूवाधार विकास | पर्यटन पूवाधार निर्माण | ०८१/८२- ०८३/८४ | २५०० | |
| ५ | ऐतिहासिक तथा पूरातात्विक महत्वका क्षेत्रको संरक्षण | संस्कृति सम्पदा को जर्गेना | ०८१/८२ ०८३/८४ | ५०० | |
| ६ | सम्भाव्य स्थानहरुमा मनोरञ्जन पार्क, पिकनिक स्थल, विभिन्न धार्मिक तथा ऐतिहासिक प्रतिमाहरु निर्माण | धार्मिक तथा ऐतिहासिक स्थलको संरक्षण | ०८१/८२ ०८२/८३ | ३३०० | |
| ७ | पर्यटकीय स्थलहरुमा सरसफाईका कार्यक्रमहरु | सफा र सुन्दर पालिका निर्माण | ०८१/८२ ०८३/८४ | ३०० | |
| ८ | निजी क्षेत्रमा लगानी मैत्री नीति निर्माण | निजी क्षेत्रसँग साझेदारी | ०८१/८२- ०८१/८२ | २०० | |
| ९ | नयाँ गन्तव्यहरुको खोजी र विकास गरी पर्यटकीय प्रवेश अनुमतिको व्यवस्था | पर्यटन प्रवर्द्धन | ०८२/८३ ०८२/८३ | २०० | |
| १० | आवश्यक गाइड, कुक, वेटरलाई तालिम | क्षमता अभिवृद्धि | ०८१/८२- ०८२/८३ | ६०० | |

## जोखिम पक्ष तथा अनुमान

बृहत पर्यटन विकास गुरुयोजना निर्माण, पर्यटकीय दृष्टिकोणले सम्भाव्य क्षेत्रको पहिचान, पर्यटन विकासमा आन्तरिक स्रोतको परिचालन, पर्यटन क्षेत्रमा वित्तीय संस्थाको ऋण लगानी, पर्यावरणीय संरक्षण, आतिथ्य सत्कार जस्ता आधारभूत पक्षमा गाउँपालिका र समग्र गाउँपालिकाबासी प्रतिबद्ध भएर लागेमा पर्यटनको क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल हुने देखिन्छ । आधारभूत मानवीय सीप र कौशल तथा भौतिक पूर्वाधारको अभावमा पर्यटकीय क्षेत्रले विकासको गति नलिने जोखिम रहन्छ ।

## ३.५ उद्योग, व्यापार व्यावसाय तथा आपूर्ति

### पृष्ठभूमि

उद्योग क्षेत्र आर्थिक विकासको प्रमुख आधार स्तम्भ हो । यसले कुनै पनि ठाउँको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । मुख्यतयाः कृषि, पशुपालन पेशामा संलग्न घरपरिवारको संख्या बढी भएको ग्रामीण इलाका भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ उचित विकास भएको छैन् । तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ । यद्यपि गाउँपालिकामा हाल चिया कारखाना, जडीबुटी प्रशोधन र चिज उद्योग गरी ३ वटा ठूला उद्योगहरु सञ्चालनमा रहेका छन् । यी बाहेक सिमीत मात्रामा घरेलु तथा कुटिर उद्योगहरु सञ्चालनमा रहेका छन् । गाउँपालिकामा दैनिक घरायसी उपभोगका सामाग्री, निर्माण सामाग्री, औषधी, इन्धन, लत्ताकपडा, भाडाँकुडा, शृंगारका सामाग्री, इलेक्ट्रोनिक्स सामाग्री सम्बन्धी व्यापार व्यवसायहरु पनि संचालनमा रहेका छन् । गाउँपालिकामा खानीसम्बन्धी सम्भाव्यता रहेको भन्ने स्थानीयहरुको भनाई रहेतापनि उत्खनन् भने भएको छैन् ।

### समस्या तथा चुनौती

स्तरीय सडक यातायात, औद्योगिक पूर्वाधार तथा बजारको व्यवस्था नहुनु, लगानीमैत्री वातावरणको सिर्जना गरी उद्योग क्षेत्रमा लगानी आकर्षित गर्नु, उद्यमशील सोचको विकास हुन नसक्नु, स्थानीय उत्पादनको निर्यात गर्नु, वित्तीय पहूँचको कमी हुनु, बाह्य बजारसँग पहूँचको अभाव हुनु, सडक, विद्युत आदि भौतिक पूर्वाधारको पहूँच वृद्धि गर्नु, युवा जनशक्तिलाई उद्यमशीलता तर्फ आकर्षित गराउनु लगायतका समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| उद्योग, व्यवसाय तथा व्यापारको विकास र विस्तारद्वारा गाउँपालिकाको अर्थतन्त्रमा योगदान |
| **लक्ष्य** |
| ✓ उद्योग, व्यवसाय र व्यापारको विकास र विस्तारद्धारा गाउँपालिकाको अर्थतन्त्रमा योगदान बढाउने । |
| **उद्देश्यहरू** |
| ✓ उद्योग, व्यापार र व्यवसायको विकास गरी आय र रोजगारी वृद्धि गर्नु । |
| ✓ गाउँपालिकामा उत्पादन हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापनामार्फत आर्थिक वृद्धिदर हासिल गर्नु । |
| ✓ स्थानीय बजार प्रबर्द्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्नु । |

### रणनीति

- ✓ उद्यमशीलताको प्रवर्द्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने ।
- ✓ व्यापार व्यावसायको विकास तथा विस्तारमा जोड दिने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | औद्योगिक प्रवर्द्धन नीति एवं कानून तर्जुमा | कानुनी दस्तावेज तय | ०८०/८१ ०८१/८२ | ३०० | |
| २ | उद्योग, व्यापार तथा व्यवसायमा लगानी आकर्षण | उद्योग तथा व्यापार क्षेत्र विस्तार | ०८१/८२ ०८२/८३ | ५०० | |
| ३ | औद्योगिक ग्रामको पूर्वाधार स्थापना | औद्योगिक ग्राम स्थापना | ०८१/८२ ०८२/८३ | १००० | |
| ४ | उद्योग, व्यापार तथा व्यवसायहरुलाई कानूनी प्रक्रिया | कानूनी दस्तावेज निमार्ण | ०८२/८३ ०८२/८३ | २०० | |
| ५ | परम्परागत उद्योगको आधुनिकीकरण र प्रवर्द्धन | परम्परागत पेशाको संरक्षण | ०८१/८२- ०८३/८४ | १५०० | |
| ६ | स्थानिय उत्पादनहरुको प्रशोधन, लेवलिङ, ब्रान्डिङ तथा प्याकेजिङ | स्थानीय उत्पादनको बजारीकरण | ०८१/८२ ०८३/८४ | १५०० | |
| ७ | उद्यमशीलता तालिम तथा सीप र क्षमता विकास तालिम | आयआर्जनमा प्रोत्साहन | ०८१/८२ ०८१/८२ | २०० | |
| ८ | महिला उद्यम विकास कार्यक्रम संचालन | महिला उद्यमीलाई प्रोत्साहन | ०८१/८२ ०८१/८२ | १००० | |
| ९ | औद्योगिक पूर्वाधारको विकास | औद्योगिक पूर्वाधार निर्माण | ०८१/८२ ०८२/८३ | १००० | |
| १० | उत्पादित बस्तुको व्यापार व्यावसायका लागी बाह्य बजारसँग समन्वय | उद्यमीलाई प्रोत्साहन/उत्पादीत वस्तुको बजारीकरण | ०८२/८३ ०८२/८३ | ४०० | |
| ११ | बजारको नियमित अनुगमन | वस्तुको गुणस्तरमा सुधार/मूल्य एकरुपता | ०८०/८१ ०८२/८३ | ५०० | |
| १२ | उत्पादित वस्तुको निर्यातमा बढवा | उत्पादित वस्तुको निर्यातमा वृद्धि | ०८१/८२ ०८२/८३ | २५० | |

## जोखिम पक्ष तथा अनुमान

उद्योगहरुको स्थापनाका लागी स्थानीय व्यवसायीहरुलाई आकर्षित गर्नु, अन्तर सरकार समन्वय, निजी क्षेत्रको सहयोग, स्थानीय निकायले लगानीमैत्री वातावरण तयार गर्नु, लगानी सुरक्षाको प्रत्याभूत हुनू, उद्योग स्थापनाका

सम्भाव्य क्षेत्रको पहिचान, उपभोक्ता हित कार्यक्रम, बजार अनुगमन जस्ता क्रियाकलाप सञ्चालन गर्न सकेको खण्डमा गाउँपालिकामा खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको पर्याप्त विकास हुन सक्छ। भौतिक, आर्थिक, वित्तीय, प्राविधिक, मानवीय र पर्यावरणीय पूर्वाधारको पर्याप्त विकास हुन नसकेमा उद्योग क्षेत्रको उद्देश्य प्राप्त नहुने जोखिम रहन्छ।

## ३.६ बैङ्क, वित्तीय तथा सहकारी क्षेत्र

### पृष्ठभूमि

सवल अर्थतन्त्र निर्माणका लागि बैंक तथा वित्तीय संस्थाको क्रियाशिलता अपरिहार्य हुन्छ। यो गाउँपालिका पूर्णत ग्रामीण परिवेशमा रहेको, उपभोक्ता बजारहरूको विकास नभएकोले पूँजी बजार विकास तथा प्रवाह तुलनात्मकरुपमा कमजोर छ। हाल गाउँपालिकामा वित्तिय व्यवस्थापनको लागी वडा नं. ३ चौलाखर्कमा सिटिजन्स वैंकले बैंकिङ सेवा प्रदान गरिरहेको छ भने ७ वटा सहकारी संस्थाको स्थापना गरी आर्थिक कारोवार गरीरहेको छ। २०७८ को जनगणना अनुसार यहाँका करिब २४.१८ प्रतिशत घरधुरी परिवारका सदस्यको बैंक खाता रहेको छ।

### समस्या तथा चुनौती

बजार केन्द्रीत बैंक तथा वित्तीय संस्था, न्यून बचत तथा पुँजी परिचालन, न्यून आर्थिक क्रियाकलाप, सहकारी संस्थालाई न्यून आय र सीपयुक्त नागरिकको सशक्तिकरणका लागि परिचालन गर्न नसक्नु जस्ता समस्या र चुनौती यस पालिकामा समेत रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता |
| **लक्ष्य** |
| प्रत्येक घरधुरीमा बैंक तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ बैंक तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु<br>✓ सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उद्योग, कृषि, पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु |

### रणनीति

- ✓ वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने।
- ✓ व्यवसायिक, उत्पादनमूलक साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन | वित्तीय पहुँचको आँकलन | ०८१/८२ ०८१/८२ | ३०० | |
| २ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | सहज बैङ्किङ सेवा | ०८०/८१- ०८२/८३ | ९०० | |
| ३ | महिलाको बैङ्किङ जनचेतनामूलक कार्यक्रम प्रशारण | बैङ्किङ सेवामा महिलाको सहज पहुँच | ०८१/८२- ०८३/८४ | २३० | |
| ४ | उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया सहजिकरण | उद्योग र वित्तीय संस्थाबीच असल सम्बन्ध | ०८१/८२ ०८३/८४ | १०० | |
| ५ | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष व्याज अनुदानको व्यवस्था | व्याज अनुदान | ०८१/८२- ०८३/८४ | ५०० | |

### जोखिम पक्ष तथा अनुमान

तहगत सरकारको वित्तीय साक्षरता, पहुँच र सहुलियत सम्बन्धी नीतिलाई स्थानीय बैंक तथा वित्तीय संस्थाले अंगीकार गरी कर्जा परिचालन, क्षेत्रगत ऋणको ब्याजमा सहुलियत, उत्पादनमुलक क्षेत्रमा कर्जा प्रवाह र लक्षित वर्गको बैंकिङ्ग सेवामा पहुँच विस्तार गर्न सकेमा उल्लिखित नीति रणनीति हासिल हुने सो अनुसार कार्य गर्न नसकेमा उद्देश्य प्राप्तिमा जोखिम देखिन्छ ।

## ३.७ गरीबी निवारण

### पृष्ठभूमि

वि.सं. २०१३ सालदेखि हालसम्मका आवाधिक योजनाहरुमा सबैभन्दा उल्लिखित र पेचिलो मुद्धाको रुपमा गरीबी निवारण रहेको छ । दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन् २०३० सम्म सबै प्रकारको गरीबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्ने रहेको छ ।

### समस्या तथा चुनौती

गरिबीको वास्तविक कारण पहिचानको कमी, वितरणमूखी कार्यक्रम, निर्वाहमूखी कृषि पेशा, सीप र रोजगारमुलक शिक्षाको कमी, श्रमको सम्मान गर्ने संस्कृतिको अभाव लगायतका समस्या र चुनौती व्याप्त रहेको छ ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ज्ञान, सीप र उद्यमशिलताको विकास गरी शुन्यमा झार्ने गरिबी |
| **लक्ष्य** |
| आगामी पाँच वर्षमा हालको गरिबीलाई पचास प्रतिशत कम गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ निरपेक्ष र बहुआयामिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने । |

## रणनीति

- ✓ गरीबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने ।
- ✓ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- ✓ विपन्न लक्षित सीपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | गरीबीका कारण र गरिब परिवार पहिचान | कारण सहित अद्यावधिक तथ्याङ्कको उपलब्धता | ०८०/८१ ०८१/८२ | ३०० | |
| २ | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | सूचना तथा तथ्याङ्क संकलन | ०८१/८२ ०८१/८२ | ५०० | |
| ३ | गरिब लक्षित पोषण तथा खाद्य सूरक्षा कार्यक्रम | पोषण तथा खाद्य सुरक्षा | ०८१/८२- ०८३/८४ | २२०० | |
| ४ | विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम | स्वास्थ्यमा सुलभ पहुँच | ०८१/८२- ०८३/८४ | ४०० | |
| ५ | विपन्न नागरीक आवास कार्यक्रम | आवासको सुनिश्चितता | ०८१/८२- ०८३/८४ | ४००० | |
| ६ | दक्ष कृषि श्रमिक श्रोतकेन्द्र स्थापना | कृषि श्रमिक श्रोतकेन्द्र स्थापना | ०८३/८४ ०८३/८४ | ५०० | |
| ७ | कृषि श्रमिकलाई सीपमूलक तालिम | कृषिमा दक्ष जनशक्ति विकास | ०८१/८२ ०८३/८४ | १०५० | |
| ८ | आवश्यकतामा आधारित तालिम सञ्चालन | सीप र स्वरोजगारीलाई प्रोत्साहन | ०८१/८२- ०८३/८४ | १०५० | |
| ९ | रोजगार सूचना प्रणाली र बैंकको स्थापना | रोजगारदाता र रोजगारको सहज सर्म्पक | ०८१/८२ ०८१/८२ | ३०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ वर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १० | विपन्न लक्षित विशेष भूमि बैंक स्थापना | भूमि बैङ्क स्थापना | ०८२/८३ ०८२/८३ | ९०० | |
| ११ | अति विपन्न परीवार लक्षित उद्यमी अनुदान | उद्यमी अनुदान | ०८१/८२-०८३/८४ | ६५० | |

## जोखिम पक्ष तथा अनुमान

पालिका क्षेत्रमा बसोबास गर्ने गरिब, घरपरिवारविहिन, बेरोजगारको लगत संकलन, गरिबीको कारण र सम्बोधनका उपायको पहिचान, लक्षित वर्ग कार्यक्रम सञ्चालन, जोखिमयुक्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरण, विभिन्न तहका सरकार र क्षेत्रले सञ्चालन गर्ने कार्यक्रमबीच समन्वय, सीप विकास, उद्यमशीलता विकास, मनोसामाजिक रुपान्तरणका कार्यक्रम प्राथमिकता र पर्याप्त स्रोत विनियोजका साथ कार्यान्वयन गरिएमा गरिबी निवारणका उद्देश्य प्राप्ति हुन्छ भने कोभिड-१९ जस्ता महामारी, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिले गरिबीको सघनतालाई झन बढाउने जोखिम हुन्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १. | कृषि | | | | | | | |
| | प्रभाव | कृषि क्षेत्रको वृद्धि दर | प्रतिशत | | | | | |
| | प्रभाव | कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनका योगदान | प्रतिशत | | | | | |
| | प्रभाव | उच्च खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशत | | | | | |
| | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिनको | प्रतिशत | | | | | |
| | असर | माटोमा औषत जैविक पदार्थको मात्रा | प्रतिशत | | | | | |
| | असर | झाडी बुट्यान र बाँझो जमिनको | प्रतिशत | | | | | |
| | असर | पूर्णरुपमा व्यवसायिक कृषिमा प्रयोग भइहेको जमिन (प.दि.वि.ल.( २.४.१) | प्रतिशता | | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | असर | वर्षैभरी सिंचाई सुविधा पुगेको जमिन ( प.दि.वि.ल.(२.४.३) | प्रतिशता | | | | | |
| | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | | | | | |
| | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | | | | | |
| | असर | व्यवसायीक कृषिमा लागेका ४० वर्ष मूनिका युवा कृषक | संख्या | | | | | |
| | असर | आलु उत्पादन | मेट्रिक टन | | | | | |
| | असर | धान उत्पादन | मेट्रिक टन | | | | | |
| | असर | मकै उत्पादन | मेट्रिक टन | | | | | |
| | असर | कोदो उत्पादन | मेट्रिक टन | | | | | |
| | असर | अन्य फलफुल | मेट्रिक टन | | | | | |
| | असर | अन्य तरकारी उत्पादन | मेट्रिक टन | | | | | |
| | असर | दुध उत्पादन | लिटर | | | | | |
| | प्रतिफल | कृषि सूचना तथा श्रोत केन्द्र | संख्या | | | | | |
| | प्रतिफल | एग्रोभेट | संख्या | | | | | |
| | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | | | | | |
| | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | | | | | | |
| | प्रतिफल | Custom Hiring Center | संख्या | | | | | |
| | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | | | | | | |
| | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | | | | | |
| | प्रतिफल | कृषि घुम्ती सेवा | वार्षिक संख्या | | | | | |
| | प्रतिफल | कृषक पाठशाला | संख्या | | | | | |
| | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | | | | | |
| | प्रतिफल | ब्रान्डेड कृषि उपज | संख्या | | | | | |
| | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | | | | | |
| | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रयोगकर्ता | कृषक संख्या | | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | | | | | |
| | प्रतिफल | सामुहिक खेतीमा संलग्न समूह | संख्या | | | | | |
| | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नश्ल | संख्या | | | | | |
| | प्रतिफल | जलवायू अनुकूलन विशेष बालीनाली | संख्या | | | | | |
| | प्रतिफल | सामुदायिक बीज बैंकको संख्या प.दि.बि.ल (२.५.२.४) | | | | | | |
| | असर | स्थानीयस्तरमा उत्पादन भई निकासी हुने बीज | संख्या | | | | | |
| | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता | कृषक संख्या | | | | | |
| | प्रतिफल | पालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम प.दि.बि.ल.(२.ख.१) | रू लाखमा | | | | | |
| | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कुल बजेटको) .प.दि.वि.ल.(२.क.१) | | | | | | |
| | प्रतिफल | बाली भित्र्याइसकेपछि हुने क्षती | प्रतिशतमा | | | | | |
| | प्रतिफल | वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | | | | | |
| | प्रतिफल | सन्तुलित मूल्य श्रृंखलामा समेटिएका कृषि उपज | संख्या | | | | | |
| | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | | | | | |
| | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | | | | | |
| | प्रतिफल | पशुधन निर्यातबाट प्राप्त रकम | लाखमा | | | | | |
| | प्रतिफल | पन्छीजन्य निर्यातबाट प्राप्त रकम | लाखमा | | | | | |
| | प्रतिफल | माछा निर्यातबाट प्राप्त रकम | लाखमा | | | | | |
| | प्रतिफल | मह निर्यातबाट प्राप्त रकम | लाखमा | | | | | |
| | प्रतिफल | कृषक समूह | संख्या | | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | | | | | |
| | प्रतिफल | व्यवसायिक जडिबुटी खेती गरिएको क्षेत्रफल जडिबुटी नर्सरी | संख्या | | | | | |
| | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | हेक्टर | | | | | |
| | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्रको | प्रतिशत | | | | | |
| | प्रतिफल | रासायनिक मल समयमा प्राप्त हुन नसकि प्रभावित कृषक | प्रतिशत | | | | | |
| | प्रतिफल | व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | | | | | |
| | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | हेक्टर | | | | | |
| | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | | | | | |
| | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | | | | | |
| | प्रतिफल | उन्नत नश्लका पशुपन्छी श्रोत केन्द्र | संख्या | | | | | |
| | प्रतिफल | रैथाने पन्छी तथा पशुपालक फार्म | संख्या | | | | | |
| | प्रतिफल | घाँसेबालीले ओगटेको कृषि क्षेत्र | हेक्टरमा | | | | | |
| | प्रतिफल | भेटिरिनरी प्रयोगशाला | संख्या | | | | | |
| | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | | | | | |
| | प्रतिफल | माछा पोखरीले हाटबजार ओगटेको क्षेत्रफल | हेक्टर | | | | | |
| | प्रतिफल | मौरी घार | संख्या | | | | | |
| | प्रतिफल | कृषि प्राविधिक तालिम तथा अभिमुखिकरण बाट पूर्ण लाभान्वित छु भन्ने कृषक | संख्या | | | | | |
| | प्रतिफल | माछाका भूरा वितरण संख्या | प्रतिवर्ष | | | | | |
| २ | **पर्यटन** | | | | | | | |
| | प्रतिफल | पर्यटक आगमन | संख्या | | | | | |
| | असर | रोजगारीमा योगदान | प्रतिशत | | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | असर | कूलग्राहस्थ उत्पादनमा योगदान | | | | | | |
| | असर | पर्यटक बसाइ अवधि भारतीय | दिन | | | | | |
| | असर | पर्यटक बसाइ अवधि तेस्रो मुलुक | दिन | | | | | |
| | असर | प्रति पर्यटक प्रतिदिन खर्च भारतीय | रुपैया | | | | | |
| | असर | प्रति पर्यटक प्रतिदिन खर्च तेस्रो मुलुक | डलर | | | | | |
| | प्रतिफल | आधारभूत पूर्वाधार पूर्ण भएका पर्यटकीय गन्तव्य | संख्या | | | | | |
| | प्रतिफल | तालिम प्राप्त पर्यटन सम्बद्ध जनशक्ति | संख्या | | | | | |
| | प्रतिफल | आधारभूत सुविधायुक्त होटल, रिसोर्ट, लज | संख्या | | | | | |
| | प्रतिफल | होमस्टे | संख्या | | | | | |
| | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | | | | | |
| | प्रतिफल | वार्षिक पर्यटन पात्रो अन्तर्गत समेटिएका पर्यटन गतिविधि | संख्या | | | | | |
| | प्रतिफल | चिनो, कोशेली तथा पर्यटन बिक्री केन्द्र | संख्या | | | | | |
| | प्रतिफल | नविनतम पर्यटन गन्तव्य | संख्या | | | | | |
| | प्रतिफल | पक्की सडकको पहुँच पुगेका पर्यटन गन्तव्य | संख्या | | | | | |
| | प्रतिफल | पूर्णरुपमा पर्यटनमा संलग्न रोजगारको | संख्या | | | | | |
| **३** | **खानी, खनिज, उद्योग वाणिज्य तथा आपूर्ति** | | | | | | | |
| | असर | गैर कृषि क्षेत्रमा (उद्योगमा) संलग्न रोजगारहरू | प्रतिशत | | | | | |
| | असर | कूल रोजगारीमा ठूला उद्योगको योगदान (९.२.२) | प्रतिशत | | | | | |
| | असर | कूल गार्हस्थ उत्पानमा उद्योग क्षेत्रको योगदान (प.दि.वि.ल. ८.३.१) | प्रतिशत | | | | | |
| | प्रतिफल | थोक व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | | | | | |
| | प्रतिफल | खुद्रा व्यापारमा संलग्न जनसंख्या | प्रतिशत | | | | | |
| | प्रतिफल | आयात मूल्य | रकममा | | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | प्रतिफल | निर्यात मूल्य | रकममा | | | | | |
| | प्रतिफल | थोक तथा खुद्रा व्यापारमा कुल लगानी | रकममा | | | | | |
| | प्रतिफल | खानीमा आधारित उद्योग संख्या | संख्या | | | | | |
| | प्रतिफल | साना उद्योग संख्या | संख्या | | | | | |
| | प्रतिफल | मझौला उद्योग संख्या | संख्या | | | | | |
| | प्रतिफल | ठूला उद्योग संख्या | संख्या | | | | | |
| | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | | | | | |
| | प्रतिफल | महिला उद्यमीहरूको संख्या | संख्या | | | | | |
| | प्रतिफल | युवा उद्यमीहरूको संख्या | संख्या | | | | | |
| | प्रतिफल | समग्र उद्यमीहरूको संख्या (व्यक्तिगत नाममा दर्ता) | संख्या | | | | | |
| ४ | **बैङ्क तथा वित्तीय क्षेत्र** | | | | | | | |
| | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार | संख्या | | | | | |
| | प्रतिफल | गाउँपालिकामा विस्तार भएका वाणिज्य बैङ्कको | संख्या | | | | | |
| | प्रतिफल | गाउँपालिकामा विस्तार भएका विकास बैङ्क | संख्या | | | | | |
| | प्रतिफल | गाउँपालिकामा विस्तार भएका लघुवित्त | संख्या | | | | | |
| | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | | | | | |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा वाणिज्य बैङ्कहरूमा शाखा (८.१०.१ क) | संख्या | | | | | |
| | प्रतिफल | प्रति १ लाख वयस्कहरूमा ए.टि.एम (८.१०.१ ख) प.दि.बि.ल) | संख्या | | | | | |
| | प्रतिफल | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायीको (९.३.२) प.दि.बि.ल. | संख्या | | | | | |
| | असर | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत (१०.५.१.१) प.दि.वि.ल. | प्रतिशत | | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धी | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/ ०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ |
| | असर | ३० मिनेटको पैदल दुरीमा बैङ्किङ सेवामा पहुँच भएका परिवार | प्रतिशत | | | | | |
| ५ | **गरीबी निवारण** | | | | | | | |
| | प्रभाव | गरीबीको रेखामुनि रहेको परिवार (प.दि.बि.ल १.२.१) | प्रतिशत | | | | | |
| | प्रभाव | बहुआयामिक गरिबीको दर (प.दि.बि.ल १.२.२) | प्रतिशत | | | | | |
| | प्रभाव | बेरोजगारी दर (प.दि.बि.ल ८.५.२) | प्रतिशत | | | | | |
| | प्रतिफल | गरीब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरपरिवार | संख्या | | | | | |
| | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभन्वित घरपरिवार | संख्या | | | | | |
| | प्रतिफल | आयमूलक सिप विकास तालिमद्वारा लाभान्वित घरपरिवार | संख्या | | | | | |
| | असर | अशक्त, असहाय, बेसहारा आश्रयस्थलमा समेटिने | संख्या | | | | | |
| | प्रतिफल | स्वास्थ्य बिमाबाट सुरक्षित गरिएका विपन्न परिवार | संख्या | | | | | |
| | प्रतिफल | गरीबीको रेखामुनि रहेका महिला (१.२.१.१) | प्रतिशत | | | | | |
| | प्रतिफल | गरीबीको रेखामुनि रहेका ५ वर्ष मुनिका बालबालिका (१.२.१.१) | प्रतिशत | | | | | |
| | प्रतिफल | कूल बजेटमा सामाजिक सुरक्षा खर्च (१.३.१.१) | प्रतिशत | | | | | |
| | प्रतिफल | आफ्नै नाममा अचल सम्पत्ति भएका महिला ( १.४.२.१) | प्रतिशत | | | | | |

# परिच्छेद - ४: सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### पृष्ठभूमि

सभ्य र सु-संस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । शिक्षा विकासको आधार हो । साथै, परिष्कृत एंव मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत शिक्षा हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समृद्धिकालागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिदै आएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तह सम्मको शिक्षामा पहुँच एवं अनिवार्य र माध्यमिक तह सम्मको निःशुल्क शिक्षा पाउने हकको प्रत्याभूत गरेको छ । अपाङ्गता भएका आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ ।

गाउँपालिकाबाट प्राप्त पछिल्लो तथ्याङ्क अनुसार यहाँ २२ वटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् । जसमध्ये ३ वटा माध्यमिकतहको पठनपाठन हुने विद्यालय र बाँकी १९ वटा आधारभूततहका विद्यालयहरु रहेका छन् । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार, गाउँपालिकाको कुल साक्षरता दर ७३.६ प्रतिशत रहेको छ भने पुरुष साक्षरता दर ८१.० प्रतिशत, र महिला साक्षरता दर ६६.३ प्रतिशत रहेको छ । यहाँ तुलनात्मकरुपमा हेर्दा महिला साक्षरतादर पुरुष साक्षरता दरभन्दा न्यून देखिन्छ ।

### समस्या तथा चुनौती

- ✓ शैक्षिक पूर्वाधारको कमजोर अवस्था, पर्याप्त विषयगत शिक्षक र शैक्षिक सामाग्रीको अभाव ।
- ✓ शैक्षिक गुणस्तर प्रति अभिभावको न्यून चासो, सीप र स्वरोजगारमुलक शिक्षाको कमी ।
- ✓ नवीनतम शिक्षण प्रणाली र सूचना सञ्चार प्रणालीको न्यून प्रयोग ।
- ✓ विद्यार्थीको स्तर वृद्धि सँगै विद्यार्थीको भर्नादरमा कमी, कक्षा छाड्ने र दोहोऱ्याउन दर घटाउने ।
- ✓ भौगोलिक विकटता र सडक पूर्वाधारको अभावले विद्यालय पुग्ने औसत समय धेरै लाग्ने ।
- ✓ विद्यालयका भौतिक पुर्वाधार अपाङ्ग मैत्री पुर्वाधार नहुनू ।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ✓ राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव श्रोतको निर्माण । |

| लक्ष्य |
|---|
| ✓ दक्ष मानव संसाधनको निर्माण गरी गाउँपालिकाको समृद्धिको आधार तयार गर्ने । |

| उद्देश्यहरू |
|---|
| ✓ आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्नु । |
| ✓ शिक्षामा सबै बर्ग एवम् समुदायको समतामूलक पहुँच पुर्‍याउनु । |
| ✓ प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास तथा विस्तार गर्नु । |

## रणनीति

- ✓ आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने ।
- ✓ शिक्षामा समतामूलक पहुँच स्थापित हुने ।
- ✓ प्राविधिक तथा व्यावसायिक शिक्षाको र विस्तार गरिने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | शैक्षिक विकास योजना तर्जुमा | व्यवस्थीत रुपमा शैक्षिक संस्थाहरु संचालन | ०८०/८१ ०८०/८१ | ४०० | |
| २ | विद्यालयमा बालमैत्री, अपाङ्मैत्री, महिला मैत्री संरचना विकास | शिक्षामा सबैको पहुँच सुनिश्चितता | ०८१/८२- ०८३/८४ | २००० | |
| ३ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | अभिभावकलाई जिम्मेवारीको बोध | ०८१/८२- ०८३/८४ | ५०० | |
| ४ | विद्यालय भर्ना अभियान सञ्चालन | विद्यार्थी भर्नादर, साक्षरता दर वृद्धि | ०८१/८२- ०८३/८४ | ८०० | |
| ५ | दरबन्दी अनुसार शिक्षक पदपुर्ति तथा दरबन्दी मिलान | शिक्षक पदपुर्ति | ०८१/८२- ०८२/८३ | १००० | |
| ६ | सूचना प्रविधि तथा कम्प्युटर ल्याव स्थापना | प्राविधिक शिक्षामा जोड | ०८०/८१ ०८१/८२- | १५०० | |
| ७ | आवसीय विद्यालयको निर्माण | विद्यार्थी लाई सहजता | ०८१/८२ ०८२/८३ | १०००० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ८ | स्थानीय पाठ्यक्रम निर्माण | मौलिकताको जर्गेना | ०८१/८२ ०८१/८२ | ५०० | |
| ९ | प्राविधिक विद्यालयको स्थापना | प्राविधिक शिक्षामा जोड | ०८१/८२- ०८३/८४ | ३००० | |
| १० | सामाजिक परीक्षण | पारदर्शिता तथा जवाफदेहिता | ०८१/८२ ०८३/८४ | ३०० | |
| ११ | शिक्षण तालिम सञ्चालन | शैक्षिक गुणस्तरमा सुधार | ०८१/८२ ०८३/८४ | ५०० | |
| १२ | विद्यालयको भौतिक पुर्वाधार निर्माण | भौतिक पुर्वाधार निर्माण | ०८१/८२- ०८३/८४ | १००० | |
| १३ | साक्षरता दर बढाउन लक्षित वर्गहरुलाई अनौपचारिक कक्षा सञ्चालन | साक्षरता अभिवृद्धि | ०८१/८२ ०८३/८४ | ३०० | |
| १४ | आवश्यकता अनुसार सामूदायिक माविमा व्यावसायिक विषयको पठनपाठन | व्यावसायिक विषयको पठपाठनमा जोड | ०८१/८२ ०८२/८३ | ३०० | |
| १५ | परम्परागत सिपलाई र अनुभवलाई मापदण्डका आधारमा प्रमाणीकरण | सिप तथा अनुभवको मापदण्ड तयार | ०८१/८२ ०८३/८४ | २०० | |

## जोखिम पक्ष तथा अनुमान

समग्र विद्यालय सुधारका लागि अध्यापन गर्ने शिक्षक-शिक्षिकामा परिवर्तित ज्ञान तथा सीप अद्यावधिक गर्ने, सामुदायिक संघ/संस्था र नागरिक समाजको सहयोग हुने, संघीय र प्रदेश सरकारको सहयोग हुने, शिक्षा तथा विज्ञानका लागि केन्द्र र प्रदेश सरकारको सहयोग हुने, शिक्षामा समान लैङ्गिक अवसर बढाउने खालका चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, समय समयमा शिक्षक-विद्यार्थी-अभिभावक अन्तरक्रियाबाट सबै पक्षले रचानात्मक सुधार गर्ने, नवीनतम सूचना प्रविधिको प्रयोग बढाउने, पाठ्यक्रम सामाग्री समयमै उपलब्ध गराउने जस्ता कार्य समयमा सम्पन्न भएको खण्डमा गाउँपालिकाको शैक्षिकस्तर सुधार हुन्छ। उल्लिखित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएमा भने अपेक्षित उपलब्धी हासिल नहुने जोखिम रहन्छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### पृष्ठभूमी

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्यसेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत् गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहूँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । यसै सन्दर्भमा लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप स्वास्थय क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानु पर्ने आवश्यकता छ । संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिँदै स्वास्थ्य नीति, मापदण्ड, गुणस्तर, अनुगमन, परम्परागत उपचार सेवा र सरुवा रोग नियन्त्रण लगायतको कार्य संघको अधिकारभित्र राखिएको छ ।

यहाँ ४ वटा स्वास्थ्य चौकीहरु सञ्चालनमा रहेका छन् । भौगोलिक विकटता र भौतिक पूर्वाधारको अभावका कारण स्वास्थ्य सेवामा स्थानीयहरुको पहूँच न्यून रहेको पाइन्छ भने स्वास्थ्य चौकीहरुमा दक्ष जनशक्ति, स्वास्थ्य उपकरण, ल्याब सेवा र पूर्वाधारहरुको समेत अभाव रहेको छ । यहाँका स्थानीयहरुले आफ्नो पालिकाबाट प्राथमिक तहको स्वास्थ्य सेवा मात्र प्राप्त गर्ने भएकोले गम्भीर प्रकारको रोगको उपचारका लागि स्थानीय मन्थली बजार, धुलीखेल र राजधानी काठमाडौँ जानुपर्ने बाध्यता रहेको छ ।

### समस्या तथा चुनौती

सबै स्वास्थ्य संस्थामा Birthing Centre अभाव हुनु, आधारभूत स्वास्थ्य सेवालाई सबैको पहूँचभित्र ल्याउनु, अस्पतालको अभावले गम्भीर प्रकारका रोग निदानमा समस्या हुनु, आकस्मिक र विशिष्टिकृत स्वास्थ्य सेवाका लागि सदरमुकाम तथा अन्य शहर जानुपर्ने बाध्यता हुनु, कुपोषण, श्वास प्रश्वास जन्य स्वास्थ्यमा समस्या रहनु, स्वास्थ्य र पोषण सम्बन्धी जनचेतनाको कमी हुनु, स्वास्थ्य बिमालाई सबै नागरिकको दायरामा पुर्‍याउनु, बालबालिका मृत्युदर कम गर्नु, सबै घरपरिवारमा पोषण र खाद्य सुरक्षाको पहूँच नहुनु, पूर्ण खोपयूक्त पालिका बनाउनु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारका उपकरण र विशेषज्ञ चिकित्सकको अभाव जस्ता समस्या तथा चुनौती यस गाउँपालिकामा समेत विद्यमान रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ✓ घरदैलोमै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता |
| **लक्ष्य** |
| ✓ सबैको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा र पोषण सहितको खाद्य सुरक्षा उपलब्ध भएको हुने । |
| **उद्देश्यहरू** |
| ✓ आधारभूत स्वास्थ्य सेवामा निःशुल्क र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु । |
| ✓ गुणस्तरीय स्वास्थ्य सेवा, पोषण र खाद्य सुरक्षालाई सबैको पहुँचमा पुर्‍याउनु । |

## रणनीति

- ✓ आधारभूत स्वास्थ्यमा समतामूलक पहूँच सुनिश्चित गर्ने ।
- ✓ वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने ।
- ✓ स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षाबारे चेतना अभिवृद्धि गर्ने ।
- ✓ स्वास्थ्यकर्मीको दरबन्दी व्यवस्थापन तथा क्षमता विकास गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको स्वास्थ्य नीति तर्जुमा | गाउँपालिकाको स्वास्थ्य क्षेत्रको मार्गदिशा तय | ०८१/८२-०८१/८२ | ५०० | |
| २ | स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम | स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि | ०८१/८२-०८२/८३ | ४०० | |
| ३ | विद्यालय नर्स कार्यक्रम | बालवालिकामाहुने स्वास्थ्य समस्या न्युनीकरण | ०८१/८२ ०८२/८३ | ८०० | |
| ४ | स्वास्थ्य जनशक्तिको क्षमता विकास | गुणस्तरिय सेवा प्रवाह | ०८२/८३ ०८३/८४ | ५०० | |
| ५ | आधारभुत औषधीहरु सर्वसुलभ रुपमा पालिकामा नै उपलब्ध हुने व्यवस्था | सर्वसुलभ औषधीको व्यवस्था | ०८१/८२ ०८२/८३ | ५०० | |
| ६ | गाउँपालिकामा ५ शैयाको अस्पताल निर्माण | स्वास्थ्य उपचार कक्ष निर्माण | ०८१/८२ ०८१/८२ | १००० | |
| ७ | विद्यमान स्वास्थ्य चौकीहरुमा स्वास्थ्य पुर्वाधार तथा उपकरणहरुको व्यवस्था | स्वास्थ्य पूर्वाधारको निर्माण | ०८१/८२ ०८१/८२ | ९०० | |
| ८ | खोप कार्यक्रम र स्वास्थ्य घुम्ती सेवा नियमित रुपमा सञ्चालन | घुम्ती सेवालाई निरन्तरता | ०८१/८२-०८३/८४ | ८०० | |
| ९ | विद्यमान स्वास्थ्य चौकिहरुमा प्रसुति सेवा सञ्चालन | प्रस्तुति सेवा सञ्चालन | ०८१/८२ ०८१/८२ | १५०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १० | विद्यमान स्वास्थ्य चौकिहरुमा चिस्यान भण्डारको व्यवस्था | चिस्यान भण्डारको व्यवस्था | ०८१/८२ ०८१/८२ | १७०० | |
| ११ | रेफरल अस्पतालको लागी विशेषज्ञ अस्पतालसँग समन्वय | स्वास्थ्य सेवामा सहजता | ०८१/८२ ०८३/८४ | ९०० | |
| १२ | चिकित्सकहरुको पदपूर्ति | स्वास्थ्य सेवाको सहजता | ०८१/८२-०८३/८४ | १५०० | |
| १३ | खाद्य पदार्थको शुद्धतामा ध्यान | स्वस्थ जीवनयापन | ०८१/८२ ०८३/८४ | ५०० | |
| १४ | खाद्य सुरक्षाबाट बञ्चित घरपरिवारको हकमा खाद्यान्न राहत योजना तर्जुमा | खाद्य सुरक्षाको प्रत्याभूति | ०८१/८२ ०८३/८४ | ८०० | |

### जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्राथमिकताका साथ सम्बर्द्धन तथा प्रवर्द्धन गर्नु, सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग, संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वय हुनु, आधारभूत, विशेषज्ञ तथा आकस्मिक सेवा सम्बन्धी पूर्वाधारको विकास, प्राचिन र आधुनिक चिकित्सा प्रणालीको प्रयोग र संरक्षण, प्रजनन स्वास्थ्य सुरक्षित गर्भपतन सम्बन्धी सेवाको विस्तार, नाक, कान, घाँटी तथा मुटु मृगौला लगायतका संवेदनशील अंगको सहज उपलब्धता, महिला तथा किशोरी शिक्षाको प्रचार-प्रसार, पोषण तथा खाद्य सुरक्षा लगायतका कार्यक्रममा विशेष ध्यान पुऱ्याउन सकिएमा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न सकिन्छ। अपर्याप्त साधनश्रोत र जनशक्तिको अभावमा उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### पृष्ठभूमि

नेपालको अर्थतन्त्रमा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ। पर्यटन नेपालको आर्थिक विकासका लागी उच्च सम्भावना बोकेको क्षेत्र हो । विभिन्न जातिहरूको बसोवास रहेको यो गाउँपालिकामा हिन्दु र बौद्ध धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ । यहाँका स्थानीयले मनाउने चाडपर्वहरुमा दशै, तिहार, तिज, ल्होसार, डुम्जी पर्व, उधौली पर्व बुद्ध जयन्ती आदि हुन। यसैगरी  यहाँ, तामाङ सेलो, धान नाच नाच्ने एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ। यहाँका विशेष परिकारमा स्याक्पा, रिलदुक, थेन्दुक, आलु रोटी, त्वाआफाल्गी (राई, शेर्पाको विशेष खाने परिकार) चिसो समययमा बढी खाने गरेको पाइएको छ । यहाँका बासिन्दाहरू दौरा सुरुवाल, कोट, टोपी, बख्खु, लुङगी, दोचो, आंगी, किआ (टोव) जस्ता आँखा लोभ्याउने आर्कषक भेषभुषा लगाउछन्। यहाँ

देविथान, बौद्ध, खवतरी कुल मन्दिर, गुरु रिम्पोछे गुम्बा, ओर्गेन साङ छोलिङ गुम्बा,चण्डी स्थान, सेति भूमे मन्दिर लगायतका २० ओटा भन्दा बढि धार्मिक तथा ऐतिहासिक महत्व बोकेका स्थलहरु रहेका छन् । त्यसै गरी यहाँ रहेको पिके डाँडा एक महत्वपुर्ण पर्यटकीय क्षेत्र हो जहाँबाट सगरमाथा लगाएतका महालंगुर, क्यासर, नुम्वुर, पुमोरी, लोत्से जस्ता हिमशंखलाका अवलोकन गर्न सकिन्छ। सगरमाथा पदमार्ग पिके डाँडा हुँदै सगरमाथाको आधार सिविरमा गएर टुंगिन्छ । यो रुट भएर वर्षमा हजारको संख्यामा बाह्य तथा आन्तरिक पर्यटकहरु पदयात्रा गर्दछन् ।

## समस्या तथा चुनौती

- ✓ स्थानीय भाषा, कला, साहित्य र संस्कृतिको संरक्षणमा ठोस योजनाको कमी, युवा पुस्ताको उदासिनता, प्राचिनता र मौलिकता संरक्षण गर्ने तर्फ पर्याप्त अध्ययन अनुसन्धान, लगानी तथा अग्रसरताको कमी ।
- ✓ स्थानीय पाठ्यक्रममा स्थानीय कला साहित्य संरक्षणसम्बन्धी विषयवस्तुको विकास र समावेश लगायतका विविध समस्या र चुनौती रहेका छन् ।
- ✓ पर्यटन गूरुयोजना निर्माण तथा पर्यटन पूर्वाधारमा र प्रचार प्रसारमा कमी, पर्यटकीय उपजहरुको विविधिकरण र गन्तव्यहरुको विकास ।
- ✓ पर्यटकीय स्तरका होटल र होमस्टेको कमी, तालीम प्राप्त पथ प्रदर्शक, भरिया, होटल, व्यवसायीहरुको कमी रहनु र पर्यटकीय पूर्वाधारका कार्यक्रमलाई विशेष प्राथमिकता ।
- ✓ पर्यटकीय उपजहरुको विविधिकरण गर्न र गन्तव्यहरुको विकास ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालिन सोच |
| --- |
| सभ्य र सु-संस्कृत समाजको निर्माण |
| **लक्ष्य** |
| पर्यटकीय क्षेत्रमा पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटनको माध्यामबाट स्थानीयको आर्थिक गतिविधि बढाउनु |
| **उद्देश्यहरू** |
| ✓ पर्यटनलाई रोजगारीसँग जोडेर आर्थिक वृद्धि गर्ने ।<br>✓ स्थानीय कला, संस्कृति र प्राकृतिक विविधताको संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने । |

## रणनीति

- ✓ पर्यटन पुर्वाधार निर्माण गर्ने ।
- ✓ मौलिक कला तथा सांस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आबद्ध गर्ने ।
- ✓ पर्यटन संख्या, बसाई अवधि बढाइ आयआर्जनमा वृद्धि गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | पर्यटकिय गन्तव्य सम्म पुग्न भौतिक पूर्वाधार विकास | भौतिक पूर्वाधार निर्माण | ०८१/८२ ०८३/८४ | ५००० | |
| २ | पर्यटकिय गुरुयोजना तर्जुमा | पर्यटकिय गुरुयोजना | ०८१/८२ ०८१/८२ | ५०० | |
| ३ | पर्यटन सुचना केन्द्र स्थापना गर्ने, पर्यटकिय क्षेत्रहरुको प्रचार प्रसार र अन्तर स्थानीय तह समन्वय | सूचनाको संप्रेषण | ०८१/८२ ०८१/८२ | ८०० | |
| ४ | पर्यटकिय स्थलहरुमा पर्यटकिय पूर्वाधार विकास | पर्यटकिय आगमनमा वृद्धि | ०८१/८२ ०८१/८२ | १००० | |
| ५ | ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रको संरक्षण । | संस्कृतिको प्रवर्द्धनलाई प्रोत्साहन | ०८१/८२- ०८३/८४ | ५०० | |
| ६ | सम्भाव्य स्थानहरुमा मनोरञ्जन पार्क, पिकनिक स्पट, विभिन्न धार्मिक तथा ऐतिहासिक प्रतिमाहरु निर्माण | परम्परा, मौलिकता र संस्कृतिको संरक्षण | ०८१/८२- ०८३/८४ | ८०० | |
| ७ | पर्यटकिय स्थलहरुमा सरसफाइका कार्यक्रम | पर्यटन प्रवर्द्धन | ०८१/८२ ०८३/८४ | २०० | |
| ८ | निजी क्षेत्र लगानी मैत्री निती निर्माण | लगानी मैत्री वातावरण | ०८२/८३ ०८२/८३ | ३०० | |
| ९ | नयाँ गन्तव्यहरुको खोजी र विकास गरी पर्यटकिय प्रवेश अनुमतिको व्यवस्था । | पालिकाको आर्थिक विकास | ०८१/८२ ०८२/८३ | ५० | |
| १० | आवश्यक गाइड, कुक वेटरलाई तालिम | आवश्यक तालिम शुरुवात | ०८१/८२ ०८२/८३ | १५०० | |

## जोखिम पक्ष तथा अनुमान

योजनाबद्ध सांस्कृतिक प्रदर्शनी, महोत्सव, मेलाको आयोजना, सर्जकलाई प्रोत्साहन, सांस्कृतिक समूहलाई प्रतिस्पर्धा, प्रदर्शनीमा भाग लिन प्रोत्साहन, कला संग्रहालयको निर्माण तथा स्थानीयबासीलाई मौलिकताको संरक्षणमा प्रोत्साहित गर्न सकिएमा कला संस्कृतिको संरक्षणमा अपेक्षाकृति नतिजा हासिल गर्न सकिन्छ । बहु-सरोकारवाला निकायको सहभागिता नभएमा क्षयीकरण हुँदै जाने जोखिम रहन्छ ।

## ४.४ लैङ्गिक समानता, तथा सामाजिक समावेशीकरण

### पृष्ठभूमि

नेपालको संविधानमा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। नेपाल एक बहुजातीय, बहुभाषिक एवम् बहुसाँस्कृतिक देश हो । यहाँ प्रत्येक समुदाय, जनतजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसँग प्रगति भएमा मात्र दिगो शान्ति, उन्नति र विकास हुनेमा दुईमत छैन। यहि वस्तुगत यथार्थतालाई मनन गर्दै नेपालको संविधान, २०७२ भाग ३ ले मौलिक हक सम्वन्धी व्यवस्था गरेको छ भने मौलिक हकको भाग १३ मा सबैलाई सम्मान पूर्वक बाँच्नपाउने हकको व्यवस्था गरेको छ। जस अनुसार सबै नागरिकलाई समान व्यावहार गरिने कुनै पनि आधारमा भेदभाव गरिने छैन भनी उल्लेख गरेको छ। त्यसै गरी राज्यले अवलम्बन गरेका नीतिहरुको व्यवस्था धारा ५१ को 'ञ' मा सामाजिक नीति र समावेशीकरणको निती अवलम्वन गरेको छ। त्यसैले बहुजातिय, बहुभाषिक, बहुधार्मिक एव्म बहुसाँस्कृतिक भूगोल रहेको लिखु पिके गाउँपालिकामा प्रत्यक समुदाय, जातजातिको समानुपातिक सन्तुलन र न्यायसंगत प्रगति भएमा मात्र पालिकामा दिगो विकास, शान्ति र समृद्धि पालिकाको रुपमा रुपान्तरण हुन सक्छ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यहाँको जम्मा जनसंख्या ५३३४ मध्ये २६६१ अर्थात ४९.९ प्रतिशत महिला रहेका छन्। उमेर समुहगत हिसाबले हेर्दा यहाँ १५ बर्ष मुनीका बालबालिकाको संख्या १३२६ अर्थात २४.८५ प्रतिशत रहेको छ भने ७० बर्ष माथिका बृद्धबृद्धाहरुको संख्या ३१० अर्थात ५.८१ प्रतिशत रहेको छ। यहाँको जम्मा जनसंख्या मध्ये १२० जना अर्थात २.२४ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन्।

### समस्या तथा चुनौती

जातिय विभेदको अन्त्य नहुनु, लक्षित वर्गको सामाजिक, आर्थिक, राजनैतिक सशक्तिकरणमा गरिएको लगानी, कार्यक्रम र प्रयासले प्रभावकारी नतिजा नल्याउनु, सामाजिक सुरक्षा र संरक्षणका दिगो र स्थायी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नु तथा समता र समानता आधारित समाजको निमार्ण गर्नुपर्ने समस्या तथा चुनौती यस गाउँपालिकामा रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सभ्यता न्यायपूर्ण समाज र सामाजिक सौहार्दता |
| **लक्ष्य** |
| सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने। |
| **उद्देश्यहरू** |
| लैङ्गिकता, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्यक, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु। |

### रणनीति

१. महिला जागरण केन्द्रीत नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने।

२. महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला शसक्तिकरणका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गर्ने ।
३. जेष्ठ नागरिकको सामाजिक सुरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकतापूर्वक सञ्चालन गर्ने ।
४. अपाङ्गता भएका नागरिकहरुको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरु संचालन गरी उनीहरुको आत्मबल बढाउने र आत्मसम्मान जगाउने ।
५. जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी, मुस्लिम, थारु तथा राज्यको मूलप्रवाहमा आउन नसकेको नागरिकहरुका मूल सरोकारका विषयमा अध्ययन गरी मूलप्रवाहिकरण कार्यनीति निर्माण गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | अनिवार्य नारी शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण | महिला शिक्षामा जोड | ०८१/८२ ०८१/८२ | २०० | |
| २ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन | महिला हिंसा तथा लैङ्गिक भेदभावमा कमी | ०८१/८२ ०८१/८२ | १०० | |
| ३ | अनिवार्य बुहारी शिक्षा कार्यक्रम | महिला साक्षरता र सशक्तिकरण | ०८१/८२-०८३/८४ | ४०० | |
| ४ | महिला हिंसा र दाइजो प्रथा विरुद्ध वर्षभरी सप्ताहव्यापी कार्यक्रम | महिला हिंसा र दाइजो विरुद्ध अभियान सञ्चालन | ०८१/८२-०८३/८४ | ३०० | |
| ५ | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम | यौनजन्य हिंसा सम्बन्धी जनचेतना | ०८१/८२ ०८३/८४ | ५०० | |
| ६ | महिला सीप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | नेतृत्व र आर्थिक सबलीकरणमा जोड | ०८१/८२-०८३/८४ | ४०० | |
| ७ | सफल महिला उद्यमीको अभिलेखाङ्क र साक्षात्कार कार्यक्रम | महिला उद्यमीको पहिचान र प्रोत्साहन | ०८१/८२ ०८३/८४ | ५०० | |
| ८ | नमूना महिला लघु उद्यमी समुह तथा व्यवसायीलाई मापदण्डका आधारमा venture capital को प्रवन्ध | महिला उद्यमशिलता प्रवर्द्धनमा जोड | ०८१/८२ ०८३/८४ | १५०० | |
| ९ | न्यायिक समितिमा लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम | न्यायिक समितिको सशक्त भुमिका | ०८१/८२ ०८३/८४ | ५०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १० | एकल महिला आत्मनिर्भर कार्यक्रम व्याज अनुदान | एकल महिलाको सामाजिक सम्मानमा वृद्धि | ०८१/८२-०८३/८४ | ५०० | |
| ११ | महिला सुरक्षा गृहको निर्माण | हिसां पिडित महिलालाई आश्रय र सुरक्षा | ०८२/८३ ०८३/८४ | १००० | |
| १२ | महिला उद्यमी वस्तु विक्री केन्द्र स्थापना | महिला उद्यमशीलतालाई प्रोत्साहन | ०८१/८२ ०८१/८२ | १००० | |
| १३ | गाउँपालिकामा "जेष्ठ नागरिक सहयोग कक्ष" गठन | जेष्ठ नागरिकलाई सहयोग | ०८१/८२ ०८१/८२ | १०० | |
| १४ | जेष्ठ नागरिक वडास्तरिय नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन | जेष्ठ नागरिक केन्द्रित स्वास्थ्य सुविधा | ०८२/८३ ०८३/८४ | १००० | |

### जोखिम पक्ष तथा अनुमान

महिला, जेष्ठ नागरिक, दलित, लैङ्गिक रुपमा अल्पसंख्यक आदिको आवश्यकताको सहि पहिचान भई सम्बोधनका कार्यक्रम प्रभावकारी रुपमा तयार भएमा, मनोसामाजिक सोच र व्यवहारमा परिवर्तन हुन्छ । घरेलु तथा यौनजन्य हिंसा विरुद्ध शुन्य सहशीलता, बालिका शिक्षामा लगानी, विकासका आयोजना/कार्यक्रम छनौट, निर्णय निर्माणमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धि गरिएमा महिला सशक्तिकरण, सामाजिक-आर्थिक नेतृत्व विकास हुने संभावना रहन्छ। प्राथमिकता र आवश्यकता अनुसारको स्रोत विनियोजना, बहुसरोकारवाला पक्षको समन्वय हुन नसकेमा अपेक्षित उपलब्धि हुन नसक्ने जोखिम रहन्छ ।

## ४.५ बालबालिका

### पृष्ठभूमि

बालबालिकाको समग्र वर्तमान अवस्थाले भोलीको राष्ट्र तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुने छ भन्ने निर्धारण गर्दछ । तसर्थ बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण, स्वास्थ्य जस्ता विषयहरु नागरिकको दायित्व र जिम्मेवारीका मात्र विषय होइनन् । यी विषय हामीले भोलीको समाज र राष्ट्र निर्माणमा गरिने वृहत् लगानीसँग गाँसिएका विषयहरु हुन् । राष्ट्रिय जनगणना २०७८, को तथ्याङ्क अनुसार यस गाउँपालिकामा १५ बर्षमुनीका १३२६ जना बालवालिका रहेका छन् जसमध्ये ६५६ जना बालिका र ६७० जना बालक रहेका छन् ।

### समस्या तथा चुनौती

सबै प्रकारका बालश्रम, बाल यौन शोषण, बालविवाह तथा बालहिंसाको अन्त्य गरी बालमैत्री शासनको स्थापना गर्नु, शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको न्यून पहुँच हुनु, स्थानीय तहमा समानता र

सामाजिक समावेशीकरणको दृष्टिकाणलाई मूलप्रवाहमा ल्याउन ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गर्नु, महिला, अपाङ्गता तथा बालमैत्री पूर्वाधारको कमी हुनु, अन्तर निकाय र समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु, लक्षित वर्गको शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा पहुँच स्थापित गर्नु, बालबालिकाको शिक्षा, पोषण र स्याहार सुसार सम्बन्धी चेतनाको विस्तार तथा उचित विकास र संरक्षणका लागि गाउँपालिकाले उचित नीति, बजेट र कार्यक्रम तर्जुमा गर्नुपर्ने समस्या तथा चुनौती यस गाउँपालिका समेत विद्यमान रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ✓ समावेशी र समतामूलक समाज |
| **लक्ष्य** |
| ✓ समावेशी र समतामूलक समाज निर्माण गर्ने ।<br>✓ बालबालिकाको स्वास्थ्य, पोषण, उचित स्याहार र शिक्षा जस्ता आधारभूत आवश्यकता पूरा गर्ने । |
| |
| **उद्देश्यहरू** |
| ✓ विकासमा निर्माणमा महिला, बालबालिका तथा लक्षित वर्गको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने । |
| ✓ विभेद/भेदभाव, हिंसा तथा दुर्व्यवहारमा परेका समूहहरुलाई विभेद/भेदभाव, हिंसा र दुर्व्यवहारबाट मूक्त गर्ने । |
| ✓ वञ्चित तथा सामाजिक सुरक्षा नपाएका समुदायहरुलाई सामाजिक सुरक्षा प्रदानमा जोड दिने । |

## रणनीति

- ✓ समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने ।
- ✓ महिलाहरुको सशक्तिकरण र समावेशीकरण जोड दिने ।
- ✓ बालबालिका मैत्री वातावरण निर्माण गर्ने ।
- ✓ जेष्ठ नागरिकको, सम्मान र संरक्षण गर्ने ।
- ✓ लक्षित वर्ग र सिमान्तकृत समुदायको सशक्तिकरण र विकास गर्दै सामाजिक गतिविधिमा सहभागीता वृद्धि गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन अनुसन्धान | समावेशीता सम्बन्धी कार्यलाई पूर्णता | ०८१/८२ ०८१/८२ | २०० | |
| २ | समानता र सामाजिक समावेशीकरण रणनीति तय | समावेशीकरण दस्तावेज तय | ०८१/८२ ०८१/८२ | ५०० | |
| ३ | समानता र सामाजिक समावेशीकरण सम्बन्धी संस्थागत क्षमता विकास | सामाजिक समावेशीकरणको सुनिश्चितता | ०८१/८२ ०८१/८२ | ४०० | |
| ४ | महिला, दलित, जनजाति, विपन्न वर्ग र सीमान्तकृत समुदायको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण र सहभागितामा वृद्धि | लक्षित वर्गमा सचेतनाको वृद्धि | ०८१/८२ ०८३/८४ | ५०० | |
| ५ | सामाजिक सुरक्षा कोष स्थापना र सञ्चालन | सामाजिक सुरक्षाको प्रत्याभूति | ०८२/८३-०८३/८४ | १५०० | |
| ६ | बाल अधिकारको संरक्षण एवम् प्रवर्द्धन सम्बन्धी नीति, कानुन, योजना तथा मापदण्ड निर्माण र कार्यान्वयन | बालामैत्री वातावरण निर्माण | ०८१/८२ ०८३/८४ | ३०० | |
| ७ | महिला हिंसा, दलित, जनजाति, विपन्न वर्ग र सीमान्तकृत समुदायको विभेदको अन्त्यका लागी स्थानीय तह, समुदाय, विद्यालय, निजी क्षेत्र लगायत अन्य क्षेत्रमा क्रियाशील व्यक्ति, संस्थाहरुसँग समन्वय र सहकार्य | विभेदमा परेका समुहलाई विभेद मुक्त | ०८१/८२-०८३/८४ | २०० | |
| ८ | वृद्धवृद्धाको ज्ञान, सीप र अनुभवलाई स्थानीय तहको विकासमा उपयोग | ज्ञान, सीप र अनुभवको हस्तान्तरण | ०८१/८२-०८२/८३ | २०० | |

## जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले महिला, बालबालिका र लक्षित समूहको सहभागितालाई प्राथमिकता दिने, राजनितीक, सामाजिक तथा साँस्कृतिक क्षेत्रमा लक्षित समूहको सहभागिता बढाउने, सरकार दातृ निकाय र निजी क्षेत्रले आ-आफ्ना कार्य योजनामा लक्षित वर्गलाई प्राथमिकतामा राख्ने, बालमनोविज्ञान, बाल आवश्यकता, रुची र चाहना तथा समयको माग अनुकुलका तहगत सरकारका नीति, विधी र कार्यक्रम तथा शिक्षा प्रणालीको विकास गरिएमा भविष्यको लागि आवश्यक जनशक्ति र प्रतिस्पर्धी कर्णधारको विकास गर्न सम्भव हुन्छ ।

## ४.६ युवा तथा खेलकुद

### पृष्ठभूमि

राष्ट्रिय युवा नीति, २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समुहको जनसंख्यालाई युवा समूहमा राखिएको छ। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै यी युवाहरु हुन्। युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन्। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा १-५९ वर्ष उमेर समुहका सकृय युवाहरुको संख्या ३७५७ जना अर्थात ६६.४७ प्रतिशत रहेको छ। यो जनशक्तिलाई गाउँपालिकाले पूर्ण रुपमा प्रयोग गर्न सकेको अवस्था छैन। यदि यो जनशक्तिको श्रम शक्तिलाई व्यवस्थापन गर्न सक्ने हो भने गाउँपालिकाले आर्थिक क्षेत्रमा महत्वपुर्ण लाभ लिन सक्छ।

यस गाउँपालिका भित्र विद्यालय स्तरका खेलमैदान लगायत कुनैपनि खेलमैदान व्यवस्थीत र आधारभूत सुविधा सम्पन्न अवस्थाका छैनन । तथापी रिजिम, मजुवा, दोभान, मौली, तामेडाँडा, नर्सरी लगायतका स्थानहरुमा प्रसस्त खाली तथा सार्वजनिक जग्गा रहेकोले आवश्यकताका आधारमा यहाँ व्यवस्थित खेलमैदानहरु निर्माण गर्न भने सकिने सम्भावना रहेको छ।

### समस्या तथा चुनौती

खेलकुदको विकास र प्रवर्द्धन हुन नसक्नु, युवा क्षमताको विकास गर्नु, युवा परिषद् गठन हुन नसक्नु, युवा प्रतिभा पलायन रोक्नु, स्रोत साधनको अभाव हुनु, युवामा सकारात्मक सोचको विकास गर्नु, खेलकुदको विकासका लागि पूर्वाधारको अभाव हुनु, नियमित खेलकुद प्रतियोगिताहरु आयोजना गरी व्यावसायिक खेलकुदको विकास गर्नु, युवाहरुलाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउन नसक्नु जस्ता समस्या र चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| श्रमशील, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण |
| **लक्ष्य** |
| ✓ खेलकुद विकासको माध्यमबाट युवाशक्तिको विकास गरी पालिकाको समृद्धिमा योगदान पुऱ्याउने । |
| **उद्देश्यहरू** |
| ✓ खेल पूर्वाधार निर्माण गर्दै खेलकुदको विकास गर्नु।<br>✓ खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउनु।<br>✓ युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु। |

### रणनीति

- ✓ युवाहरुको क्षमता विकास गरी रोजगारी अभिवृद्धि गर्ने।
- ✓ खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।
- ✓ प्रतिभावान खेलाडीको पहिचान क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा)) | आ.व. २०२०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | युवाहरुलाई कृषि, पशुपालन तथा घरेलु उद्योगतर्फ आकर्षित गर्न आवश्यक नीति निर्माण गरी अनुदान समेत प्रदान । | अनुदानको व्यवस्था/कृषक प्रोत्साहन | ०८१/८२-०८३/८४ | ८०० | |
| २ | कार्यविधि निर्माण गरी युवा परिषद् गठन । | युवा परिषद् गठन | ०८१/८२ ०८१/८२ | ३०० | |
| ३ | एक वडा एक खेल मैदानको योजनालाई निरन्तरता । | वडा स्तरिय खेलमैदान निर्माण | ०८१/८२-०८३/८४ | १२०० | |
| ४ | प्रत्येक वडामा सूविधा सम्पन्न कर्भडहल बनाउन पुर्वाधार निर्माण । | खेल क्षेत्रमा स्तरोन्नती | ०८१/८२-०८३/८४ | १२०० | |
| ५ | युवाहरुको क्षमता विकास सम्बन्धी कार्यक्रम । | युवाहरुको क्षमता अभिवृद्धि | ०८१/८२ ०८२/८३ | १००० | |
| ६ | युवा तथा खेलकुदको संस्थागत विकास । | युवा तथा खेलकुदलाई प्रोत्साहन | ०८१/८२-०८३/८४ | ५०० | |
| ७ | युवाहरुलाई रोजगार सिर्जना र उद्यमशीलताको लागि सहुलीयत ऋण र तालिम प्रदान । | स्वरोजगारीको व्यवस्था | ०८१/८२ ०८२/८३ | ५०० | |
| ८ | खेलकुद मैदान निमार्ण (वडा न.२, ४, ८) । | खेल मैदानको व्यवस्था | ०८१/८२ ०८२/८३ | १५०० | |
| ९ | पालिकास्तरिय खेलकुद प्रतियोगीताहरु नियमित रुपमा सञ्चालन | खेलकुदलाई निरन्तरता | ०८१/८२-०८३/८४ | १३०० | |
| १० | प्रशिक्षकहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान | दक्ष खेलाडी उत्पादन | ०८१/८२ ०८२/८३ | ५०० | |
| ११ | विद्यालयमा खेलकुद शिक्षक र सामाग्रीहरु उपलब्ध | खेलकुद सामाग्रीको व्यवस्था | ०८१/८२ ०८२/८३ | ३५० | |
| १२ | स्थानिय युवा क्लबहरुको क्षमता अभिवृद्धि | युवा क्लबको क्षमता अभिवृद्धि | ०८१/८२-०८३/८४ | २०० | |

## जोखिम पक्ष तथा अनुमान

सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग हुने, अन्तर सरकार समन्वय भएको हुने, पालिकाले युवा लक्षित कार्यक्रमहरु वार्षिक योजनामा समावेश गर्ने, युवहरु पालिकाको विकासमा लाग्न प्रेरित हुने,

नवप्रवर्तनकारी सोच, व्यवसायिक खोजकर्म गर्ने जोस र जागरणयुक्त युवालाई सहि मार्ग निर्देशन, आर्थिक-प्राविधिक सहयोग र अनुकरणीय कार्यलाई पहिचान गर्न सकेमा सम्पूर्ण युवाशक्ति विकासका संवाहक बन्न सक्छन् । युवा लक्षित नीति/कार्यक्रम तर्जुमा गर्न नसकेमा सामाजिक सद्भावमा खलल, हिंसा बढोत्तरी, विकासमा अवरोध हुन गई समाज अधोन्तीको मार्गमा जाने जोखिम रहन्छ ।

## ४.८ श्रम रोजगार र सामाजिक सुरक्षा

### पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । जसअनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने छ भनी उल्लेख गरिएको छ । अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ ।

### समस्या तथा चुनौती

रोजगारीको अभाव हुनु, आर्थिक रुपमा सक्रिय जनसंख्यालाई स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु, ठूला तथा मझौला उद्योगहरु नहुँदा रोजगारीको कमी हुनु, बाह्य स्रोतलाई आकर्षित गरी आर्थिक गतिविधि बढाउनु, श्रम शक्तिको माग र आपूर्ति बिचको सन्तुलन मिलाउनु, स्थानीयहरु श्रमका लागि अन्य शहर तथा विदेश पलायन हुनु, गन्तव्य मुलुकहरुसँग द्विपक्षीय श्रम सम्झौता र कार्यान्वयन गर्नु, सरकारी, सहकारी, निजी तथा सामुदायिक क्षेत्रबिच समन्वय नहुनु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा स्थानीयको पहुँच स्थापित गराउनु लगायतका समस्या तथा चुनौतीहरु यस गाउँपालिकामा समेत रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| असक्त अवस्थामा निश्चिन्तता सामाजिक सुरक्षा |
| **लक्ष्य** |
| स्थानिय स्तरमै दक्ष तथा सीपयुक्त मानव संसाधनको विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ बेरोजगार तथा अर्धबेरोजगारका लागि रोजगारीका अवसरहरु विस्तार गर्नु । <br> ✓ सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउनु । <br> ✓ सामाजिक सुरक्षा संरक्षण मार्फत नागरिकको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम कम गर्नु । |

## रणनीति

- ✓ श्रमिकको हक र अधिकारको कानूनी तथा आर्थिक आधार तयार गर्ने ।
- ✓ लगानीमैत्री वातावरण सिर्जना गरी निजी तथा सामुदायिक/सहकारीको माध्यमद्धारा रोजगारीका अवसर निर्माण गर्ने ।
- ✓ प्राविधिक शिक्षा, व्यवसायिक तालिम तथा सीपको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन गर्ने ।
- ✓ योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथ-साथै आनौपचारिक क्षेत्रमा समेत बिस्तार गरी सर्वव्यापी बनाउने ।
- ✓ वैदेशिक रोजगारीलाई कम खर्चिलो, सुरक्षित, मर्यादित बनाउने र विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व.२०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | युवा लक्षित रोजगारीका अवसर वृद्धि | गरीबि न्युनीकरण | ०८१/८२<br>०८२/८३ | ५०० | |
| २ | रोजगार सूचना केन्द्र सञ्चालन | रोजगारीको सिर्जना | ०८१/८२<br>०८२/८३ | ३०० | |
| ३ | रोजगार दाताहरुको अभिलेख अद्यावधिक | रोजगारदाता अभिलेख अद्यावधिक | ०८१/८२<br>०८२/८३ | २०० | |
| ४ | श्रमिकको कार्य क्षेत्रमा सुरक्षाको मापदण्ड लागु | सुरक्षा मापदण्ड लागु | ०८१/८२<br>०८१/८२ | ५०० | |
| ५ | कम्तिमा एउटा बहु-विषयगत सीप विकास तालिम केन्द्र स्थापना | सिपमूलक रोजगारीको सिर्जना | ०८२/८३<br>०८३/८४ | ५०० | |
| ६ | राष्ट्रिय रोजगार नीति तथा श्रमिकको हक हित सम्बन्धी कानून प्रभावकारी रुपमा कार्यान्वयन | कानूनको प्रभावकारी कार्यान्वयन | ०८१/८२<br>०८१/८२ | २०० | |
| ७ | रोजगारीको आवश्यकतालाई हेरी श्रम शक्ति उत्पादन | श्रमशक्ति उत्पादन | ०८१/८२<br>०८३/८४ | १२५० | |
| ८ | सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन | योजनाको प्रभावकारी कार्यान्वयन | ०८३/८४<br>०८३/८४ | २०० | |
| ९ | वैदेशिक रोजगारीलाई सुरक्षित र लाभप्रद बनाउन पालिकामा नियमित अनुगमनको व्यवस्था | सुरक्षित रोजगारीको प्रत्याभूति | ०८१/८२<br>०८३/८४ | ५०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व.२०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १० | वैदेशिक रोजगारमा जान पालिकाबाट श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्व तालिमको व्यवस्था | युवालाई तालिमको व्यवस्था | ०८१/८२ ०८३/८४ | ३०० | |
| ११ | श्रम अडिट | श्रम अडिट | ०८१/८२ ०८३/८४ | ३०० | |

### जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षाका वास्तविक लाभग्राहीको पहिचान, योगदानमा आधारित र दिगो सामाजिक सुरक्षाका कार्यक्रमको कार्यान्वयन, तहगत सरकारको समन्वयात्मक पहल हुन सकेमा सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी हुन्छन् । गाउँपालिकाको आय, वित्तीय हस्तान्तरण लगायतका पक्षलाई ध्यान नदिई वितरणमूखी कार्यक्रम सञ्चालन गर्न नसकिएमा सामाजिक सुरक्षाका कार्यक्रमको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ४.९ शान्ति सुरक्षा

### पृष्ठभूमि

गरिबी, सामाजिक विसंगति र अपराधिक मनोविज्ञानका कारण समाजमा विविध किसिमका अपराधिक घटनाहरू घट्ने गर्दछन् । यस्ता घटनाहरू न्यूनीकरण गर्न शान्ति, सुरक्षा र अमन चयनको प्रबन्ध मिलाउने दायित्व राज्यको हुन आउँछ । यसर्थ गाउँपालिकाले पालिकामा शान्ति सुरक्षा कायम गर्न प्रत्येक वडामा प्रहरी चौकीहरूको प्रबन्ध र आवश्यक संख्यामा दरबन्दी कायम गरी शान्ति सु-व्यवस्था कायम गर्नु आवश्यक छ ।

### समस्या तथा चुनौती

विकृत मनोभावना र क्रियाकलापलाई मनोसामाजिक परामर्श, रचनात्मक कार्यमा संलग्नता मार्फत सकारात्मक उर्जामा परिवर्तन, हातहतियार, लागु औषध नियन्त्रणका लागि सरोकारवाला सबैको ऐक्यबद्धता र सहयोग, हिंसा सम्बन्धी उजुरी र छिटो छरितो कानूनी उपचारको व्यवस्था, सुरक्षाका लागि पर्याप्त पूर्वाधार सहित जनशक्ति व्यवस्थापन लगायतका समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालिन सोच |
|---|
| शान्ति सुरक्षाका हिसाबले सुरक्षित गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिकाबासीलाई शान्ति सुव्यवस्थाका हिसाबले पूर्ण सुरक्षित महसुस गराउने । |

| उद्देश्यहरू |
|---|
| ✓ समाजमा पूर्ण शान्ति सुव्यवस्था तथा अमनचयन कायम गरी सबै खाले अपराधलाई नियन्त्रण गर्नु । |

## रणनीति

१. सुरक्षा पूर्वाधारको विकास गर्ने ।

२. संस्थागत क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८१/८२ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | समग्र गाउँपालिका सुरक्षा योजना तयार गर्ने | सुरक्षा योजना तयार | ०८२/८३ ०८२/८३ | २०० | |
| २ | प्रहरी चौकी विस्तार गर्न संभावित स्थानको पहिचान | आवश्यकताको आधारमा प्रहरी चौकी निर्माण | ०८०/८१ ०८०/८१ | १०० | |
| ३ | नगर प्रहरीको दरबन्दी तय गर्ने | सुरक्षाकर्मीको व्यवस्था | ०८०/८१ ०८०/८१ | १०० | |
| ४ | सुरक्षा गस्तीको आवश्यक रुट र स्थानबारे अध्ययन गर्ने | सुरक्षा गस्तीको रुट तय | ०८०/८१ ०८०/८१ | ५०० | |
| ५ | Hot Line सेवा सञ्चालन | आपतकालिन सुरक्षा व्यवस्था | ०८१/८२ ०८१/८२ | ४०० | |
| ६ | सघन बजार र वस्ती क्षेत्रमा CCTV जडान | सुरक्षा व्यवस्था | ०८०/८१-०८३/८४ | ८०० | |
| ७ | गुप्तचर सेवा तालिम | अनुसन्धानमा सहयोग | ०८२/८३ ०८३/८४ | १५० | |
| ८ | नगर प्रहरी तालिम | दक्ष जनशक्ति | ०८१/८२ ०८३/८४ | ५१० | |

## जोखिम पक्ष तथा अनुमान

बढ्दो दुर्व्यसनी, आपराधिक मानसिकता, अस्वस्थ्य प्रतिस्पर्धा, सिमापार हुने अपराधको नियन्त्रण जस्ता विषयलाई समयमा नै सम्बोधन गरी आधारभूत शान्ती सु-व्यवस्था कायम गर्न सकिएमा विकास र समृद्धि संभव हुन्छ । शान्ती सुव्यवस्था, मानव अधिकारको स्थापना र अमनचयन बनाइराख्न नसकिएमा दिगो विकास र सामाजिक न्याय समेत जोखिममा पर्न सक्छ ।

## ४.१० शवदाहस्थल तथा समाधीस्थल व्यवस्थापन

### पृष्ठभूमि

हरेक गाउँपालिकामा तथा हरेक समुदायको आ-आफ्नो धर्म र संस्कृतिअनुसार शवदाहस्थल र चिहान व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता हो । परम्परागत रूपमा सञ्चालनमा रहेका शवदाहस्थल र चिहानलाई समयानुसार व्यवस्थित बनाउनु पर्दछ । गाउँपालिकाको लिखु नदि किनारमा शवदहन गर्ने गरिएको छ भने यहाँका बस्ती भन्दा केही टाढाका डाँडामा अन्तेष्टिस्थलहरू छन् ।

### समस्या तथा चुनौती

सार्वजनिक स्थलको अतिक्रमण र सहरी क्षेत्रमा बढ्दो जनसंख्या जस्ता विषयलाई ध्यान दिई मौलिक परम्परा कायम रहने र सम्मानजनक रुपमा शव दहन गर्न सकिने गरी शवदाहस्थल तथा चिहान व्यवस्थापन गर्नुपर्ने समस्या तथा चुनौती यस गाउँपालिकालाई समेत रहेको छ ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालिन सोच |
|---|
| शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्ने |
| **लक्ष्य** |
| भविष्यमा शवदाह तथा चिहान व्यवस्थापनको समस्यालाई पूर्णत सम्बोधन गर्ने र उचित प्रबन्ध गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ शवदाहस्थल तथा चिहानको उचित व्यवस्थापन गर्नु । |

### रणनीति

सम्पूर्ण वडालाई समेटेर व्यवस्थित शवदाहस्थल र अन्त्येष्टीस्थलको पूर्वाधार तयार गर्ने ।

### कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८१र८२ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | शवदाहस्थल तथा चिहानहरूको नक्साङ्कन | व्यवस्थित शवदाहस्थल तथा चिहान निर्माण | ०८०/८१<br>०८०/८१ | ५०० | |
| २ | शवदाहस्थल तथा किरियापुत्रीघर निर्माण र चिहान क्षेत्र तारबार | आवश्यकताको आधारमा शवदाहस्थल तथा चिहान निर्माण | ०८२/८३<br>०८२/८३ | १००० | |
| ३ | किरिया खर्च व्यवस्थापन (अति विपन्न) | सामाजिक सहयोग | ०८२/८३<br>०८३/८४ | ५९० | |
| ४ | माहामारी शव व्यवस्थापन योजना निर्माण | संक्रमणजन्य रोग व्यवस्थापन | ०८१/८२<br>०८१/८२ | २०० | |
| ५ | शव वाहन खरिद | सहज शव परिवहन | ०८०/८१<br>०८१/८२ | २२०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८१र८२ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ६ | शवदाह स्थलहरुमा भौतिक पूर्वाधारहरु जस्तैः खानेपानी, विद्युत, शौचालयको व्यवस्था | शवदाहस्थल व्यवस्थापन | ०८१/८२-०८३/८४ | ५९० | |

## जोखिम पक्ष तथा अनुमान

शहरी सौन्दर्यमा असर नपर्ने तथा विभिन्न जात, धर्म, समुदाय तथा सम्प्रदायको मनोभावना र सांस्कृतिक चालनचलन अनुसारको शवदाहस्थलको स्थापना बारेमा समयमा नै नीति तथा कार्यक्रम तय नगरिएमा पालिका बासीको स्वास्थ्य, शहरी सौन्दर्य लगायतका विषयमा जोखिम आउन सक्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| **१.** | **शिक्षा विज्ञान तथा प्रविधि** | | | | | | |
| | असर | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | | | | |
| | असर | प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | | | | |
| | असर | कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | | | | |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात | | | | | |
| | असर | कक्षा १ मा भर्ना भएका छात्राहरुको (छात्रको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात | | | | | |
| | असर | माध्यमिक शिक्षाको कुल भर्नादर (९ देखि १२) | प्रतिशत | | | | |
| | प्रतिफल | पूर्व प्राथमिक शिक्षाको लागि बाल अनुदान पाएको (संख्या) | संख्या | | | | |
| | असर | पूर्व वाल्यकाल शिक्षामा उपस्थिति (प्रतिशत) हाजिरी | प्रतिशत | | | | |
| | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कुल विद्यार्थीमा) | प्रतिशत | | | | |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (प्राथमिक) | | | | | |
| | प्रभाव | लैङ्गिक समता सूचकाङ्क (माध्यमिक) | | | | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | | | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | | | | |
| | प्रतिफल | प्रति विद्यार्थी हुने सार्वजनिक खर्च (हजारमा) | हजारमा | | | | |
| | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | | | | |
| | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | | | | |
| | असर | WASH सुविधा भएका आधारभूत विद्यालयहरु | प्रतिशत | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | असर | अपाङ्गमैत्री विद्यालयहरु | प्रतिशत | | | | |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | | | | |
| | असर | न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | प्रतिशत | | | | |
| | | (दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरु | | | | | |
| | असर | समग्र साक्षरता प्रतिशत | संख्या | ७३.६ | ७६.९ | | |
| | असर | साक्षरता प्रतिशत (पुरुष) | संख्या | ८१.० | ८५.३ | | |
| | असर | साक्षरता प्रतिशत (महिला) | संख्या | ६६.३ | ७०.५ | | |
| | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | | | | |
| | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | | | | |
| | असर | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | | | | |
| | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | | | | |
| | असर | स्नातक तह उत्तीर्ण जनसंख्या | प्रतिशत | | | | |
| | असर | स्नातकोत्तर उत्तीर्ण जनसंख्या | प्रतिशत | | | | |
| | प्रतिफल | विद्या वारिधि उत्तीर्ण जनसंख्या | संख्या | | | | |
| | असर | प्राविधिक वा व्यवसायिक तालिम प्राप्त युवा संख्या | प्रतिशत | | | | |
| | असर | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | | | | |
| | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | | | | |
| | असर | बुक कर्नर सुविभा भएका विद्यालय | प्रतिशत | | | | |
| | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | | | | |
| | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | | | | |
| | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | | | | |
| | प्रतिफल | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | | | | |
| | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | | | | |
| २. | **स्वास्थ्य** | | | | | | |
| | असर | दक्ष प्रसुती कर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | | | | |
| | असर | पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | | | | |
| | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | | | | |
| | प्रतिफल | कुष्ठरोगी बिरामी (वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | हात्तिपाइले बिरामी (वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | सक्रिय ट्रकोमा बिरामी (वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | मुटु सम्बन्धी बिरामी (वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | क्यान्सर बिरामी (वार्षिक) | संख्या | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | प्रतिफल | मधुमेह बिरामी (वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | स्वास प्रणाली सम्बन्धी दीर्घ रोग दम आदिका बिरामी | संख्या | | | | |
| | प्रतिफल | आत्महत्याबाट हुने मृत्युदर प्रति लाख जनसंख्यामा | संख्या | | | | |
| | प्रतिफल | सडक दुर्घटनाबाट मृत्युदर प्रति लाख जनसंख्यामा | संख्या | | | | |
| | प्रतिफल | परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | | | | |
| | असर | प्रोटोकल अनुसार चार पटक पूर्व प्रसुति सेवा प्राप्त गर्ने महिला वार्षिक | प्रतिशत | | | | |
| | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | | | | |
| | असर | हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | प्रतिशत | | | | |
| | असर | रगतमा ग्लुकोजको मात्रा वृद्धि भई औषधि प्रयोग गरिरहेका १५ वर्ष वा सो भन्दा माथिको जनसंख्या | प्रतिशत | | | | |
| | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार | प्रतिशत | | | | |
| | असर | स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार | प्रतिशत | | | | |
| | असर | राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | | | | |
| | असर | स्वास्थ्यकर्मीको घनत्व र वितरण | प्रतिलाख जनसंखयामा) | | | | |
| | असर | स्वास्थ्य क्षेत्रमा कुल खर्च कुल (बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | | | | |
| | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | | | | |
| | असर | कुपोषण भएका बालबालिका दर | प्रतिशत | | | | |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | | | | |
| | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | | | | |
| | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | | | | |
| | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | | | | |
| | प्रतिफल | योग केन्द्र | संख्या | | | | |
| | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | | | |
| | प्रतिफल | आधारभूत स्वास्थ्य चेतना प्राप्त गर्ने वैद्य धामी झाँक्री | संख्या | | | | |
| | प्रतिफल | परिवार नियोजन सेवा केन्द्र | संख्या | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | प्रतिफल | रक्तसंचार सेवा | संख्या | | | | |
| | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | | | | |
| | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाखमा | | | | |
| | असर | पाठेघरको क्यान्सरका निम्ति स्क्रिनीङ गरिएका ३० देखि ४९ वर्षका महिला | संख्या | | | | |
| | प्रतिफल | HIV AIDS Antiviral औषधि प्राप्त गर्ने | संख्या | | | | |
| | प्रतिफल | उच्च रक्तचापको औषधि सेवन गरिरहेका १५ वर्ष भन्दा माथिको जनसंख्या | प्रतिशत | | | | |
| | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | | | | |
| | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | | | | |
| | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | | | | |
| **३.** | **संस्कृति, भाषा, कला तथा साहित्य** | | | | | | |
| | प्रतिफल | अमूर्त साँस्कृतिक सम्पदामा सूचिकृत सम्पदा | संख्या | | | | |
| | प्रतिफल | साँस्कृतिक सम्पदा मध्ये स्थानीय पाठ्यक्रमका समावेश (सम्पदा) | संख्या | | | | |
| | प्रतिफल | साँस्कृतिक वृत्त चित्र | संख्या | | | | |
| | प्रतिफल | कलाकार विवरणमा समावेश कलाकार | संख्या | | | | |
| | प्रतिफल | साँस्कृतिक पात्रोमा समावेश गतिविधि ( वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | साँस्कृतिक प्रतियोगिता तथा कार्यक्रम ( वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | | | | |
| | प्रतिफल | साहित्यिक गतिविधि (कार्यक्रम) (वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | झाँकी प्रर्दशनी (वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | साँस्कृतिक केन्द्र | संख्या | | | | |
| | प्रतिफल | साँस्कृतिक समिति | संख्या | | | | |
| | प्रतिफल | साँस्कृतिक उत्सव (Art and Literature Festival) | संख्या | | | | |
| | प्रतिफल | कला संग्रहालय | संख्या | | | | |
| **४.** | **लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | | | |
| | प्रतिफल | गाउँपालिकामा महिला उद्यमीहरूको | संख्या | | | | |
| | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या (प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | | | | |
| | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | | | | |
| | प्रतिफल | अन्तरजातीय विवाह (बढाउँदै लैजाने) | संख्या | | | | |
| | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | | | | |
| | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | | | | |
| | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | | | | |
| | असर | आधार वर्षको तुलनामा न्यायिक समितिमा उजुरीको(प्रतिशतले घटाउँदै लैजाने) | प्रतिशत | | | | |
| | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या (संख्यामा) घटनाको आधारमा ( प.दि.वि.ल. १६.१.१) | संख्या | | | | |
| | असर | उमेरअनुसार १८ वर्षको उमेरसम्म यौनहिंसाको अनुभव गरेका १८ देखि २९ वर्ष उमेरका युवती र युवकहरूको अनुपात ( प.दि.वि.ल. १६.२.३) | प्रतिशत | | | | |
| | असर | निर्णय-निर्माण समावेशी र जवाफदेही भएको विश्वास गर्ने जनसंख्याको अनुपात (लिङ्ग, उमेर, अपाङ्गता र जनसाङ्ख्यिक समूहअनुसार) (प.दि.वि.ल. १६.७.२) | प्रतिशत | | | | |
| | असर | सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात ( प.दि.वि.ल. १६.७.२.१) | प्रतिशत | | | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातिको प्रतिशत | प्रतिशत | | | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिवासीको प्रतिशत | प्रतिशत | | | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मधेशीको प्रतिशत | प्रतिशत | | | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | | | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | | | | |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | | | | |
| | असर | शारीरिक/यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (प्रतिशत) ( प.दि.वि.ल. ५.२.२.१) | प्रतिशत | | | | |
| | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (सङ्ख्या) (प.दि.वि.ल. ५.२.२.२) | संख्या | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | असर | विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत) (प.दि.वि.ल. ५.३.१.१) | प्रतिशत | | | | |
| | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (प.दि.वि.ल. ५.४.१.१) | प्रतिशत | | | | |
| | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा (प.दि.वि.ल. ५.४.१.२) | घण्टामा | | | | |
| | असर | गाउँपालिकाबाट राष्ट्रिय संसद्मा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.१) | प्रतिशत | | | | |
| | असर | गाउँपालिका प्रादेशिक संसदमा प्रतिनिधित्व (प्रतिशत) (प.दि.वि.ल. ५.५.१.२) | प्रतिशत | | | | |
| | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व(Bodies)(प्रतिशत) (प.दि.वि.ल. ५.५.१.३) | प्रतिशत | | | | |
| | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.१) | प्रतिशत | | | | |
| | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.२) | प्रतिशत | | | | |
| | असर | सार्वजनिक सेवाका नीतिनिर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरूमध्ये महिलाको प्रतिशत) (प.दि.वि.ल. ५.५.२.३) | प्रतिशत | | | | |
| | असर | व्यावसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत) (प.दि.वि.ल. ५.५.२.४) | प्रतिशत | | | | |
| | असर | यौन सम्बन्ध, परिवार नियोजनका साधनहरूको प्रयोग र प्रजनन स्वास्थ्य हेरचाह सम्बन्धमा सुसूचित भएर आफैले निर्णय गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात (प.दि.वि.ल. ५.६.१) | प्रतिशत | | | | |
| | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या (प.दि.वि.ल. ५.क.१) | संख्या | | | | |
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) (प.दि.वि.ल. ५.क.२) | संख्या | | | | |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत (प.दि.वि.ल. ५.ख.१) | प्रतिशत | | | | |
| ५. | **बालबालिका** | | | | | | |
| | प्रतिफल | बाल श्रमिकको (संख्या) | संख्या | | | | |
| | प्रतिफल | असहाय बालबालिका (संख्या) | संख्या | | | | |
| | प्रतिफल | पुर्नस्थापित बालबालिका संख्या | संख्या | | | | |
| | प्रतिफल | विद्यालय जान नपाएका बालबालिकाको संख्या | संख्या | | | | |
| | प्रतिफल | बालगृह संख्या | संख्या | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | प्रतिफल | बाल विवाह संख्या | संख्या | | | | |
| | प्रतिफल | बाल उद्यान संख्या | संख्या | | | | |
| | प्रतिफल | पोषण सुनिश्चित गरिएका असहाय अति विपन्न बालबालिका | संख्या | | | | |
| | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | | | | |
| ६. | **युवा श्रम तथा रोजगार** | | | | | | |
| | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | | | | |
| | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | | | | |
| | असर | महिला बेरोजगार युवा | प्रतिशत | | | | |
| | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | | | | |
| | असर | पुरुष रोजगार युवा | प्रतिशत | | | | |
| | असर | महिला रोजगार युवा | प्रतिशत | | | | |
| | असर | न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | | | | |
| | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | | | | |
| | प्रतिफल | महिला युवा उद्यमीहरूको | संख्या | | | | |
| | प्रतिफल | स्नातक तह उत्तीर्ण गर्न नसकि अध्ययन छाडेका युवाको | संख्या | | | | |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट बञ्चीत युवाको प्रतिशत | प्रतिशत | | | | |
| | असर | कामअनुसारको पारिश्रमिक वा आम्दानीबाट सन्तुष्ट युवाको प्रतिशत | प्रतिशत | | | | |
| | असर | दुर्व्यसनमा फसेका युवाको प्रतिशत | प्रतिशत | | | | |
| | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवाको संख्या | संख्या | | | | |
| | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवाको संख्या | | | | | |
| | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवाको संख्या ( कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | | | | | |
| ७. | **खेलकुद तथा मनोरञ्जन** | | संख्या | | | | |
| | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | | | | |
| | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशालाको संख्या | संख्या | | | | |
| | प्रतिफल | खेल मैदानको संख्या | संख्या | | | | |
| | प्रतिफल | थिएटर वा सिनेमा घरको संख्या | संख्या | | | | |
| | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | | | | |
| | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | | | | |
| | प्रतिफल | व्यवस्थित पिकनिक स्थलको संख्या | संख्या | | | | |
| | प्रतिफल | व्यवस्थित पौडी पोखरीको संख्या | संख्या | | | | |
| | प्रतिफल | जेष्ठ नागरिक मिलन केन्द्रको संख्या | संख्या | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | प्रतिफल | साँस्कृतिक तथा कला केन्द्रको संख्या | संख्या | | | | |
| **८.** | **शान्ति सुरक्षा** | | | | | | |
| | प्रतिफल | प्रहरी बिटको संख्या | | | | | |
| | असर | प्रति वर्ष हुने अपराधिक क्रियाकलापका घटनाहरू (घटाउँदै लाने) | संख्या | | | | |
| | असर | प्रति सुरक्षाकर्मी जनसंख्या अनुपात | संख्या | | | | |
| | प्रतिफल | नेपाल प्रहरी | संख्या | | | | |
| | प्रतिफल | नेपाली सेना | संख्या | | | | |
| | प्रतिफल | शसस्त्र प्रहरी | संख्या | | | | |
| | प्रतिफल | नगर प्रहरी | संख्या | | | | |
| | असर | आफू बसेको क्षेत्र वरिपरि एक्लै हिंडडुल गर्ने आफूलाई सुरक्षित ठान्ने जनसंख्या प्रतिशत (प.दि.वि.ल. १६.१.४) | प्रतिशत | | | | |
| | प्रतिफल | सिसिटिभी जडान संख्या | संख्या | | | | |
| **९.** | **शवदाहस्थल तथा चिहान व्यवस्थापन** | | | | | | |
| | प्रतिफल | व्यवस्थित शवदाह स्थल/चिहानको संख्या | संख्या | | | | |
| | प्रतिफल | शववाहनको संख्या | संख्या | | | | |

*स्रोत: लिखु पिके गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय*

**** कोशी प्रदेशको प्रथम आवधिक योजना (आ.व. २०७६/७७ - आ.व. २०८०/८१) को तथ्याङ्क***

# परिच्छेद - ५: पूर्वाधार विकास

## ५.१ खानेपानी तथा सरसफाई

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल घरधुरी १२५१ मध्ये ९०५  अर्थात ७२.४ प्रतिशत घरधुरीहरुले धारा/पाइप (कम्पाउण्ड भित्र) को धाराको पानी प्रयोग गर्दछन् । त्यसैगरी धारा/पाइप (कम्पाउण्ड बाहिर) को धाराको पानी प्रयोग गर्ने घरधुरीको संख्या ३२९ अर्थात २६.३ प्रतिशत रहेको छ । गाउँपालिकाका बाँकी घरधुरीहरुले कुवा/ईनार तथा अन्य खानेपानीका स्रोतहरुको प्रयोग गर्ने गरेको पाइन्छ । गाउँपालिकामा ९८.९ प्रतिशत घरपरिवारमा शौचालयको सुविधा रहेको छ । जसमध्ये ९५.५ प्रतिशत घरधुरीको शौचालय व्यवस्थित र ३.४ प्रतिशत घरधुरीको शौचालय सामान्य अवस्थाको रहेको छ। पालिकामा वडागत रुपमा मुख्य बस्तीमा बजार केन्द्र, प्रशासनिक केन्द्र, सेवा केन्द्रको विकास भइरहेको छ। यी बजार केन्द्रहरुमा फोहोरमैलाको व्यवस्थापन सुरुवाती चरणबाटनै गर्दै जानुपर्ने देखिन्छ।

### समस्या तथा चुनौती

शुद्ध र स्वस्थ पिउने पानीको अभावमा टाइफाइड, झाडापखाला, आउँ जस्ता सरुवा रोगहरूको संक्रमण वर्षेनी फैलिन गइ हुने मानवीय जीवनको क्षति नियन्त्रण गर्नु, पिउने पानी शुद्धिकरण सम्बन्धी उपायको अवलम्बन सम्बन्धी जनचेतनाको विस्तार गर्नु, “एक घर एक धारा र एक शौचालय” नीतिको प्रभावकारी कार्यान्वयन गर्नु लगायतका समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालिन सोच |
|---|
| स्वच्छ, स्वस्थ र सुन्दर गाउँपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई |
| **लक्ष्य** |
| खानेपानी शुद्धिकरण र वातावरण सरसफाईको माध्यमद्वारा रोगको न्यूनीकरण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ प्रत्येक घरधुरीमा शुद्ध खानेपानीको सुविधा पुऱ्याउनु ।<br>✓ घर वरपरको वातावरण स्वच्छ राख्नु । |

### रणनीति

१. एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने ।
२. प्रत्येक घरमा शौचालय निर्माण गर्नुका साथै वातावरणीय सरसफाईमा जोड दिने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | एक घर एक धारा र एक शौचालयको लागि पूर्वाधार निर्माण | खानेपानी आयोजना/ शौचालयको निर्माण | ०८०/८१-०८३/८४ | २५०० | |
| २ | खानेपानी तथा सरसफाई गुरुयोजना तर्जुमा | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण | ०८१/८२ ०८१/८२ | १००० | |
| ३ | खानेपानीका स्रोतहरुको संरक्षण | खानेपानीका स्रोतहरुको संरक्षण | ०८०/८१-०८३/८४ | १२०० | |
| ४ | खानेपानीका विद्यमान संरचनाहरुको मर्मत | स्वस्थ खानेपानी वितरण | ०८०/८१-०८३/८४ | ९०० | |
| ५ | खानेपानी अभाव भएका वडा र बस्तीहरुका लागि नयाँ खानेपानी आयोजना निर्माण | सबै वडा र बस्तीहरुमा खानेपानीको पहूँच | ०८०/८१ ०८१/८२ | ५०० | |
| ६ | खानेपानी उपभोक्ता समितिहरुलाई प्राविधिक सहयोग उपलब्ध | उपभोक्ता समितिको क्षमता विकास | ०८०/८१ ०८१/८२ | २०० | |
| ७ | फोहोर पानीको उचित व्यवस्थापन | खानेपानीको मुहान संरक्षण र व्यवस्थापन | ०८०/८१ ०८१/८२ | ५०० | |
| ८ | मुख्य बजारहरुमा सार्वजनिक शौचालयहरुको निर्माण | फोहोरमैला व्यवस्थापन | ०८०/८१-०८३/८४ | ४०० | |

## अनुमान तथा जोखिम पक्ष

खानेपानी तथा सरसफाईमा स्थानीय जनसमुदाय र उपभोक्ता समितिको सहयोग र सहभागिता हुने, नागरिकहरुमा खानेपानी र सरसफाई प्रति सचेतना वृद्धि हुँदै जाने, संघीय र प्रदेश सरकारको सहयोग हुने, खानेपानी र सरसफाईका लागि संघीय तथा प्रदेश सरकारको सहयोग निरन्तर हुने । उचित योजना, मुहान संरक्षणको अभाव, आयोजना निर्माणको अनुगमन तथा मुल्याङ्कन हुन नसकेको खण्डमा खानेपानी सम्बन्धी मौलिक हक तथा दिगो विकासको लक्ष्य प्राप्त नहुने जोखिम रहन्छ ।

# ५.२ सिंचाई

## पृष्ठभूमि

गाउँपालिका उच्च हिमाली क्षेत्रमा भिरालो जमीन र हिमाली माटोद्वारा निर्माण भएको हुनाले सिंचाईका लागि त्यति उपयुक्त छैन । कृषियोग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन

सिंचाईको दिगो व्यवस्थापन गर्न आवश्यक छ। यसका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन गर्न सकिने नीतिगत व्यवस्था छ। तसर्थ भूमिमा बाह्रै महिना सिंचाई सुविधा पु¥याई कृषिको उत्पादकत्व बढाउन सिंचाईको दिगो व्यवस्था गर्न आवश्यक छ।

## समस्या तथा चुनौती

खेतीयोग्य जमिनमा सिंचाई सेवा पु¥याउनु, सिंचाई सुविधा विस्तार गर्नु, परम्परागत रुपमा स्थानीय कुलोको आवश्यक मर्मत सम्भार हुन नसक्नु, सिंचाई पूर्वाधार विस्तार गर्नु, सिंचाई पूर्वाधारका लागि आवश्यक बजेट विनियोजन नहुनु, नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको विस्तार गर्नु, पानीजन्य प्रकोप नियन्त्रण गर्नु जस्ता समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| बाह्रै महिना पूर्ण सिंचाइ यूक्त गाउँपालिका |
| **लक्ष्य** |
| कृषियोग्य भूमिमा सिंचाई सुविधा उपलब्ध गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ सिंचाई नपुगेको कृषियोग्य भूमिमा सिंचाई सेवा विस्तार गर्ने। |
| ✓ बहुउद्देश्यीय आयोजनाको विकास गरी कृषियोग्य भूमिमा सिंचाई सुविधा उपलब्ध गराउने। |
| ✓ सञ्चालनमा रहेका कुलोको मर्मत सम्भार एंव व्यवस्थापनलाई सुदृढ गरी दिगो बनाउने। |

## रणनीति

१. परम्परागत सिंचाईलाई व्यवस्थापन गर्दै नयाँ सिंचाई प्रणालीको विकास गरी कृषि योग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्ने।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | सतह सिंचाईको पूर्वाधार निर्माण | सतह जमिनको सिंचाई | ०८०/८१ ०८१/८२ | १००० | |
| २ | स्थानीय कृषकहरुको क्षमता विकास | सिंचाई पूर्वाधार निर्माण | ०८०/८१-०८३/८४ | १५०० | |
| ३ | ठूला पहिरोहरु व्यवस्थापन र नदी नियन्त्रण | विपद् जोखिम न्यूनिकरण | ०८०/८१ ०८१/८२ | ५०० | |
| ४ | बायो इन्जिनियरिङ तथा नदी किनारमा वृक्षारोपण | बाढीको जोखिम न्यूनिकरण | ०८०/८१-०८३/८४ | ७०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ५ | सिंचाई सम्बन्धी नीति र ऐनहरु तर्जुमा | सिंचाई सम्बन्धी मार्गदिशा तय | ०८१/८२-०८३/८४ | २०० | |
| ६ | सिंचाई आयोजना निर्माण | सिंचाईको उचित व्यवस्था | ०८१/८२ | २००० | |

### अनुमान तथा जोखिम पक्ष

गाउँपालिकाको आन्तरिक स्रोत परिचालन हुने, सार्वजनिक, निजी साझेदारीमा योजनाहरुको कार्यान्वयन हुने, आयोजनाहरुको कार्यान्वयनमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय निकायको सक्रिय सहभागिता हुने, ठूला आयोजनाहरुको कार्यान्वयनमा दातृ निकायबाट सहयोग प्राप्त हुने । उल्लिखित कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्न नसकिएको खण्डमा पानीको प्राकृतिक स्रोतको संरक्षण नहुने, परम्परागत र आधुनिक नहरको नियमित मर्मत सम्भार नहुने, कृषियोग्य भूमि बाँझो रहने र अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## ५.३ ऊर्जा

### पृष्ठभूमि

यस गाउँपालिकाको घरायसी इन्धनमा प्रमुख रुपमा काठदाउरा, विद्युत र एल.पि.ग्याँस प्रयोग गर्ने गरेका छन् । यस गाउँपालिकाको जलस्रोत प्रयोग गरी हाल ४ ओटा ठूला जलविद्युत आयोजनाहरु संचालनमा रहेका छन् । जसमध्ये १ ओटा बाट सेवा संचालन भइ सकेको अवस्था छ भने बाँकी ३ ओटा निर्माणाधिन अवस्थामा रहेका छन् । ४ ओटा पावरहाउस बाट लगभग १० मेगावाट विद्युत उत्पादन हुने लक्ष्य राखिएको छ । यहाँ रहेका लिखु खोला, घट्टे खोला, ढाडे खोला, किञ्जा खोला, कोरेसी खोला, ओइमु खोला लगायतका खोलाहरुलाई प्रयोग गर्न सक्ने हो भने गाउँपालिकाले उर्जा मार्फत आम्दानी गर्न सक्ने सम्भावना रहेको छ ।

### समस्या तथा चुनौती

विद्युतीकरणको लागि पोल लगायत आवश्यक पूर्वाधारको स्थापना, दिगो विद्युत प्रवाहको लागि ट्रान्सफरको क्षमतामा स्तरोन्नती, विभिन्न स्थानमा अग्ला रुख, झाडी कटान गरी विद्युत प्रवाहको अवरोध हटाउन पहल, सुपथ मुल्यमा विद्युत सेवाको समन्यायिक वितरण लगायतका समस्या र चुनौतीको समाधान गर्नुपर्ने देखिन्छ ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| ऊर्जामा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका |
| **लक्ष्य** |
| गाउँपालिकावासीहरूमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने । |

## उद्देश्यहरू

- ✓ ऊर्जामा सबै गाउँपालिकाबासीको पहुँच पुऱ्याउनु
- ✓ ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु

## रणनीति

१. विद्युतीकरण नभएका स्थानहरुमा विद्युत् सेवा विस्तार गर्ने ।
२. विद्युत क्षमता वृद्धि गर्ने ।
३. विद्युत् उपयोग बढाउने ।
४. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने ।
५. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०७९/८० मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | प्रत्येक वस्तीहरुमा विद्युतका प्रशारण लाईन विस्तार | विद्युतीकरण | ०८०/८१-०८३/८४ | १५०० | |
| २ | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान | परम्परागत उर्जामा निर्भरता न्युनीकरण | ०८०/८१-०८३/८४ | ५०० | |
| ४ | आवश्यकताका आधारमा ट्रान्सफर्मर जडान | ट्रान्सफर्मर जडान | ०८०/८१ ०८२/८३ | १००० | |
| ५ | विद्युतीय उपकरण खरिदमा निश्चित मापदण्डका आधारमा छुट | विद्युतीय उपकरण प्रयोगलाई प्रोत्साहन | ०८०/८१-०८३/८४ | २४०० | |
| ६ | विद्युतीय सवारी साधन सञ्चालनमा सवारी कर छुटको व्यवस्था | विद्युतीय सवारी प्रयोगलाई प्रोत्साहन | ०८०/८१-०८३/८४ | २५०० | |
| ७ | विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्न अनुगमनको व्यवस्था | विद्युत चोरी तथा चुहावट नियन्त्रण | ०८२/८३-०८३/८४ | ३०० | |
| ८ | विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत प्रसारणलाईन सुधार | अनअवरुद्ध विद्युत सेवा | ०८१/८२ ०८३/८४ | ६०० | |
| ९ | वैकल्पिक ऊर्जा उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गर्न अन्तरक्रिया | उर्जामा सार्वजनिक निजी साझेदारी | ०८१/८२ ०८१/८२ | २५० | |
| १० | सडक तथा सार्वजनिक स्थानमा सडक बत्ती जडान | सार्वजनिक स्थानमा सडक बत्तीको व्यवस्थापन | ०८०/८१-०८२/८३ | ८०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०७९/८० मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ११ | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | वैकल्पिक ऊर्जाको प्रयोग वृद्धि | ०८०/८१-०८२/८३ | ५०० | |

## जोखिम पक्ष तथा अनुमान

विद्युत प्रसारणको लागि जग्गा प्राप्ति, सहज साइट क्लिरेन्स, विद्युतीय सवारी साधन र सामाग्रीको प्रयोगमा वृद्धि, निजी क्षेत्रको संलग्नतामा वैकल्पिक उर्जाको विकास र विस्तार, विद्युत चोरी नियन्त्रण, सार्वजनिक स्थलमा सौर्य उर्जाको प्रयोग गरी विद्युतीकरण गरिएमा अपेक्षित उपलब्धि हासिल हुन्छ। उल्लिखित क्रियाकलाप सञ्चालन गर्न नसकिएमा उद्देश्य हासिल नहुने जोखिम रहन्छ ।

# ५.४ सडक, पुल तथा यातायात

## पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ । सडक, पुल पुलेसा तथा यातायातको स्थानीय, सामाजिक, आर्थिक र भौतिक विकासमा महतवपूर्ण भूमिका हुने गर्दछ । गाउँपालिकाको आवधिक योजना २०८० मा प्राप्त तथ्याङ्क अनुसार यस गाउँपालिकामा १७४.३४ कि.मि. सडक रहेको भएता पनि हाल सम्म कुनैपनि सडक कालोपत्रे हुन सकेको छैन । यहाँका मुख्य सडकहरुमा २५ कि.मि लम्बाइरहेको किन्जा लाम्जुरा सडक, २५ कि.मि लम्बाइ भएको सोती खोला-चौलाखर्क-गुम्बा-लाममाने सडक, तथा ३० कि.मि लम्बाइ भएको किन्जा खोला- डुडा-चौलाखर्क-गोली हुँदै मैली मादलु सम्म पुग्ने सडक खण्डहरु हुन ।

## समस्या तथा चुनौती

सबै बस्ती तथा वडामा सडक सञ्जाल नजोडिनु, स्थानीय नागरिकहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनु, सडक निर्माणका लागि लगानी जुटाउनु, विद्यमान सडक पूर्वाधार कमजोर हुँदा नियमित यातायात सेवा सञ्चालन हुन नसक्नु, सडक निर्माणका लागि लगानी जुटाउनु, सडक दुर्घटना न्यूनीकरण गरी सुरक्षित यातायात सञ्चालन गर्नु, मुख्य बस्ती, बजार र धार्मिक/पर्यटकिय क्षेत्रहरु सम्म स्थानीय सडकको पहुँच नहुनु जस्ता समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता |
| **लक्ष्य** |
| सडक तथा यातायातको पूर्वाधार गाउँपालिकाको समृद्धिको आधार । |

**उद्देश्यहरू**

- ✓ सडक पूर्वाधारको विकास र विस्तार, मर्मत सम्भार गरी सहज सवारी आवागमन सुनिश्चित गर्नु ।
- ✓ गाउँपालिकाका सेवा केन्द्र, बजार केन्द्र र बस्तीहरुमा सडक तथा यातायातको पहुँच विस्तार गर्नु ।

## रणनीति

१. सडक तथा यातायातको पहुँचमा सुधार गर्ने ।
२. सडक सञ्जाल सुधार गर्ने ।
३. सडक तथा यातायात प्रणालीलाई व्यवस्थित गर्ने ।
४. सडक सुरक्षाका लागि आधुनिक प्रविधिको उपयोग र यान्त्रीकरणमा जोड दिने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकामा यातायात गुरु योजना तयार | सडक निर्माण तथा संचालन | ०८२/८३ ०८२/८३ | १५०० | |
| २ | यातायात गुरु योजनाले तयार गरेको कार्ययोजना लागू | सडकको स्तरोन्नती | ०८२/८३- ०८३/८४ | २०० | |
| ३ | गाउँपालिकाको केन्द्रदेखि प्रत्येक वडासम्म जोड्ने सडकहरुको स्तरोन्नती | सडक सञ्जाल विस्तार | ०८०/८१ ०८३/८४ | ५०० | |
| ४ | गाउँपालिकाको रणनैतिक सडकहरुलाई बाह्रै महिना सञ्चालन हुने गरी तयार | रणनीतिक सडक निर्माणलाई प्राथमिकता | ०८०/८१- ०८३/८४ | १५०० | |
| ५ | रणनैतिक सडक, पक्की सडक तथा झोलुङ्गे पुलहरुको आवश्यक मर्मत सम्भार | सबै वडा तथा बस्तीमा यातायातको पहूँच | ०८०/८१ ०८३/८४ | २००० | |
| ६ | सडक तथा यातायात सम्बन्धी मापदण्ड तयार | गुणस्तरीय सडक पूर्वाधार निर्माण | ०८३/८४ ०८३/८४ | १००० | |

## जोखिम पक्ष तथा अनुमान

सामुदायिक संघ संस्था र नागरिक समाजको सहयोग हुने, अन्तर सरकार समन्वय हुने, सडक तथा यातायात मापदण्ड अनुसार गुणस्तर निर्माण हुने । स्थानीयबासीको आवश्यकताका आधारमा रुटको निर्धारण, यातायात सञ्चालन तथा प्रभावकारी अनुगमन हुन नसकेको खण्डमा यातायात क्षेत्रमा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहन्छ ।

## ५.५ आवास, भवन, बस्ती तथा सार्वजनिक निर्माण

### पृष्ठभूमी

मानव जीवनको आधारभूत आवश्यकताहरु मध्ये आवास पनि एक हो । नेपालको संविधानले सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यहाँ आफ्नै स्वामित्वको घरमा बसोबास गर्ने घरधुरी ११९८ अर्थात ९५.८ प्रतिशत रहेका छन् । यसै गरी भाडामा बसोबास गर्नेको संख्या ३३ अर्थात २.६ प्रतिशत रहेको छ भने संस्थागत वा अन्य मा बसोबास गर्नेको संख्या १.६ प्रतिशत रहेको छ । गाउँपालिकामा साना ठूला गरी १५० भन्दा बढी बस्ती क्षेत्रहरु रहेका छन । वसोवासको हिसाबले अध्ययन गर्दा सबैभन्दा बढी मानव बस्ती भएका वडा वडा ५ हो भने कम मानव बस्ती भएको वडा वडा नं. १ रहेको छ ।

### समस्या तथा चुनौती

व्यवस्थित आवास र बस्ती विकास गर्न नसक्नु, छरिएर रहेका बस्तीहरुमा सेवा सुविधा विस्तार गर्नु, आवास तथा बस्ती विकासका लागि उच्च लागतको व्यवस्थापन गर्नु, निम्न आय भएका घरपरिवारका लागि योजनाबद्ध जनता आवास कार्यक्रम सञ्चालन गर्नु, भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्वयन गर्नु, पूर्वाधार सेवा विस्तार गर्नु, निर्माण सामग्रीहरु बाहिरबाट आयात गर्नु, भवन निर्माण सम्बन्धी मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जानु, असुरक्षित तथा जोखिमयुक्त स्थानमा बस्तीहरु हुनु, व्यवस्थित आवास र बस्ती विकासमा जग्गा प्राप्त गर्न जटिल हुनु, बसोबास योग्य क्षेत्रको कमी हुनु जस्ता समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधासम्पन्न आवासको प्रत्याभूती |
| **लक्ष्य** |
| व्यवस्थित र सुरक्षित आवास तथा बस्ती विकास गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु ।<br>✓ सुरक्षित आवास तथा भवनहरु निर्माण तथा स्तरोन्नती गर्नु । |

### रणनीति

१. भौगोलिक रुपमा विकट तथा विपद्को उच्च जोखिममा रहेका बस्तीलाई निरुत्साहित गर्ने ।
२. वातावरणीय हिसाबले सन्तुलित, आर्थिक हिसाबले सम्भव र प्राविधिक हिसाबले सुरक्षित तथा व्यवस्थित एकिकृत बस्तीहरुको विकास गर्ने ।
३. स्थानीय जनसमुदायलाई भू-कम्प प्रतिरोधी आवास निर्माणमा प्रेरित गर्ने ।
४. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा)) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १. | आवास, बस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्ड तर्जुमा | व्यवस्थित आवास र बस्ती विकास | ०८०/८१ ०८०/८१ | १५०० | |
| २. | भू-उपयोग योजना अनुसार आवास तथा बस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन | सुरक्षित तथा व्यवस्थित एकिकृत बस्ती विकास | ०८०/८१ ०८०/८१ | ३०० | |
| ३. | आवास तथा बस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन | सुरक्षित भवन निर्माण | ०८१/८२ ०८०/८१ | ८०० | |
| ४. | सुरक्षित र व्यवस्थित बस्ती विकासका लागि योग्य र अयोग्य भूमिको पहिचान | जोखिमयुक्त क्षेत्रको नक्साङ्कन | ०८२/८३- ०८३/८४ | ६०० | |
| ५. | न्यून आय हुने वर्गका लागि सुलभ आवासको व्यवस्था गर्न निजी क्षेत्रसँग सहकार्य | आवास को व्यवस्था | ०८०/८१- ०८३/८४ | ७००० | |
| ६. | जोखिममा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण | लक्षित वर्ग आवास निर्माण | ०८२/८३ ०८२/८३ | ५०२२ | |
| ७. | सार्वजनिक जग्गा र नदि किनार लगायतका क्षेत्र अतिक्रमण गरी गरिने बस्ती विकास लगायतका कार्यक्रमहरु निरुत्साहित | एकीकृत तथा दिगो आवास निर्माण | ०८२/८३ ०८२/८३ | ५०० | |
| ८. | भवन निर्माणमा सहभागी ठेकेदार तथा श्रमिकलाई तालिमको व्यवस्था | सुरक्षित आवास निर्माण | ०८१/८२ ०८२/८३ | ५०० | |
| ९. | भवनहरु निर्माण गर्दा परम्परागत वास्तुकला र शैलीलाई बढावा | परम्परागत वास्तुकला र शैलीको जर्गेना | ०८०/८१- ०८३/८४ | १५०० | |
| १०. | जनतासँग आवास कार्यक्रम | सार्वजनिक सेवा प्रवाहमा सहजता | ०८१/८२ ०८२/८३ | १९०० | |

## अनुमान तथा जोखिम पक्ष

पालिकाले निर्माण तथा योजना मापदण्डको सफल कार्यान्वयन गर्ने, अव्यवस्थित, असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेका घरपरिवारलाई व्यवस्थित, सुविधा सम्पन्न, वातावरण मैत्री तथा सुरक्षित आवास सुनिश्चित गर्नका लागि दीर्घकालीन योजना निर्माण गर्न नसकिएको खण्डमा संविधान प्रदत्त सुरक्षित आवासको हक तथा दिगो विकास लक्ष्य कार्यान्वयन कार्य जोखिममा पर्ने सम्भावना रहन्छ ।

## ५.६ सूचना, सञ्चार तथा प्रविधि

### पृष्ठभूमी

नेपालको संविधानले सूचना तथा सञ्चारसम्बन्धी हकलाई मौलिक हकको रुपमा व्याख्या गरेको छ। लिखु पिके गाउँपालिकामा रहेका कुल घरधुरी संख्यामध्ये ९८५ अर्थात ७८.७ प्रतिशत घरधुरीमा साधारण मोबाइल फोनको सुविधा रहेको छ। यसै गरी ८३५ अर्थात ६६.८ प्रतिशत घरधुरीमा रेडियोको सुविधा, ४९९ अर्थात ३९.९ प्रतिशत घरधुरीहरुमा टेलिभिजनको सुविधा,४७७ अर्थात ३८.२ प्रतिशत परिवारमा स्मार्ट फोनको सुविधा रहेको छ। यहाँ ०.६ प्रतिशत परिवारले कम्प्युटर प्रयोग गर्ने गरेको पाइन्छ। यस तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने अधिकांश परिवारमा मोबाइल फोन सुविधा पुगेको र स्थानीय नागरिकहरु पनि आधुनिक प्रविधिको पहुँचमा रहेको देखिन्छ।

### समस्या तथा चुनौती

गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्नु, सञ्चारका विभिन्न माध्यमको समयसापेक्ष विस्तार, टेलिफोन नेटवर्कको समस्याका कारण अत्यावश्यक समयमा सूचना आदान प्रदान गर्न समस्या हुनु, गाउँपालिका कार्यालय र वडा कार्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाउनु, सामाजिक सञ्जालको बढ्दो प्रयोगबाट हुने विकृतिहरुको निराकरण गर्नु, सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा गर्नु, आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव हुनु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून उपयोग हुनु, आवश्यक कानुन र नीतिगत व्यवस्थाको अभाव हुनु जस्ता समस्या तथा चुनौती यस गाउँपालिकामा समेत विद्यमान रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| सूचना तथा सञ्चार प्रविधिमा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका |
| **लक्ष्य** |
| सूचना तथा सञ्चार प्रविधिमा सबै नागरिकको पहूँच बृद्धि गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ मोबाईल, टेलिफोन र इन्टरनेट सेवाको पहूँच सबै नागरिकमा सुनिश्चित गर्नु।<br>✓ आम सञ्चार माध्यमलाई निष्पक्ष, विश्वसनीय र व्यवसायिक बनाउनु। |

### रणनीति

१. सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने।
२. गाउँपालिकामा आमसञ्चारको पहुँच विस्तार गर्ने।
३. सञ्चार माध्यमको अनुगमन तथा नियमन गर्ने।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको विद्युतीय सु-शासन क्षमता विकास | विद्युत सेवा प्रवाह | ०८०/८१ ०८२/८३ | ६०० | |
| २ | इन्टरनेट सेवा नपुगेका वडा, टोल र बस्तीहरुमा सेवा पुऱ्याउन सेवा प्रदायक संस्थाहरुलाई सहजीकरण | दुरसञ्चार पूर्वाधार निर्माण | ०८२/८३-०८३/८४ | १८०० | |
| ३ | सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास | निष्पक्ष सूचना प्रवाह | ०८०/८१-०८३/८४ | ५३५ | |
| ४ | सामुदायिक एफ.एम. को स्थापना | स्थानीय सञ्चार माध्यमलाई सहजीकरण र नियमन | ०८१/८२ ०८२/८३ | १५०० | |
| ५ | स्थानीय पत्रपत्रिकाहरु प्रकाशन गर्न प्रोत्साहन | सूचनामा सहज पहूँच | ०८०/८१ ०८२/८३ | ७०० | |

## जोखिम पक्ष तथा अनुमान

सूचना तथा सञ्चारका क्षेत्रमा भित्रिएका नवीनतम प्रविधिको प्रयोग गर्न सार्वजनिक र निजी सेवा प्रदायकबिच सहकार्य हुने, लक्षित वर्गमा सञ्चार सेवाको पहुँच विस्तार हुने, गाउँपालिकाको वेभसाइट निरन्तर अद्यावधिक गरी सार्वजनिक सूचनामा पहूँच बढाउने, सञ्चारका माध्यमबाट प्रकाशन र प्रशारण हुने सामग्रीको गुणस्तरीय विकासका लागि क्षमता अभिवृद्धि गर्ने, केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध हुने, सूचना तथा सञ्चार क्षेत्रमा निजी क्षेत्रको सहभागीता जस्ता कार्य गरिएमा अपेक्षित उपलब्धि हासिल हुने सम्भावना रहन्छ । आयोजना/कार्यक्रमलाई प्राथमिकिकरण तथा स्रोत साधनको उचित विनियोजन गर्न नसकिएको खण्डमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष २०८१/०८२ | अन्तिम वर्ष २०८२/०८३ | अन्तिम वर्ष २०८३/०८४ |
|---|---|---|---|---|---|---|---|
| १. | **खानेपानी तथा सरसफाई** | | | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) (प.दि.वि.ल. ६.१.१.१) | प्रतिशत | ९८.७२ | ९९.६५ | | |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या (प.दि.वि.ल. ६.१.१.२) | प्रतिशत | २६.३० | ३०.४५ | | |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ७२.४२ | ७५.३५ | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | असर | उन्नत सुधारिएका सरसफाई सम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरु अरुसँग साझेदारी गर्नुपर्दैन (प.दि.वि.ल. ६.२.१.१) | प्रतिशत | | | | |
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प.दि.वि.ल. ६.२.१.२) | प्रतिशत | ३.३६ | ५.५६ | | |
| | असर | ढल प्रणालीहरु/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार(प.दि.वि.ल. ६.२.१.३) | प्रतिशत | ९२.४१ | ९५.४६ | | |
| | प्रतिफल | उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका खानेपानी आयोजना | संख्या | | | | |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | | | | |
| | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९५.६० | ९८.६५ | | |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | | | | |
| | प्रतिफल | सामुदायिक हिसाबले संगठित रुपमा नियमित गाउँघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | | | | |
| २. | **सिंचाइ** | | | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | | | | |
| | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | | | | |
| | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर) | हेक्टर | | | | |
| ३. | **विद्युत तथा उर्जा** | | | | | | |
| | असर | विद्युतमा पहुँच भएका जनसंख्या(प.दि.वि.ल. ७.१.१) | प्रतिशत | ९८.०८ | ९९.९५ | | |
| | असर | वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.७६ | ४.५ | | |
| | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.१) | प्रतिशत | ९७.८ | ९० | | |
| | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार (प.दि.वि.ल. ७.१.२.२) | प्रतिशत | २ | ५ | | |
| | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | | | |
| | | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.२४ | ३ | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | असर | विद्युतीय सामग्रीमा हिटर, पंखा, एयर कन्डिसनर, वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.२ | २.५ | | |
| ४. | **सडक तथा यातायात** | | | | | | |
| | असर | बाह्रै महिना सवारीसाधन सञ्चालनयोग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने घरपरिवार | प्रतिशत | | | | |
| | असर | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | | | | |
| | असर | सडक घनत्व | कि.मि. | | | | |
| | प्रतिफल | गाउँपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | | | | |
| | प्रतिफल | गाउँपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | | | | |
| | प्रतिफल | गाउँपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि | | | | |
| | प्रतिफल | कृषि सडकको लम्बाई | कि.मि | | | | |
| | प्रतिफल | सडकहरुमा व्यवस्थित नाला निर्माण | कि.मि | | | | |
| | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | | | | |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या | प्रतिशत | ५.९२ | ८.७५ | | |
| | असर | आफ्नै निजी सवारी साधनमध्ये कार, जिप, भ्यान भएको घरधुरी संख्या | प्रतिशत | ०.०८ | १.५ | | |
| ५. | **आवास, भवन तथा वस्ती विकास** | | | | | | |
| | असर | झुपडीमा बस्ने परिवार | प्रतिशत | ०.२ | ० | | |
| | असर | खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | ०.३ | ० | | |
| | असर | बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुविधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | १.३ | ५.५ | | |
| | असर | भूमिहीन तथा सुकुम्बासीको संख्या | प्रतिशत | | | | |
| | असर | एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार | प्रतिशत | | | | |
| ६. | **सूचना तथा सञ्चार** | | | | | | |
| | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार | प्रतिशत | ७८.७४ | ८२.८४ | | |
| | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | ०.९६ | ०.९८ | | |
| | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ६६.८३ | ७०.८५ | | |
| | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ३९.८९ | ४३.९५ | | |

# परिच्छेद - ६: वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन तथा जैविक विविधता

### पृष्ठभूमी

गाउँपालिकाको कुल क्षेत्रफल मध्ये ७६४१.८९ हेक्टर अर्थात ६१.५२ प्रतिशत क्षेत्रफलमा वन रहेको छ। यहाँ ६ वटा सामुदायिक वन एक सरकारी वन तथा स साना निजि वनहरु रहेका छन भने सामुदायिक वनले मात्र ६०० हेक्टर क्षेत्रफल ओगटेको छ। यो गाउँपालिका लिखु खोलाको किनारदेखि पिकेको चुचुरोसम्म फैलिएको हुँदा यो पालिकामा भौगोलिक विविधता रहेको पाइन्छ। जसकारण हावापानीमा विविधता हुनुका साथै जैविक विविधतामा पनि पालिका धनी रहेको छ। वडा नं. ३ को लिखु किनारी भागमा तातो हावापानी भएको हुँदा यहाँ साल लगायतका तातो हावापानीमा पाइने वनस्पति पाइन्छन्, भने पिकेको डाँडामा चिसो हावापानीमा पाईने प्रजातिका वनस्पतिहरु पाइन्छन्। पालिकामा गोब्रे सल्ला, खस्रु, उतिस, गुँरास, अगेरी, चिमाल, धुपी, लोठ सल्लो, चिलाउने, ओखर, चाँप, चेथाङ/भद्रथे, साल, बाँस लगायतका वनस्पतिहरु पाइन्छन्। चिराइतो, पाँचऔँले, जटामसी, पाखनभेद, कुड्किक, पदमचाल, सुनापाती, धुपी, वन लसुन, सतुवा, बोभ्को, गुर्जो, मझिटो, धसिङ्ग्रे, कालो मुस्ली, सेतो मुस्ली, यार्शा गुम्बा लगायतका जडिबुटीहरु पाइन्छन्। यी जडिबुटीहरुको उत्पादन, संकलन तथा बिक्री वितरण समेत हुने गरेको छ। गाउँपालिकामा रेडपाण्डा, झारल, कस्तुरी जस्ता लोपोन्मूख वन्यजन्तु र डाँफे, मुनाल, चिलिमे, लुईचे/कालिज जस्ता लोपोन्मूख चराहरु पाइन्छन्। यहाँ रहेका जीवजन्तु तथा वनस्पतीले पालिकामा रहेको जैविक विविधतालाई धनी बनाएका छन्।

### समस्या तथा चुनौती

वन पैदावारको चोरी निकासी हुनु, वन्यजन्तुको अवैध शिकार हुनु, विकास र वातावरण बिच सन्तुलन कायम गर्नु, खाली एवं बाझो जमिनमा वृक्षारोपण गर्नु, दाउरा, घर निर्माण र फर्निचरका लागि वन फडानी रोक्नु, वनको दिगो व्यवस्थापन हुन नसक्नु, वन पैदावर, वन्यजन्तु र जैविक विविधता संरक्षणको कार्ययोजना नहुनु, पानीका स्रोत र मुहानहरुको संरक्षण नहुनु, डढेलो नियन्त्रण र जथाभावी वन फडानी नियन्त्रण गर्नु जस्ता समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| जल, जमीन, जंगल र जडिबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत दिगो समृद्धि हासिल गर्ने |
| **लक्ष्य** |
| गाउँपालिकालाई वातावरण सन्तुलित हरित क्षेत्रको रुपमा विकास गर्ने। |
| **उद्देश्यहरू** |
| ✓ वन क्षेत्रको दिगो व्यवस्थापन गरी गाउँपालिकाको आर्थिक समृद्धिको आधार बनाउनु। |
| ✓ वनको दिगो विकास सुनिश्चित गर्नु। |
| ✓ जथाभावी वन फडानी र डढेलो नियन्त्रण गर्नु। |
| ✓ वन व्यवस्थापन मार्फत जैविक विविधताको संरक्षण गर्नु। |
| ✓ जैविक विविधताको एकिकृत व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन कायम गर्नु। |

## रणनीति

१. सामुदायिक वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समाजका विपन्न वर्गलाई लाभान्वित गर्ने ।
२. वन तथा जलस्रोतको वैज्ञानिक व्यवस्थापनका लागि नीति तर्जुमा गर्ने ।
३. वातावरणीय विनाश र चोरी शिकार नियन्त्रण गर्ने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | वनको वैज्ञानिक व्यवस्थापन | वनको सम्भाव्यता अध्ययन | ०८०/८१ ०८२/८३ | ५०० | |
| २ | एकिकृत जलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापन | वातावरणीय सन्तुलन कायम | ०८०/८१- ०८३/८४ | ४०० | |
| ३ | सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन | जैविक विविधताको संरक्षण | ०८०/८१ ०८२/८३ | ५०० | |
| ४ | कृषि वन जस्ता बैकल्पिक जीवन यापनका उपायहरुको प्रवर्द्धन | वन तथा भू-संरक्षणका लागि आवश्यक कानूनको निर्माण | ०८०/८१ ०८०/८१ | ३०० | |
| ५ | लोपोन्मूख वनस्पति तथा जीवजन्तुको संरक्षण | हरित क्षेत्र विस्तार | ०८०/८१- ०८३/८४ | ५०० | |
| ६ | रैथाने वनस्पति, जडिबुटी, सुगन्धित फुलको संरक्षण तथा विस्तार | दिगो समृद्धि हासिल | ०८२/८३ ०८३/८४ | ११०० | |
| ७ | वन क्षेत्रको विकास | विभिन्न प्रजातिका बोटविरुवाको संरक्षण | ०८०/८१ ०८२/८३ | ८०० | |
| ८ | सामदायिक वनको उचित व्यवस्थापन | हरित क्षेत्र पहिचान | ०८०/८१- ०८३/८४ | ४०० | |

## जोखिम पक्ष तथा अनुमान

केन्द्र सरकार, प्रदेश सरकार र दातृ निकायद्वारा निरन्तर बजेट उपलब्ध गराउने, वन तथा जैविक विविधतामा स्थानीय समुदायको सक्रिय संलग्नता हुने, सामुदायिक वनहरुको संरक्षण हुने, निजी वन प्रवर्द्धनलाई प्रोत्साहन, हरित क्षेत्र विस्तारका लागि बोटबिरुवाका बेर्ना वितरण जस्ता कार्य गर्न सकिएको खण्डमा वन तथा भूसंरक्षण गर्न सकिन्छ । पर्यावरणीय सन्तुलनलाई ख्याल नगरी विकास निर्माणका कार्य गरिएमा भने प्राकृतिक सन्तुलन बिग्रन गई प्राकृतिक विपद् आउने जोखिम रहन्छ ।

## ६.२ जलाधार व्यवस्थापन

### पृष्ठभूमी

नेपाल जलस्रोतको धनी राष्ट्रका रुपमा संसारमा परिचित छ । यस गाउँपालिका पनि जलस्रोत तथा जलाधार क्षेत्रमा सम्पन्न छ । गाउँपालिकामा हिमाल तथा मुल फुटेर बग्दै गरेका खोलाहरू र तालहरू जस्तैः लिखु खोला, घट्टे खोला, ढाडे खोला, किञ्जा खोला, कोरेसी खोला, ओइमु खोला लगायतका खोलाहरु महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका छन् ।

### समस्या तथा चुनौती

भू-क्षय तथा पहिरोको उच्च जोखिम हुनु, जलाधार क्षेत्र संरक्षण, वैज्ञानिक जलाधार व्यवस्थापन गर्नु, विपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु, जलवायु परिवर्तका कारण विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित तथा व्यवस्थित गर्न नसक्नु, वर्षातको समयमा हुने पहिरो तथा भू-क्षय नियन्त्रण गर्न पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरणको व्यवस्था गर्नु, मानवीय चेतना वृद्धि लगायतका कार्यमा दीर्घकालीन सोच र लगानी लगायतका समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाको जल सम्पदालाई उच्चतम सदुपयोग गरी दिगो विकास हासिल गर्ने |
| **लक्ष्य** |
| पहिरो तथा भू-क्षयबाट हुने मानविय तथा अन्य क्षतिको न्यूनिकरण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ गाउँपालिकामा रहेको जोखिम क्षेत्र पहिचान गरी सुरक्षित बस्ती विकास गर्नु ।<br>✓ पहिरो तथा भू-क्षयबाट हुने क्षतिको न्यूनिकरण गर्नु ।<br>✓ गाउँपालिकाको जलाधार क्षेत्र व्यवस्थापन गर्नु । |

### रणनीति

१. पहिरो तथा भू-क्षयको रोकथाम गर्ने ।
२. पहिरो तथा भू-क्षय न्यूनीकरणका लागि कोष गठन गर्ने ।
३. स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालबाट जोखिमको पूर्व-सूचना प्रचार प्रसार गर्ने ।
४. विपद्बाट हुने मानवीय र भौतिक क्षतिको न्यूनीकरण गरिने ।
५. पहिरो तथा भू-क्षय न्यूनीकरणका लागि निजी र अन्तर सरकारी समन्वय र सहकार्य गरिने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | पहिरो तथा भू-क्षयका सम्भावित स्थानहरुको पहिचान | सम्भावित जोखिम न्यूनीकरण | ०८१/८२ ०८३/८४ | ५०० | |
| २ | पहिरो तथा भू-क्षय नियन्त्रणका लागि स्थानीय प्रविधिको प्रयोगलाई प्रोत्साहन | स्थानीय/मौलिक/परम्परागत प्रविधिको उपयोग | ०८०/८१ ०८३/८४ | ५०० | |
| ३ | जोखिमयुक्त स्थानहरुको पहिचान गरी स्थायी तटबन्ध निर्माण | विपद् जोखिम न्यूनिकरण | ०८२/८३ ०८३/८४ | १५०० | |
| ४ | जोखिमयुक्त स्थानहरुमा वृक्षारोपण | जलाधार क्षेत्रको दीर्घकालीन व्यवस्थापन | ०८०/८१- ०८३/८४ | २१०० | |
| ५ | क्षतिपूर्ति सम्बन्धी कार्यविधि तर्जुमा | कानून निर्माण | ०८१/८२ ०८१/८२ | १५० | |
| ६ | जोखिमयूक्त स्थानहरुमा विपद पूर्व सूचना प्रणाली जडान | मानविय तथा अन्य क्षतिको न्यूनिकरण | ०८०/८१- ०८३/८४ | २०० | |
| ७ | स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालबाट जोखिमको पूर्व सूचना प्रचार प्रसार | बहुसरोकारवाला निकाय र व्यक्तिलाई सचेत | ०८१/८२ ०८१/८२ | ५०० | |
| ८ | गाउँपालिकामा जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष गठन | सुरक्षित बस्ती विकास | ०८०/८१ ०८१/८२ | १५० | |
| ९ | पहिरो तथा भू-क्षय न्यूनीकरणका लागि निजी र अन्तर सरकारी समन्वय | साझेदारी/सहकार्य | ०८२/८३ ०८२/८३ | ५०० | |
| १० | सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | जनचेतना अभिवृद्धि | ०८०/८१- ०८३/८४ | २१०० | |

## जोखिम पक्ष तथा अनुमान

भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा गाउँपालिका क्रियाशिल हुने, वन तथा जैविक विविधतामा स्थानीय समुदायको सक्रिय संलग्नता हुने, केन्द्र सरकार, प्रदेश सरकार, दातृ निकायले निरन्तर बजेट उपलब्ध गराउने, जलाधार क्षेत्रको नक्सांकन र संरक्षण, खाली तथा प्रयोगहीन जमिनमा वृक्षारोपण, जलाधार क्षेत्रको संरक्षण र बहुउपयोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकेको खण्डमा जलाधार क्षेत्रको संरक्षण हुन जान्छ । जलाधार क्षेत्रको अतिक्रमण, अव्यवस्थित फोहोरमैला र सचेतनाको अभावमा जलाधार क्षेत्र विनाश हुँदै जाने जोखिम रहन्छ ।

## ६.३ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन

### पृष्ठभूमी

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा वर्षेनी प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । यस गाउँपालिकामा पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यहाँ विशेषगरी पहिरो, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन् । यस्ता प्रकोपहरु सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागु गर्नु आवश्यक हुन्छ ।

### समस्या तथा चुनौती

जलवायु परिवर्तनजन्य प्राकृतिक प्रकोपको न्यूनीकरण गर्नु, विपद् व्यवस्थापनका तथा न्यूनीकरणका लागि यन्त्र उपकरणको अभाव हुनु, विभिन्न प्रकारका महामारी तथा स्वास्थ्य प्रकोपहरुको नियन्त्रण गर्नु, लोपोन्मुख प्राणी तथा जैविक विविधता नाश हुनु, आर्थिक अभाव र गरीबी, विपद् तथा महामारी सम्बन्धी सचेतनाको कमी, खडेरीका कारण कृषि उत्पादनमा कमी लगायतका समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| विपद् व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण |
| **लक्ष्य** |
| जोखिम तथा विपद्बाट हुने क्षतिको न्यूनीकरण गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ विपद् तथा महामारीबाट हुने मानवीय, भौतिक, आर्थिक, समाजिक, साँस्कृतिक र पर्यावरणीय क्षति न्युनीकरण गर्नु ।<br>✓ जलवायुका कारण हुने विपद्को असर न्यूनीकरण गर्नु ।<br>✓ मानवीय तथा प्राकृतिक प्रकोपबाट उत्पन्न वातावरणीय जोखिम रोकथाम गर्नु ।<br>✓ विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।<br>✓ पहिरो र कटान ग्रस्त क्षेत्रको संरक्षण गर्नु । |

### रणनीति

१. प्राकृतिक तथा अ-प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने ।

२. विपद्बाट हुने भौतिक तथा मानवीय क्षति न्यूनिकरण गर्ने ।

३. जलवायुजन्य घटनाहरुको पहिचान गरी मानव जीवनको रक्षा गर्ने ।

४. मौसम पूर्वानुमान प्रणालीलाई सुदृढीकरण गर्दै विपद् न्यूनीकरण गर्ने ।

५. विपद् जोखिम क्षेत्रको नक्सांकन गर्ने ।

## कार्यक्रमको विस्तृत विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन तथा महामारी जोखिम न्यूनीकरण सम्बन्धी नीति, कानून र योजना तर्जुमा | विपद् जोखिम न्यूनीकरण | ०८१/८२ ०८१/८२ | ४०० | |
| २ | विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा | विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी | ०८१/८२ ०८१/८२ | २०० | |
| ३ | अन्तर सरकार तथा अन्तर निकायहरु बिच समन्वय | समयमा सूचना सम्प्रेषण हुने | ०८१/८२ ०८२/८३ | २०० | |
| ४ | विपद् व्यवस्थापन तथा महामारी जोखिम न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | सचेतना अभिवृद्धि | ०८०/८१-०८३/८४ | ५९० | |
| ५ | विपद् तथा महामारी प्रतिरोधी संरचनाहरु निर्माण | सुरक्षाको प्रत्याभूति | ०८०/८१ ०८२/८३ | ३०० | |
| ६ | विपद् जोखिमको क्षेत्र पहिचान | नक्साङ्कनको आधारमा सुरक्षित बस्तीको विकास | ०८०/८१ ०८१/८२ | १३० | |
| ७ | जोखिमयूक्त बस्तीहरुको स्थानान्तरण | खुल्ला स्थानको व्यवस्था | ०८१/८२ ०८३/८४ | ३५०० | |
| ८ | भवन संहिता लागू | भवन निर्माण | ०८२/८३ ०८२/८३ | ५०० | |
| ९ | विपद् प्रतिरोधी संरचनाहरु निर्माण सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन | सुरक्षित भवन निर्माण | ०८०/८१ ०८३/८४ | ५१५० | |
| १० | जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणका लागि स्थायी कोषको व्यवस्था | समन्वयात्मक र सहकार्यात्मक विपद् व्यवस्थापन | ०८०/८१ ०८१/८२ | २०० | |
| १३ | जलवायु परिवर्तनले मानव जीवनमा पारेको प्रभाव सम्बन्धी सचेतनामूलक कार्यकम सञ्चालन | विपद् प्रतिकार्य र रोकथाम सम्बन्धी सचेतना अभिवृद्धि | ०८०/८१ ०८१/८२ | ५५० | |
| १४ | जलवायु परिवर्तनबाट फैलिन सक्ने रोगव्याधी र सोको नियन्त्रणका लागि अभिमुखिकरण एंव क्षमता विकास | विपद् प्रतिकार्य स्वयंसेवक समूह गठन | ०८०/८१-०८३/८४ | ४६० | |
| १५ | वातावरण मैत्री र जलवायु सशक्त कृषि बालीका लागि प्रदेश सरकार र सरोकारवालाहरुसँग समन्वय | वातावरणमैत्री सामाग्रीको उपलब्धता | ०८०/८१ ०८२/८३ | ८०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १६ | स्थानीय परम्परागत ज्ञानको प्रयोग गरी कृषि व्यवस्थापन अनुकुलनका कार्यक्रम सञ्चालन | कृषि सम्बन्धी सचेतना अभिवृद्धि | ०८०/८१ ०८२/८३ | १२०० | |
| १७ | खडेरी तथा अधिक वर्षा सहन सक्ने खालका बालीहरुको सम्भाव्यता अध्ययन | अनुदान वितरण | ०८१/८२ ०८१/८२ | २०० | |

### जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा वर्षेनी देखापर्ने प्राकृतिक जोखिम न्यूनीकरणका लागि जोखिमयुक्त क्षेत्रको नक्सांकन हुने, जोखिमयूक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्ने, जलवायु परिवर्तनबाट सिर्जना हुने समस्या र अनुकुलनताका उपाय अवलम्बन हुने, संक्रमण र महामारीजन्य रोगका बारेमा गाउँपालिका भौतिक र वित्तीय रुपमा सबल अवस्थामा हुने तथा तीनै तहका सरकारबाट सञ्चालित कार्यक्रमबिच समन्वयात्मक सम्बन्ध कायम गर्न सकेमा विपद्जन्य समस्या र जलवायु परिवर्तन अनुकुल बालीनाली लगाउन सकिन्छ। विपद्को पूर्व सूचना प्रणालीको स्थापना, पूर्व तयारीका कार्यक्रम, राहत, उद्धार तथा पुर्नस्थापना कोष जस्ता आधारभूत कार्यक्रम सञ्चालन गर्न नसकेको खण्डमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ।

## ६.४ वातावरण संरक्षण

### पृष्ठभूमी

हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक अवस्थालाई वातावरण भनिन्छ। वातावरण संरक्षण भनेको सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको पाटो हो। यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ। वातावरण प्रदुषणले मानिसमा विभिन्न किसिमका रोगहरु निम्त्याउँछ। नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ भनी मौलिक हकको रुपमा उल्लेख गरिएको छ। तसर्थ यस गाउँपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक छ।

### समस्या तथा चुनौती

वातावरण र विकासबीच सन्तुलन कायम गर्नु, पर्यावरणमैत्री कृषि प्रणालीको अवलम्बन, प्रदुषकले क्षति व्यहोर्ने पद्धकिो कार्यान्वयन गराउनु, सामाजिक उत्तरदायित्व अन्तर्गत गाउँपालिका क्षेत्रभित्रका उद्योग, कलकारखानालाई सामाजिक पुनःउत्थानका कार्यक्रममा उत्प्रेरित गर्नुपर्ने जस्ता समस्या र चुनौती वातावरण संरक्षणका क्षेत्रमा यस गाउँपालिकामा समेत रहेका छन्।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोच**

स्वच्छ, सफा, हराभरा हाम्रो लिखु पिके

**लक्ष्य**

गाउँपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रुपमा विकास गर्ने

**उद्देश्यहरू**

- ✓ जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रण गर्ने ।
- ✓ सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरुलाई दिगो र वातावरण मैत्री बनाउने ।

## रणनीति

१. प्रदुषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने ।
२. समुदाय वा टोलस्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने ।
३. विकास निर्माणको काम गर्दा आ.इ.इ., इ.आइ.ए. प्रकृया पूरा गर्ने ।
४. ऐतिहासिक तथा सार्वजनिक स्थलहरुको दिगो विकास र संरक्षण गर्ने ।

## कार्यक्रमको विस्तृत विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०७९/८० मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक तथा टायर, ट्यूब जलाउन निषेध अभियान | पर्यावरण संरक्षण | ०८०/८१ ०८३/८४ | ६५० | |
| २ | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण | फोहोरमैला व्यवस्थापन | ०८३/८४ ०८३/८४ | १००० | |
| ३ | वैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | परम्परागत उर्जाको प्रयोगलाई क्रमिक निरुत्साहन | ०८०/८१- ०८३/८४ | ८०० | |
| ४ | ठूला उद्योग सञ्चालन मापदण्ड तयार | कानूनको निर्माण | ०८१/८२ ०८१/८२ | २०० | |
| ५ | भूसंरक्षण योजना कार्यान्वयन | भूसंरक्षण | ०८१/८२ ०८३/८४ | ५०० | |
| ६ | एकीकृत संरक्षण योजना निर्माण | पर्यावरणीय, सामाजिक, सांस्कृतिक धरोहरको संरक्षण | ०८१/८२ ०८१/८२ | ३०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०७९/८० मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ७ | एक वडा एक हरित पार्कहरूको निर्माण | हरियाली प्रवर्द्धन | ०८१/८२-०८३/८४ | ७००० | |

## जोखिम पक्ष तथा अनुमान

भू उपयोग नीति अनुसार उद्योगको स्थापना, पर्यावरणमैत्री बालीनाली उत्पादन, भौतिक निर्माण सम्बन्धी विकासका कार्य सञ्चालन गर्दा दीर्घकालीन वातावरणीय प्रभावको अध्ययन, औद्योगिक, अस्पतालजन्य, मानवजन्य फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन तथा मृत जनावारको उचित व्यवस्थापन भएमा वातावरण संरक्षण हुनसक्छ । वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, नदीजन्य तथा खानीजन्य पदार्थको अधिक दोहन, दीर्घकालीन असरको अध्ययन नगरी सञ्चालन गरिने विकास निर्माणका कार्यले पृथ्वीबाट मानव लगायत अन्य प्राणीको पनि लोप हुने जोखिम आउन सक्छ ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १. | **वन तथा भू-संरक्षण** | | | | | | |
| | असर | वनले ओगटेको कुल क्षेत्र (प्रतिशत) (प.दि.वि.ल. १५.१.१) | प्रतिशत | ६१.५२ | | | |
| | असर | सामुदायिक वनले ओगटेको क्षेत्र (हेक्टर) (प.दि.वि.ल. १५.१.१.१) | हेक्टर | ६०० | | | |
| | प्रतिफल | बृक्षारोपण गरिएको क्षेत्र (प.दि.वि.ल. १५.२.१.२) | हेक्टर | | | | |
| | प्रतिफल | वनस्पति उद्यान | संख्या | | | | |
| | असर | दिगो व्यवस्थापन प्रणाली लागु वनको क्षेत्र | प्रतिशत | | | | |
| | असर | जडीबुटी तथा फलफूल खेतीले ओगटेको सामुदायिक वनको क्षेत्र | प्रतिशत | | | | |
| | असर | मिचाहा प्रजातिका बिरुवाहरुले ओगटेको वनको क्षेत्र (प्रतिशत) | प्रतिशत | | | | |
| | असर | संकटापन्न अवस्थामा रहेका औषधिको रुपमा प्रयोग हुने वनस्पतिहरु | प्रतिशत | | | | |
| | असर | अनुत्पादक झाडी, बुट्यान क्षेत्र मध्ये उत्पादनशील वनमा परिणत भएको क्षेत्र संख्या | संख्या | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | असर | संकटापन्न घोषणा भएका वनस्पतिको संख्या | संख्या | | | | |
| | असर | संकटापन्न घोषणा भएका वन्यजन्तुको संख्या | संख्या | | | | |
| | प्रतिफल | सामुदायिक वनभित्र निर्मित पोखरी संख्या | संख्या | | | | |
| | असर | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी भू-संरक्षण गरिएका स्थानहरूको संख्या | संख्या | | | | |
| **२.** | **जलाधार व्यवस्थापन** | | | | | | |
| | असर | ताल, सिमसार र तलाउ/पोखरीहरुको संख्या (प.दि.वि.ल. १५.१.२.२) | प्रतिशत | | | | |
| | असर | संकटासन्न तालहरु/पोखरीहरु (प.दि.वि.ल. १५.४.१.१) | प्रतिशत | | | | |
| | प्रतिफल | संरक्षित सिमसार क्षेत्र | संख्या | | | | |
| | प्रतिफल | वर्षातको पानी संकलन गर्न निर्माण गरिएका नमुना पोखरी संख्या | संख्या | | | | |
| | प्रतिफल | परम्परागत जैविक विधि अपनाई संरक्षण गरिएका पानीको मुहानहरुको संख्या | संख्या | | | | |
| | प्रतिफल | संकटमा परी पुनरुत्थान गरिएका पानीका मुहानको संख्या | संख्या | | | | |
| | प्रतिफल | वनजंगल भित्र रहेका पोखरीहरुको संख्या | संख्या | | | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका नदीहरूको संख्या | संख्या | | | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका पानीका मुहानहरुको संख्या | संख्या | | | | |
| | प्रतिफल | संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसार क्षेत्रको संख्या | संख्या | | | | |
| | असर | नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | | | | |
| **३.** | **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | | | |
| | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या ( प.दि.वि.ल. ११.५.१.१) | संख्या | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या (प.दि.वि.ल. ११.५.१.२) | संख्या | | | | |
| | असर | विपद्बाट प्रभावित घरपरिवार | प्रतिशत | | | | |
| | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको | संख्या | | | | |
| | प्रतिफल | दमकल संख्या | संख्या | | | | |
| | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | | | | |
| | प्रतिफल | विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | | | | |
| | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | | | | | |
| | प्रतिफल | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या (प.दि.वि.ल. १३.२.१) | संख्या | | | | |
| | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | | | | |
| | असर | जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या (प.दि.वि.ल. १३.३.१.१) | प्रतिशत | | | | |
| | प्रतिफल | जलवायुका असरलाई कम गर्ने कार्यमा तालिम प्राप्त व्यक्तिहरूको संख्या | संख्या | | | | |
| ४. | **वातावरण संरक्षण** | | | | | | |
| | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | | | | |
| | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरूको संख्या | संख्या | | | | |
| | प्रतिफल | सडक सौन्दर्यीकरण | कि.मि. | | | | |

# परिच्छेद-७ : संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

## ७.१ सुशासन तथा सेवा प्रवाह

### पृष्ठभूमि

वास्तविक रूपमा असल शासनको स्थापना गर्न सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ । राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन् । यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ । गाउँपालिका र मातहतका कार्यालयहरू नागरिक वडापत्रको व्यवस्था, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता सुधारात्मक कार्य भइरहेको छ ।

### समस्या तथा चुनौती

कमजोर संस्थागत पूर्वाधार, नियमित अनुगमन तथा मूल्यांकन गर्नु, पर्याप्त नीतिगत तथा कानूनी व्यवस्थाको अभाव, दक्ष जनशक्तिको व्यवस्था गर्नु, योजना तर्जुमा तथा कार्यान्वयनका लागि बजेटको अभाव, आवधिक योजना र वार्षिक योजनाबिच तादाम्यता कायम गर्नु, नतिजामूखि योजना तर्जुमा गर्नु, कमजोर अन्तर सरकार र अन्तर निकाय समन्वय, विकासमा सबै लिङ्ग, वर्ग र समुदायको समतामूलक पहूँच स्थापना गर्नु, आन्तरिक स्रोत वृद्धि गरी स्रोतको समूचित व्यवस्थापन गर्नु लगायतका समस्या तथा चुनौती यस गाउँपालिकामा समेत रहेका छन् ।

### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| लिखुपिकेको गाउँपालिकाको सरोकार, जनमुखी सरकार |
| **लक्ष्य** |
| जवाफदेही, व्यवसायिक र सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवाप्रतिको जनविश्वास अभिवृद्धि गर्ने । |
| **उद्देश्यहरू** |
| ✓ भ्रष्टाचारमूक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउनु ।<br>✓ प्रशासन सेवालाई स्थानीय संरचना अनुसार सबल, सक्षम र सुदृढ बनाई दक्ष, सेवाग्राहीमूखी र व्यवसायिक बनाउनु ।<br>✓ पालिकाको सेवा प्रवाह पारदर्शी, चुस्त र परिणाममूखी बनाउनु ।<br>✓ पालिकाका कर्मचारीको क्षमता अभिवृद्धि गर्नु ।<br>✓ स्थानीयलाई सहज र सरल तरिकाबाट सेवा सुविधा उपलब्ध गराउनु ।<br>✓ जनताप्रति उत्तरदायी र जवाफदेही शासन सञ्चालन गर्नु । |

### रणनीति

१. संस्थागत जनशक्ति विकास गर्ने ।

२. सेवा प्रवाहलाई स्थानीय नागरिक र विकास मैत्री बनाउने ।
३. जन सहगागितामा आधारित योजनाको तर्जुमा प्रणालीलाई अवलम्बन गर्ने ।
४. जन उत्तरदायी, जवाफदेही, नतिजामुखी योजना प्रक्रियाको अवलम्बन गर्ने ।
५. नियमित, प्रभावकारी, नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने ।
६. अन्तर सरकार समन्वय र सहकार्यलाई प्रभावकारी एंव व्यवस्थित बनाउने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०८०/८१ मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | जनमूखी सेवा उपलब्ध | सेवा प्रवाहको प्रभावकारीता मापन | ०८०/८१-०८३/८४ | ४५० | |
| २ | संस्थागत जनशक्ति विकास सम्बन्धी तालिम सञ्चालन | सार्वजनिक सेवामा सहज पहुँच | ०८०/८१-०८२/८३ | ५०० | |
| ३ | तथ्याङ्क संकलन, प्रशोधन, आवधिक परिमार्जन र प्रकाशन | छिटो, छरितो सेवा प्रवाह | ०८०/८१-०८२/८३ | ८०० | |
| ४ | तथ्याङ्कलाई विद्युतीय संजालीकरण | सहज, सुलभ र भरपर्दो इन्टरनेट सेवा | ०८०/८१-०८३/८४ | ५०० | |
| ५ | सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन | क्षमता विकास | ०८०/८१ ०८३/८४ | १२०० | |
| ६ | जनशक्ति विकासका लागि वार्षिक बजेटको व्यवस्था | अद्यावधिक अभिलेख व्यवस्थापन | ०८०/८१ ०८३/८४ | ५०० | |
| ७ | संघ, केन्द्र र प्रदेशबाट प्राप्त हुने संस्थागत जनशक्ति विकास सम्बन्धी तालिम प्रदान | क्षमता विकास | ०८१/८२ ०८३/८४ | १००० | |
| ८ | निजी क्षेत्र र विभिन्न संघ संस्थाहरुलाई संस्थागत जनशक्ति विकास सम्बन्धी कार्यमा प्रोत्साहन | चुस्त व्यवस्थापन | ०८१/८२ ०८३/८४ | ५०० | |
| ९ | जनशक्ति विकास सम्बन्धी नीतिगत व्यवस्था | सीपयूक्त, विषयगत र पेशागत दक्ष जनशक्ति उत्पादन | ०८०/८१-०८३/८४ | २६० | |
| १० | आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन | समृद्ध, सुरक्षित, सामाजिक न्याय र सुशासनयूक्त पालिका | ०८१/८२ ०८३/८४ | ५०० | |
| ११ | योजना तथा कार्यक्रमहरुको नियमित प्रगति समिक्षा | पालिका जनस्तरमा सुशासनको प्रत्याभूति | ०८१/८२ ०८३/८४ | ५०० | |

## जोखिम पक्ष तथका अनुमान

गाउँपालिकाले पालिकाको काममा प्रत्यक्ष राहत महशुस गर्नु, पालिका जनस्तरमा सुशासनको प्रत्याभूति हुनु, जनप्रतिनिधि तथा पालिकाका कर्मचारीहरु नागरिकप्रति पूर्णरुपमा उत्तरदायी हुनु, विकासको प्रतिफल

समावेशी र समन्यायिक तवरबाट वितरण गर्नु, लक्षित वर्गमा परिवर्तनको महसुस गराउनु, समाजमा प्रणाली, शौहार्दता र सद्भाव कायम गर्न सुशासनको महत्वपूर्ण भुमिका रहन्छ। नैतिक मूल्य मान्यताको स्खलन, भ्रष्टाचार, वित्तीय विश्रृङखलता, अपारदर्शीता, दण्डहीनता, अनुत्तरदायी व्यवहार, जनगुनासोको सम्बोधन गर्ने संयन्त्रको अभावमा सार्वजनिक प्रशासनलाई क्षयिकरण गर्ने, विकृति मौलाउने, समाजमा धनी र गरिबबिचको असमानता अझ गहिरो हुँदै जाने जोखिम रहन्छ।

## ७.२ मानव अधिकार तथा सामाजिक न्याय

### पृष्ठभूमि

मानवता, मानवहित र सामाजिक न्यायका नीम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकताबारे ज्ञान हुनुपर्दछ। आधारभूत तहमा मौलिक हकको सुनिश्चितता गर्ने जिम्मेवारी राज्यको हो। तथापी तहगत सरकार, बहुसरोकारवाला निकाय, संस्था र व्यक्तिको सहभागिता र योगदानबिना मानवअधिकार सामाजिक न्यायको स्थापना हुन सक्दैन।

### समस्या तथा चुनौती

अशिक्षा, अज्ञानता र पछौटेपन लगायतका सामाजिक कुसंस्कार, गरिबी, दण्डहिनता, राजनीतिक र नागरिक चेतनाको अभाव, न्यायमा पहुँच लगायतका विषय मानव अधिकार तथा सामाजिक न्यायको स्थापनाको क्षेत्रमा समस्या र चुनौतीका रुपमा रहेका छन्।

### दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
| --- |
| न्यायपूर्ण समाजको निर्माण |
| **लक्ष्य** |
| मानव अधिकार उल्लङ्घनका घटनाहरुमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने |
| **उद्देश्यहरू** |
| ✓ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु। |

### रणनीति

१. मानव बेचविखन तथा शोषणका दृष्टिकोणले सम्वेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र शशक्तिकरण गर्ने।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०७९/८० मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | जोखिममा रहेका समूह र व्यक्तिको पहिचान गर्ने | संरक्षणका उपाय अवलम्बन | ०७९/८० | ५० | |
| २ | सामाजिक सञ्जाल तथा स्थानीय संचार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम | मनवता विरोधी घटनाको न्युनीकरण | ०८०/८१-०८३/८४ | २६० | |
| ३ | वडास्तरीय मानव अधिकार सेल गठन | मानव अधिकारको संरक्षण | ०८०/८१ | १२० | |
| ४ | आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम | आर्थिक सशक्तिकरण | ०८१/८२ | ५०० | |
| ५ | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल अभिमुखीकरण | मनवअधिकार हननका घटना प्रति संवेदनशिलता वृद्धि | ०८२/८३ | १५० | |
| ६ | निशुल्क कानुनी परामर्श सेवा सञ्चालन | सुलभ र प्रभावकारी कानुनी सेवा | ०८१/८२ | ५०० | |

## जोखिम पक्ष तथा अनुमान

मानव अधिकारको अभावमा विकासको कुनै पनि उपलब्धिको मुल्य र महत्व रहदैन । सामाजिक वर्ग विभेद, जात व्यवस्था, लैङ्गिक असमानता, यौनिक र अल्पसंख्यक मानिसको पहिचानको अभाव, कानूनको व्यक्तिजनित व्याख्या र कार्यान्यवनले आधारभूत मानवअधिकारको उल्लघंन हुने जोखिम रहन्छ। विकास योजना निर्माण, नीति तथा कार्यक्रम तर्जुमा, लक्षित वर्ग कार्यक्रम कार्यान्वयन जस्ता आधारभूत पक्षमा सरोकारवाला पक्षको आवाज, प्रतिनिधित्व र पहिचानको सम्बोधन हुन सकेमा मात्र मानवअधिकारको संरक्षण हुन्छ ।

# ७.३ तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

## पृष्ठभूमि

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ । यसका लागि वस्तुनिष्ठ र विश्वसनीय सूचना तथा तथ्यांक प्रणालीको आवश्यकता रहन्छ। अर्कोतर्फ राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम रहन्छ। यी पक्षहरुलाई ध्यानमा राखी तथ्यांक व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थालाई सुदृढ गर्नुपर्ने भएकोले यो खण्ड तयार पारिएको छ ।

## समस्या तथा चुनौती

सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाउन भरपर्दो तथ्याङ्क प्रणालीको आवश्यकता पर्दछ । विश्वसनीय तथ्याङ्क प्रणालीको विकासको लागि चाहिने नीतिगत, संस्थागत र मानवीय प्रबन्धका लागि पर्याप्त लगानी, राजस्वको क्षेत्र पहिचान, चुस्त र प्रविधिमा आधारित लेखा र लेखापरीक्षण प्रणाली, वित्तीय सुशासन कायम यो क्षेत्रको चुनौतीको रुपमा रहेको छ ।

## दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

| दीर्घकालीन सोच |
|---|
| चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन |
| **लक्ष्य** |
| सूचना प्रविधिको महत्तम प्रयोगमार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्तर दुरुस्त राख्ने |
| **उद्देश्यहरू** |
| स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरुलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु । |

## रणनीति

१. सुदृढ अभिलेख प्रणालीको विकास गर्ने ।
२. आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने ।

## कार्यक्रमको संक्षिप्त विवरण

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०७९/८० मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क तथा सूचना इकाइ गठन | विश्वसनीय सूचना तथा तथ्याङ्कको उत्पादन | ०७९/८० ०८२/८३ | ११० | |
| २ | सूचना अभिलेखाङ्कन सफ्टवेयर खरिद | प्रविधिमा आधारित अभिलेख | ०८०/८१ | ५०० | |
| ३ | सार्वजनिक खर्चको मापदण्ड निर्माण | कानून बमोजिमको सार्वजनि खर्च | ०८०/८१ | २०० | |
| ४ | अनुगमन वार्षिक कार्ययोजना तयारी | प्रणालीबद्ध अनुगमन | ०८०/८१ | १५० | |
| ५ | करदाता शिक्षा कार्यक्रम | कर सम्बन्धी सचेतना वृद्धि | ०८१/८२ | २०० | |

| व.उ. शि.नं. | कार्यक्रम | उद्देश्य | अवधि (सुरु र समाप्ति) | आगामी ३ बर्षको कुल सपष्टिगत लागत (रु हजारमा) | आ.व. २०७९/८० मा विनियोजित बजेट |
|---|---|---|---|---|---|
| ६ | राजश्व सुधार कार्ययोजना निर्माण | राजस्व संकलनमा सुधार | ०७९/८० | २५० | |
| ७ | ठूला करदाता सम्मान | कर तिर्न प्रोत्साहन | ०८१/८२ | २०० | |
| ८ | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान | औपचारिक कारोबारलाई प्रोत्साहन | ०८०/८१-०८३/८४ | ३१० | |
| ९ | पालिकाको आयव्यय नियमित प्रकाशन प्रणाली निर्माण | पारदर्शी आर्थिक प्रणाली | ०७९/८०-०८३/८४ | ३६० | |

## जोखिम पक्ष तथा अनुमान

प्रमाणमा आधारित नीति निर्माण, आवश्यकतामा आधारित कार्यक्रम/आयोजना छनौट, लक्षित वर्गमा समन्यायिक लाभको वितरण, क्षमता विकास र सामाजिक आर्थिक शसक्तीकरणका लागि वस्तुगत र वैज्ञानिक तथ्याङ्कको आवश्यकता पर्दछ। त्यसैगरी सीमित स्रोतसाधनको कुशल विनियोजन, प्रभावकारी कार्यान्वयन र कानून बमोजिमको प्रतिवेदन प्रणालीले सार्वजनिक स्रोतको पारदर्शीता, वित्तीय अनुशासन दर्शाउछ। तसर्थ तथ्याङ्कमा आधारित योजना प्रणाली र अनुशासित विनियोजन र खर्च प्रणाली अवलम्वन गरिएमा सार्वजनिक वित्त प्रणाली स्वस्थ बन्न सक्छ । तथ्याङ्क प्रणाली र स्वस्थ सार्वजनिक वित्त व्यवस्थापन निर्माणका लागि समयमा पर्याप्त लगानी गर्न नसकिएमा कुनै पनि उत्कृष्ट योजना/आयोजना कार्यान्वयन नहुने जोखिम रहन्छ।

## नतिजा सूचकहरु

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १. | **सुशासन तथा सेवा प्रवाह** | | | | | | |
| | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | | | | |
| | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | | | | |
| | प्रतिफल | अनुगमन | संख्या | | | | |
| | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | | | | |
| | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | | | | |
| | प्रतिफल | न्यायिक समितिबाट फछ्र्यौट मुद्धा संख्या (वार्षिक) | संख्या | | | | |
| | प्रतिफल | जनगुनासो संख्या | संख्या | | | | |
| | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासा | संख्या | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/ ०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ |
| | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमुखीकरण | संख्या | | | | |
| | प्रतिफल | सूचना प्रविधिमा आबद्ध सूचना संख्या | संख्या | | | | |
| | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | | | | |
| | प्रतिफल | निजी क्षेत्र अन्तरक्रिया | संख्या | | | | |
| २. | **मानव अधिकार तथा सामाजिक न्याय** | | संख्या | | | | |
| | प्रतिफल | जोखिममा परेका व्यक्तिको संख्या | संख्या | | | | |
| | प्रतिफल | मानव अधिकार सेल संख्या | संख्या | | | | |
| | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम संख्या | संख्या | | | | |
| | प्रतिफल | न्यायिक समितिमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका | संख्या | | | | |
| | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा संख्या | संख्या | | | | |
| | प्रतिफल | निशुल्क कानूनी परामर्शबाट दर्ता भएका मुद्धा संख्या | संख्या | | | | |
| | प्रतिफल | यौन हिंसाका घटना (दर्ता संख्या) | संख्या | | | | |
| | प्रतिफल | मानव बेचविखनमा परेका संख्या | संख्या | | | | |
| ३. | **तथ्याङ्क व्यवस्थापन राजश्व परिचालन** | | | | | | |
| | प्रतिफल | तथ्याङ्क व्यवस्थापन प्रणालीमा आबद्ध सूचना प्रणाली संख्या | संख्या | | | | |
| | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | संख्या | | | | |
| | असर | कूल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा | प्रतिशत | | | | |
| | असर | कूल स्वीकृत बजेटको खर्च प्रतिशत ( वार्षिक) | प्रतिशत | | | | |
| | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | संख्या | | | | |
| | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | संख्या | | | | |